# प्रदेश सरकारको वार्षिक प्रतिवेदन,२०८१
# आर्थिक वर्ष २०८०/८१

(प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा ४१ वमोजिम)


प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

कोशी प्रदेश, विराटनगर

नेपाल



२०८१, श्रावण

# विषय-सूची


परिच्छेद-एक

**प्रारम्भिक** ५

१.१ परिचय ५

१.२ पृष्ठभूमि ५

१.३ उद्देश्य ६

१.४ विधि ६

१.५ सीमा ६

परिच्छेद-दुई

**प्रादेशिक वस्तुगत स्थिति** ७

२.१ भौगोलिक अवस्थिति र राजनीतिक विभाजन ७

२.२ ऐतिहासिक, धार्मिक र सांस्कृतिक पक्ष ७

२.३ जनसङ्ख्या ७

२.४ प्राकृतिक श्रोत तथा जैविक विविधता ८

२.५ जातजाति र भाषाभाषी ९

२.६ प्रदेश सरकारको आय र कूल गार्हस्थ्य उत्पादन ९

२.७ गरिबी र रोजगारी १०

२.८ भू-बनोट र उपयोग १०

२.९ वन क्षेत्र तथा निकुञ्ज ११

२.१० कृषि, उद्योग र सहकारी ११

२.११ पूर्वाधार ११

परिच्छेद-तीन

**शासकीय सुधार तथा सुशासन सम्बन्धमा भएका कार्यहरु** १३

३.१ शासकीय सुधार तथा सुशासन सम्बन्धमा प्रदेश सरकारको वजेट तथा नीति कार्यक्रममा भएका व्यवस्थाहरुः १३

३.२ कोशी प्रदेश सरकारको आ. व. २०८०/८१ को बजेट कार्यान्वयनको अवस्था १३

३.३ कोशी प्रदेश सरकारको मन्त्रालय तथा निकायगत वजेट र खर्चको विवरण १३

३.४ प्रदेश सरकारबाट हालसम्म तर्जुमा भएका प्रदेश कानूनहरूको विवरण १४

३.५ सुशासन कायम गर्ने सम्वन्धमा प्रदेश सरकारबाट भएका प्रयासहरुः १५

परिच्छेद-चार

**विषयगत मन्त्रालय/निकायहरुको वार्षिक प्रगति** १९

४.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय १९

४.१.१ मन्त्रालयको कार्यक्षेत्र १९

४.१.२ संक्षिप्त वित्तीय विवरण २१

४.१.३ कार्यक्रम कार्यान्वयनबाट भएका प्रमुख उपलव्धीहरु २१

४.१.४ सुशासन सम्बन्धी विविध विषयहरुः २४
४.१.५ प्रमुख समस्याहरु २७
४.२ आन्तरिक मामिला तथा कानून मन्त्रालय २७
४.२.१ मन्त्रालयको कार्यक्षेत्र २७
४.२.२ संक्षिप्त वित्तीय विवरण ३१
४.२.३ प्रमुख उपलब्धिहरूः ३२
४.२.४ सुशासन सम्बन्धी विविध विषयहरुः ३७
४.२.५ प्रमुख समस्याहरु ३९
४.२.६ विविध ३९
४.३ आर्थिक मामिला तथा योजना मन्त्रालय ३९
४.३.१ मन्त्रालयको कार्यक्षेत्र ४०
४.३.२ संक्षिप्त वित्तीय विवरण ४१
४.३.३ प्रमुख उपलब्धिहरू ४२
४.३.४ सुशासन सम्बन्धी विविध विषयहरुः ४४
४.३.५ कार्यान्वयनमा देखिएका समस्याहरु ४८
४.३.६ विविध । ४८
४.४ उद्योग, कृषि तथा सहकारी मन्त्रालय ४९
४.४.१ मन्त्रालयको कार्यक्षेत्र ४९
४.४.२ संक्षिप्त वित्तीय विवरण ५२
४.४.३ प्रमुख उपलब्धिहरू ५४
४.४.४ सुशासन सम्बन्धी विविध विषयहरुः ६२
४.४.५ प्रमुख समस्याहरु ६४
४.५ सामाजिक विकास मन्त्रालय ६५
४.५.१ मन्त्रालयको कार्यक्षेत्र ६५
४.५.२ संक्षिप्त वित्तीय विवरण ६८
४.५.३ प्रमुख उपलब्धिहरूः ६८
४.५.४ सुशासन सम्बन्धी विविध विषयहरुः ७१
४.५.५ कार्यान्वयनमा देखिएका समस्याहरु ७३
४.६ स्वास्थ्य मन्त्रालय ७३
४.६.१ मन्त्रालयको कार्यक्षेत्र ७३
४.६.२ संक्षिप्त वित्तीय विवरण ७५
४.६.३ प्रमुख उपलब्धिहरूः ७५
४.६.४ सुशासन सम्बन्धी विविध विषयहरुः ८०
४.६.५ प्रमुख समस्याहरु ८१
४.७ पर्यटन, वन तथा वातावरण मन्त्रालय ८२
४.७.१ मन्त्रालयको कार्यक्षेत्र ८२

४.७.२ संक्षिप्त वित्तीय विवरण ८४
४.७.३ प्रमुख उपलब्धिहरू ८४
४.७.४ सुशासन सम्बन्धी विविध विषयहरुः ८६
४.७.५ प्रमुख समस्याहरु ८८
४.८ भौतिक पूर्वाधार विकास मन्त्रालय ९०
४.८.१ मन्त्रालयको कार्यक्षेत्र ९०
४.८.२ संक्षिप्त वित्तीय विवरण ९१
४.८.३ प्रमुख उपलब्धिहरूः ९१
४.८.४ सुशासन सम्बन्धी विविध विषयहरुः ९३
४.८.५ प्रमुख समस्याहरु ९५
४.९ खानेपानी, सिचाई तथा उर्जा मन्त्रालय ९५
४.९.१ मन्त्रालयको कार्यक्षेत्र ९५
४.९.२ संक्षिप्त वित्तीय विवरण ९६
४.९.३ प्रमुख उपलब्धिहरूः ९९
क. खानेपानी तथा सरसफाई तर्फ ९९
४.९.४ सुशासन सम्बन्धी विविध विषयहरुः १००
४.९.५ प्रमुख समस्याहरु १०२
४.१० कोशी प्रदेश सभा सचिवालय १०२
४.१०.१ संक्षिप्त वित्तीय विवरण १०३
४.१०.२ प्रमुख उपलब्धिहरु १०३
४.१०.३ सुशासन सम्बन्धी विविध विषयहरुः १०३
४.१०.४ प्रमुख समस्याहरु १०४
४.११ प्रदेश योजना आयोग १०५
४.११.१ संक्षित वित्तीय विवरण १०५
४.११.२ प्रमुख कार्यहरु १०५
४.११.३ सुशासन सम्बन्धी विविध विषयहरुः १०५
४.११.४ प्रमुख समस्याहरु १०६
४.१२ प्रदेश लोक सेवा आयोगसः १०६

**परिच्छेद-पाँच**

निष्कर्ष १०७
**अनुसूची-१** **१०८**
प्रतिवेदनको मसौदा कार्यदलका सदस्यहरुको नामावली १०८
**अनुसूची-२** **१०९**

# परिच्छेद-एक
# प्रारम्भिक

## १.१ परिचय

देशको पूर्वी भागमा अवस्थित कोशी प्रदेशको कूल क्षेत्रफल २५,९०५ वर्ग कि. मि. रहेको छ । जनगणना २०७८ अनुसार कूल जनसंख्या ४९,७२,०२१ रहेको यस प्रदेशमा जातीय र भाषिक विविधता रहेको छ । विश्वकै सर्वोच्च सगरमाथा लगायत कञ्चनजङ्गा, मकालु, चोयु, ल्होत्से आदि हिमालहरुको अवस्थितिले मित्र राष्ट्र चीनसँग प्राकृतिक सीमाको समेत काम गरेको छ । यस प्रदेशको पूर्वतर्फ भारतको पश्चिम बङ्गाल राज्य र दक्षिणतर्फ बिहार राज्य पर्दछ । इलामको अन्तुडाँडा, कन्याम, धनकुटाको भेडेटार, सोलुखुम्बुको नाम्चे बजार, सगरमाथा आधार शिविर तथा सुनसरीको तालतलैया लगायतका स्थलहरु यस प्रदेशका महत्वपूर्ण स्थलहरु हुन ।

यस प्रदेश अन्तरगत तीन हिमाली जिल्ला सोलुखुम्बु, संखुवासभा र ताप्लेजुङका २० वटा गाउँपालिका तथा ७ वटा नगरपालिका गरी २७ वटा स्थानीय तह, तराईका तीन जिल्ला झापा, मोरङ र सुनसरीका २१ वटा गाउँपालिका तथा २३ वटा नगरपालिका गरी ४४ वटा स्थानीय तह र आठ पहाडी जिल्लाका ४७ वटा गाउँपालिका तथा १९ वटा नगरपालिका गरी ६६ वटा स्थानीय तह गरी कूल १३७ वटा स्थानीय तह रहेका छन् जसमध्ये एक महानगरपालिका, दुई उप-महानगरपालिका, ४६ नगरपालिका र बाँकी ८८ गाउँपालिकाहरु रहेका छन् । कोशी प्रदेश सभाका लागि ५६ वटा निर्वाचन क्षेत्रहरु रहेकोमा प्रत्यक्ष निर्वाचन तर्फ ५६ र समानुपातिक निर्वाचन तर्फ ३७ गरी जम्मा ९३ जना प्रदेश सभा सदस्यहरु रहने गरी प्रदेश सभा गठन हुने व्यवस्था रहेको छ । त्यसैगरी प्रदेश सभामा कूल ७ वटा विभिन्न विषयगत समितिहरु रहने व्यवस्था रहेको छ ।

## १.२ पृष्ठभूमि

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारको व्यवस्था गरेको छ । प्रदेश सभाको पहिलो निर्वाचन सम्पन्न भई २०७४ साल फागुन ३ गतेका दिन पहिलो पटक कोशी प्रदेश सरकार गठन भएको हो । नेपालको संविधानले निर्देश गरेका विकास, आर्थिक समृद्धि तथा सामाजिक रुपान्तरण सम्बन्धी अभिभारा कार्यान्वयन गर्दै यस प्रदेशको आवधिक योजनाले निर्दिष्ट गरेको स्वच्छ, सुखी र समुन्नत प्रदेशको दीर्घकालिन सोच, दिगो विकासको लक्ष्य र राष्ट्रिय लक्ष्यहरुसँग तादाम्यता कायम हुने गरी प्रदेश सरकारले आफ्नो सोच प्रस्तुत गरेको छ । सबै प्रकारका विभेद र असमानतालाइ अन्त्य गर्दै सम्पूर्ण नेपालीलाइ सार्वभौमसत्ता सम्पन्न बनाई आर्थिक समानता, समृद्धि र सामाजिक न्यायको सुनिश्चितता गर्दै समतामूलक समाजको निर्माण, लोकतान्त्रिक मूल्य मान्यतामा आधारित र समाजवाद प्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने संबैधानिक दूरदृष्टिलाई कार्यरुपमा रुपान्तरण गर्न संघ, प्रदेश र स्थानीय तहबीच उचित समन्वय एवम् सहकार्य हुन जरुरी छ ।

प्रदेशमा सुशासनको प्रत्याभूति गर्नका लागी सर्वसाधारणमा पुऱ्याउनु पर्ने सेवा छिटो, छरितो, पारदर्शी, जनमुखी, मितव्ययी तथा प्रभावकारी वनाउने उद्देश्यले ल्याइएको "प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६" को दफा ४१ (१) वमोजिम प्रदेश मन्त्रालय तथा प्रदेशस्तरका सरकारी निकायले आ .व. २०८०/८१ मा आफूले सञ्चालन गरेका कार्यक्रम, कार्यक्रम सञ्चालनबाट प्राप्त उपलव्धी, कार्यान्वयनका सम्वन्धमा देखिएका समस्या तथा सोको समाधान गर्न गरिएका प्रयासहरुलाई समेटेर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा विभिन्न मन्त्रालय र प्रदेशस्तरीय कार्यालयहरुबाट पेश भएका प्रतिवेदनलाई समावेश गरी उक्त ऐनको दफा ४१ (३) वमोजिम यो प्रतिवेदन तयार गरिएको छ ।

## १.३ उद्देश्य

<u>यस प्रतिवेदनको उद्देश्य निम्न बमोजिम रहेका छः-</u>

- प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६" को दफा ४१ (१) बमोजिम प्रदेश सरकारले आ. व. २०८०/८१ मा आफूले सञ्चालन गरेका कार्यक्रम, कार्यक्रम सञ्चालनबाट प्राप्त उपलव्धी सम्बन्धी संक्षिप्त एकीकृत विवरण तयार गर्नु ।
- प्रदेश सरकारबाट सम्पादित कार्यहरुको सम्बन्धमा सरोकारवाला निकाय तथा नागरिकलाई जानकारी उपलब्ध गराउनु ।

## १.४ विधि

यस प्रतिवेदनमा प्रयोग भएका तथ्याङ्क, सूचना तथा विवरणहरु मुलतः द्वितीय स्रोतबाट लिइएको छ । प्रदेश सरकारका विषयगत मन्त्रालय तथा निकायबाट प्राप्त प्रगति विवरण साथै प्राथमिक स्रोतको रुपमा सम्बन्धित मन्त्रालय तथा निकायका जिम्मेवार पदाधिकारीहरुसँग सघन छलफल एवम् अन्तर्क्रिया समेत गरिएका छन् ।

## १.५ सीमा

- यो अध्ययन प्रतिवेदन तयार गर्नको लागि छोटो समय सीमा रहेको थियो ।
- हाल कायम रहेका ९ वटा मन्त्रालय र निकायहरुको कार्यसम्पादनलाई आधार मानी सो मन्त्रालय तथा निकायबाट प्राप्त विवरणको आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

# परिच्छेद-दुई
# प्रादेशिक वस्तुगत स्थिति

## २.१ भौगोलिक अवस्थिति र राजनीतिक विभाजन



हिमाल, पहाड र तराई तीनै प्रकारको भौगोलिक धरातल समेटिएको यो प्रदेशमा संसारकै अग्लो हिमाल सगरमाथा (८,८४८.८६ मि.) लगायत कञ्चनजङ्घा, लोत्से, मकालु र चोयु पर्दछन् । यसैगरी नेपालकै सबैभन्दा होचो ठाउँ केचना (५८ मिटर) समेत यसै प्रदेशमा पर्दछ । कुल क्षेत्रफल २५,९०५ वर्ग किलोमिटर (मुलुकको कुल क्षेत्रफलको १७.६ प्रतिशत) रहेको यस प्रदेशको छ कुल क्षेत्रफलको १८ प्रतिशत तराईमा र ८२ प्रतिशत पहाड र हिमाली प्रदेशमा पर्छ । १४ जिल्ला समेटेको यस प्रदेशमा १ महानगरपालिका, २ उप-महानगरपालिका, ४६ नगरपालिका र ८८ गाउँपालिका गरी १३७ स्थानीय तह छन् ।

राजनैतिक दृष्टिले यो प्रदेश सचेत र परिवर्तनकारी नागरिकको उपस्थिति भएको प्रदेश हो । नेपालको लोकतान्त्रिक एवम् वामपन्थी आन्दोलनको उद्भवको रुपमा रहेको यस प्रदेशका वीर सपूतहरूले लोकतन्त्र, गणतन्त्र तथा जनताका सार्वभौम अधिकारका लागि सहादत प्राप्त गरेका छन् । २००७ साल पछि मुलुकले आधा दर्जन भन्दा बढी प्रधानमन्त्री यसै प्रदेशबाट पाएको छ । राजनैतिक परिवर्तनको नेतृत्वदायी भूमिकामा यो प्रदेश अग्रणी नै रहेको छ ।

## २.२ ऐतिहासिक, धार्मिक र सांस्कृतिक पक्ष


किराँत धर्मगुरु फाल्गुनन्द, सिरिजङ्गा, बालगुरु षडानन्द, सामाजिक अभियन्ता योगमाया, स्वामी प्रपन्नाचार्य लगायतका विद्वान् -विदुषीहरू जन्मेको यो प्रदेश ऐतिहासिक, सांस्कृतिक तथा पौराणिक दृष्टिकोणले महत्वपूर्ण छ । किराँत राजादेखि महाभारतकालीन विराट राजासम्मको राज्य रहेको यो प्रदेशमा धार्मिक शक्तिपीठहरू तथा पौराणिक महत्वका स्थलहरू पाथीभरा, हलेसी महादेव, बराहक्षेत्र, दन्तकाली, सिद्धकाली, विष्णुपादुका, किचकबध, अर्जुनधारा, पिण्डेश्वरी धाम, बौद्ध धर्मावलम्वीको प्रसिद्ध स्थल साङ्ग्रिला वा स्वर्ग भनी उल्लेख गरिएको ठाउँ खेम्पालुङ तथा तेङ्बोचे गुम्बा र किराँतकालीन इतिहास तथा संस्कृतिसँग जोडिएका धेरै स्थल पर्दछन् ।

## २.३ जनसङ्ख्या

२०७८ को जनगणना अनुसार प्रदेशको जनसङ्ख्या ४९,६१,४१२ रहेको छ जुन मुलुकको कुल जनसङ्ख्याको १७.१ प्रतिशत हो । कोशी प्रदेशको वार्षिक जनसंख्या वृद्धिदर ०.८६ प्रतिशत रहेको छ ।

प्रदेशगत रुपमा जनसंख्याको वितरण सबै भन्दा धेरै जनसंख्या वागमती प्रदेशमा २०.९७ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा ५.७९ रहेकोमा कोशी प्रदेशमा १७.०३ प्रतिशत सहित चौथो स्थानमा रहेको छ । जनसङ्ख्याको वितरण तराईमा ५३.६१ प्रतिशत, पहाडमा ४०.३१ प्रतिशत र हिमालमा ६.०८ प्रतिशत छ । यसरी प्रदेशको जनघनत्व १९२ प्रति वर्ग कि.मि. भए पनि तराईमा ४६०, पहाड १९२ र हिमालमा ३४ प्रति वर्ग कि.मि. मात्र छ । २०६८-२०७८ को अवधिमा कोशी प्रदेशका १० वटा जिल्लाको औसत वार्षिक जनसङ्ख्या बृद्धि दर नकारात्मक रहेको छ भने जनसंख्या वृद्धिदर धनात्मक भएका जिल्लाहरुमा उदयपुरमा ०.६८ प्रतिशत, झापामा १.९७ प्रतिशत, मोरङमा १.६६ प्रतिशत र सुनसरीमा १.८६ प्रतिशत रहेको छ ।

*उमेर समूह अनुसार जनसङ्ख्याको वितरण (लाखमा)*




*स्रोतः राष्ट्रिय जनगणना २०७८*

प्रदेशमा १५-५९ उमेरको श्रम सक्षम जनसङ्ख्या ६३ प्रतिशत छ । २६ प्रतिशत १५ वर्ष मुनि र ११ प्रतिशत जनसंख्या ५९ प्रतिशत रहेको छ । यही वृद्धिदरमा जनसंख्या वृद्धि हुने हो भने अवको ८१ वर्षमा कोशी प्रदेशको जनसंख्या दोव्वर अर्थात १ करोड पुग्ने देखिन्छ । वर्तमानमा कोशी प्रदेशलाई जनसांङ्खिकीय लाभ प्राप्त भएको छ किनभने हाल ६३ प्रतिशत जनसंख्या काम गर्न सक्ने अवस्थामा छन् ।

## २.४ प्राकृतिक श्रोत तथा जैविक विविधता

हिमाल, पहाड र तराईको जैविक विविधता, विश्व प्रख्यात गुराँसको वन लगायत धार्मिक तथा सांस्कृतिक महत्वका अनगिन्ती स्थानको सङ्गम स्थल यस प्रदेशमा वातावरणीय विविधता पनि प्रचुर मात्रामा छ । विश्वमा नै अति दुर्लभ मानिएको रातो पाण्डादेखि संसारमा कतै पनि नपाइएको चरा काँडे भ्याकुरसम्मको वासस्थान पनि यस प्रदेशमा रहेकोछ । प्रस्तावित लालीगुराँस संरक्षण क्षेत्र (तीनजुरे मिल्के, जलजले) लगायत माइपोखरी, जामुनखाडी आदि र दर्जनौं सीमसार क्षेत्र तथा बर्जु ताल, सभापोखरी लगायतका तालतलैयाको पर्यावरणीय विविधता यो प्रदेशको विशिष्टता हो । विश्वका अग्ला हिमशिखरमध्ये

सर्वोच्च शिखर सगरमाथा, कञ्चनजङ्घा, लोत्से, मकालु र चोयु यही प्रदेशमा पर्दछन् । यसका साथै सगरमाथा राष्ट्रिय निकुञ्ज, मकालु वरुण राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्र, कञ्चनजङ्घा संरक्षित क्षेत्र, कोशीटप्पु वन्यजन्तु आरक्ष लगायतका प्राकृतिक सम्पदा पनि यसै प्रदेशमा पर्दछन् ।

## २.५ जातजाति र भाषाभाषी

मेचीको तिरदेखि सगरमाथाको शिरसम्म पुग्दा थारू, धिमाल, राजवंशी, सन्थाल, उराव, मुस्लिम, क्षेत्री, ब्राह्मण, नेवार, तामाङ, मगर, राई, लिम्बू, गुरुङ, शेर्पा, भोटे, मेचे जस्ता विविध जनजाती तथा तिनको फरक-फरक धर्मिक र संस्कृतिक विविधता युक्त प्रदेश छ ।

प्रदेशमा जातिगत विविधता भएपनि प्रदेशमा वसोवास गर्ने मुख्य जातीय समुदायमा मुख्यतया क्षेत्री, ब्राम्हण, मगर, थारु, तामाङ, नेवार लगायतको जातिको वसोवास रहेको छ । यो प्रदेश राई र लिम्बू जातिको ऐतिहासिक बसोबासको क्षेत्र हो । जम्मा १३० जातजातिको वसोवास रहेको यस प्रदेशमा नेपालका झन्डै ९३.४ प्रतिशत लिम्बू र ७९ प्रतिशत राई जातिको वसोवास रहेको छ । प्रदेशको कूल जनसंख्याको ४५.३ प्रतिशत जनसंख्याको मातृभाषा नेपाली रहेको छ भने मैथिली ११.७ प्रतिशत, याक्थुम्बा/लिम्बू ६.७० प्रतिशत, थारु ४.४ प्रतिशत, तामाङ ३.५३ प्रतिशत, वान्तवा २.७० प्रतिशत रहेका छन् । जातिगत हिसाबमा ताप्लेजुङ, पाँचथर र तेह्रथुममा लिम्बू जातिको बाहुल्य छ भने खोटाङ, इलाम, भोजपुर र सोलुखुम्बुमा राईको । यसै गरी झापा र मोरङमा पहाडी ब्राह्मणको र सङ्खुवासभा, धनकुटा, ओखलढुङ्गा र उदयपुरमा क्षेत्रीको बाहुल्यता छ । सुनसरी जिल्लामा थारूको बाहुल्यता छ । भाषाका सन्दर्भमा ताप्लेजुङ र पाँचथरमा लिम्बूभाषीको र अन्य जिल्लामा नेपाली भाषीको सङ्ख्या उल्लेखनीय छ ।

## २.६ प्रदेश सरकारको आय र कूल गार्हस्थ्य उत्पादन

कोशी प्रदेशको आ.व. २०८०/८१ मा आन्तरिक राजस्वको वार्षिक लक्ष्य ४ अर्ब ५७ करोड ७८ लाख रहेकोमा असार मसान्तसम्म रु. ४ अर्ब १६ करोड ५४ लाख (९१%) प्राप्ति भएको छ । यसैगरी संघीय राजस्व बाँडफाटको वार्षिक लक्ष्यको तुलनामा **८५.९%** र संघबाट प्राप्त हुने चारवटा अनुदानको वार्षिक अनुमानको तुलनामा **८४%** प्राप्ति भएको छ । संघबाट प्रदेशलाई प्राप्त हुने वित्तीय समानीकरण अनुदान २५.९ प्रतिशत कटौती भई लक्ष्यको ७४.१ प्रतिशत मात्र प्राप्ति भएको छ । राजस्व प्राप्ति तर्फ अघिल्लो वर्षको तुलनामा वृद्धि भएता पनि संघीय अनुदान कटौती भएको र गत वर्षको नगद मौज्दात कम रहेको हुँदा आर्थिक वर्ष २०७९/८० को तुलनामा आ.व.२०८०/८१ मा कोशी प्रदेशको आयमा ८.५ प्रतिशतले कमी भएको छ ।

| आय शीर्षक | आ.व. २०७९/८० | | | आ.व. २०८०/८१ | | |
|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्राप्ति | प्रगति % | लक्ष्य | प्राप्ति | प्रगति % |
| प्रदेशको आन्तरिक राजस्व (स्थानीय तहबाट प्राप्त हुने समेत) | ४९८४५ | ३८१६३ | ७६.६ | ४५७७८ | ४१६५४ | ९१.० |

| आय शीर्षक | आ.व. २०७९/८० | | | आ.व. २०८०/८१ | | |
|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्राप्ति | प्रगति % | लक्ष्य | प्राप्ति | प्रगति % |
| संघीय राजस्व बाँडफाँड (मू.अ.कर अन्तःशुल्क र रोयल्टी) | ११८८२४ | ९१५०४ | ७७.० | ११६४८१ | १००००९ | ८५.९ |
| संघ अनुदान | १९०९९१ | १५७८६० | ८२.७ | १६११७० | १३५३४४ | ८४.० |
| वैदेशिक अनुदान (सोझै भुक्तानी) | २५६८ | ३७८ | १४.७ | १५०५ | - | - |
| नगद मौज्दात | ३५१५५ | ७१६४८ | २०३.८ | ४२५०१ | ५१९७६ | १२२.३ |
| जम्मा | ३९७३८३ | ३५९५५३ | ९०.५% | ३६७४३५ | ३२८९८३ | ८९.५% |

*(रकम रु हजारमा)*

**पछिल्लो दुई वर्षको आय अनुमान र असार मसान्तसम्मको प्राप्तिको स्थिति**

*स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयको प्रारम्भिक विवरण अनुसार*

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०८०/८१ मा कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु. ९ खर्ब ३ अर्ब ५ करोड रहेको अनुमान छ । देशको कूल गार्हस्थ्य उत्पादनमा कोशी प्रदेशको अंश १५.८ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०८०/८१ मा कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३३.२ प्रतिशत सेवा र उद्योग क्षेत्रको योगदान क्रमशः ५०.९ प्रतिशत र १५.९ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०८०/८१ मा मुलुकको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १,४३४ अमेरिकी डलर रहेकोमा कोशी प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १,३३६ अमेरिकी डलर पुगेको छ ।

## २.७ गरिबी र रोजगारी

नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/८०) अनुसार नेपालमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या २०.२७ प्रतिशत रहेकोमा कोशी प्रदेशमा गरिबीको दर १७.२ प्रतिशत रहेको छ जुन राष्ट्रिय औसतभन्दा कम रहेको छ ।त्यस्तै राष्ट्रिय बहुआयामिक गरिबीको सूचकाङ्क ०.०७४ रहेको छ भने कोशी प्रदेशमा गरिबीको विषमताको सूचक मान ३.८४ प्रतिशत, गरिबी गहनता सूचक मान १.२५ र बहुआयामिक सूचकाङ्क ०.०६६ रहेको छ । राष्ट्रियस्तरसँग तुलना गर्दा यस प्रदेशको गरिबीको विषमता, गहनता र बहुआयामिक सूचकमा राष्ट्रिय औसतभन्दा राम्रो देखिएको छ । त्यसैगरी नेपाल श्रमशक्ति सर्वेक्षण, २०१८ अनुसार नेपालको वेरोजगारी दर ११.४ प्रतिशत रहेकोमा कोशी प्रदेशमा बेरोजगारी दर १०.२ प्रतिशत रहेको छ ।

## २.८ भू-बनोट र उपयोग

भू-स्रोत व्यवस्थापनका हिसाबले खेतीका लागि उपयुक्त प्रायजसो तराई र भित्री मधेसमा अवस्थित जमिन १७ प्रतिशत मात्र छ । पहाडमा भिरालो र गरा बनाएर मात्र खेती हुने जमिन २४ प्रतिशत,

घाँसपातका निम्ति २४ प्रतिशत र वन्यजन्तु, संरक्षण र पर्यटनका निम्ति १५ प्रतिशत उपयुक्त छ । झन्डै २० प्रतिशत जमिन अति भिरालो वा चट्टान वा बरफले ढाकेको छ ।

## २.९ वन क्षेत्र तथा निकुञ्ज

नेपालमा कूल भूभागको ४१.६९ प्रतिशत वन र ३.६२ प्रतिशत बुट्यान गरी ४५.३१ प्रतिशत क्षेत्रफल वन क्षेत्रले ओगटेको छ । नेपालको कूल वन क्षेत्र मध्ये सबैभन्दा वढी वन क्षेत्र (१८.८ प्रतिशत) कोशी प्रदेशमा रहेको छ । साथै प्रदेशमा ४४.४४ प्रतिशत वन र ४.५२ बुट्यान गरी ४८.९६ प्रतिशत भूभाग वन क्षेत्रले ओगटेको छ । कोशी प्रदेशको वन क्षेत्र मध्ये उच्च हिमालमा ७ प्रतिशत, उच्च पहाडमा ३४ प्रतिशत, मध्य पहाडमा ४३ प्रतिशत, चुरे क्षेत्रमा १२ प्रतिशत र तराईमा ५ प्रतिशत रहेको छ । कोशी प्रदेशमा सबै भन्दा वढी वन क्षेत्र भएको जिल्ला संखुवासभा रहेकव छ भने सबै भन्दा कम वन क्षेत्रफल भएको जिल्ला झापा हो । यस प्रदेशमा सगरमाथा र मकालु वरुण राष्ट्रिय निकुञ्ज, कञ्चनजङ्घा संरक्षण क्षेत्र र कोशीटप्पु वन्यजन्तु आरक्ष रहेका छन् जसले प्रदेशको १९ प्रतिशत भूभाग ढाकेको छ ।

## २.१०कृषि, उद्योग र सहकारी

प्रदेशको गार्हस्थ उत्पादनमा महत्वपूर्ण योगदान पुर्‍याउने उद्योग, कृषि र सहकारी क्षेत्रको विकास, नीति निर्माण र नियमन तथा प्रवर्द्धन सम्बन्धी कामहरुउद्योग, कृषि, तथा सहकारी मन्त्रालयले गर्ने गर्दछ । प्रदेशको कूल गार्हस्थ उत्पादन लगभग ३०९ अरब मध्ये कृषि क्षेत्रले ३३.२ हिस्सा र उद्योग क्षेत्रले १५.९ प्रतिशत हिस्सा ओगटेको छ । आ. व. २०८०/८१ मा रु ४५ करोड ७७ लाख ३७ हजार अथवा मन्त्रालयको चालु खर्चको ४४.४५ प्रतिशत रकम अनुदानको रुपमा सिधै किसानहरुलाई उपलब्ध गराईएको छ । यसवाट कृषि तथा पशुपन्छी विकास सम्बद्ध उत्पादन प्रसोधन, बजारीकरण सम्बद्ध पुर्वाधार निर्माण, यान्त्रीकरण, बजारीकरण तथा उन्नत प्रविधि अवलम्बन र पशु स्वास्थ्य प्रवर्द्धन सम्बन्धि कार्यमा खर्च गरी समग्र कृषि र पशुपन्क्षीजन्य बस्तुको उत्पादन, प्रशोधन र बजारीकरण प्रवर्द्धन भएको छ ।

प्रदेशको कुल गार्हस्थ उत्पादन लगभग लगभग ३०९ अरब मध्ये उद्योग क्षेत्रले १५.९ प्रतिशत हिस्सा ओगटेको छ । उद्योग र वाणिज्य क्षेत्रमा उद्योग तथा वाणिज्य फार्महरुको दर्ता, नविकरण, अनुगमन र नियमनका कामहरु गर्नुका साथै घरेलु तथा लघु उद्योगहरु स्थापनाका लागि विभिन्न प्रकारका उद्यम विकास तालिम तथा प्रविधि अवलम्वन सम्बद्ध सहयोगहरु उपलब्ध गराईएको छ । प्रदेशको कार्यक्षेत्रमा रहेका १०८६ वटा सहकारी संस्थामा करिव ६७ अरव वरावरको वचत र करीब ७९ अरब बराबरको ऋण तथा यस क्षेत्रबाट ६४०८ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् ।

## २.११पूर्वाधार

कोशी प्रदेशका सबै जिल्ला सदरमुकाम राष्ट्रिय सडक सञ्चालनसँग जोडिएका छन् । कोशी प्रदेशका २ वटा स्थानीय तहहरु सोलुखुम्बु जिल्लाको खुम्वु पासाङ ल्हामु गाउँपालिका तथा संखुवासभा जिल्लाको भोटखोला गाउँपालिको केन्द्रसँग सडक पहुच नपुगेको अवस्था रहेको छ । कोशी प्रदेश स्थित पूर्व-पश्चिम

राजमार्ग, मेची राजमार्ग, कोशी राजमार्ग, सगरमाथा राजमार्ग, हुलाकी लोकमार्ग, मध्यपहाडी राजमार्ग लगायतका राजमार्गहरु रहेका छन जसको कूल लम्बाई १७०३ कि.मि. रहेको छ ।

आर्थिक वर्ष २०८०/८१ मा १३ वटा वहुवर्षीय सडक निर्माण सम्पन्न भई हालसम्म २९ वटा वहुवर्षिय सडक निर्माण सम्पन्न भएको छ । त्यसैगरी आर्थिक वर्ष २०८०/८१ मा सडक पुल र झोलुङ्गे पुल क्रमश १५ र ४१ वटा निर्माण सम्पन्न भई आर्थिक वर्ष २०७५/०७६ देखि हालसम्ममा जम्मा २९ र ८९ वटा निर्माण सम्पन्न भएको छ । आर्थिक वर्ष २०८०/८१ मा सडक पूर्वाधार तर्फ ९३.१४ कि.मी सडक मर्मत, २०६.०१ कि.मी. सडक ग्राभेल, १९८.५१ कि.मी. कच्ची सडक निर्माण, ५३.५६ कि.मी. सोलिङ्ग, १२६.६९ कि.मी. सडक कालोपत्रे, र ४४.१६ कि.मी. नयाँ ट्र्याक खोल्ने निर्माण कार्य सम्पन्न भएको छ ।

त्यसैगरी आवास, भवन तथा सहरी विकास क्षेत्र तर्फ ११२ वटा सामुदायिक भवन, २७ वटा सरकारी भवन निर्माण, २६ वटा खेलकुद पूर्वाधार निर्माण, १६ वटा एकीकृत वस्ती निर्माण, १०८२ वटा जनता आवास कार्यक्रम, २३.०१ कि.मी. सहरी सडक ढलान, ४.१४ कि.मी. सहरी सडक कालोपत्रे, १० वटा पार्क निर्माण, ६ वटा बसपार्क निर्माण, २ वटा भ्यूटावर निर्माण, १ वटा प्रहरी भवन निर्माण, ७२ वटा अन्य पूर्वाधार निर्माण र ७७ वटा मर्मत सम्भार, र ४३ वटा डि. पि. आर. को कार्य सम्पन्न भएको छ । यस प्रदेशमा रहेका १५ वटा विमानस्थल मध्ये १२ वटा नियमित सञ्चालनमा रहेका छन् । विराटनगर र चन्द्रगढी विमानस्थल रात्रिकालिन अवतरण क्षमता भएका र मध्यम आकारका विमानहरु अवतरण गर्ने क्षमताका छन् । सबै भन्दा वढी सोलुखुम्बुमा मात्र ४ र खोटाङमा ३ वटा विमानस्थल रहेका छन् । सडक र हवाई यातायातको अतिरिक्त यस प्रदेशमा जलयात्रा तथा रेल परिवहनको समेत सम्भावना रहेको छ । हाल सुनसरी जिल्लाको चतरादेखि भोजपुर जिल्लाको सिम्लेसम्म जलयात्रा सञ्चालनमा रहेको छ ।

## परिच्छेद-तीन

## शासकीय सुधार तथा सुशासन सम्बन्धमा भएका कार्यहरु

### ३.१ शासकीय सुधार तथा सुशासन सम्बन्धमा प्रदेश सरकारको वजेट तथा नीति कार्यक्रममा भएका व्यवस्थाहरुः

(१) बेरुजु कम हुने गरी सरकारी कारोबार गर्न तथा कायम भएको बेरुजु फस्यौंट गरी बेरुजु रहित निकाय बनाउन कार्यसम्पादनमा संलग्न कर्मचारीलाई प्रोत्साहन गरिनेछ ।

(२) प्रदेश कानूनहरुको निर्माण, परिमार्जन तथा कार्यान्वयन सम्बन्धी सरोकारवाला वर्गको पृष्ठपोषण लिई कानूनको गुणस्तरमा सुधार गरिनेछ । प्रदेश तथा स्थानीय तहमा कानून तर्जुमासँग सम्बन्धित जनशक्ति हरुको क्षमता अभिबृद्धि गरिनेछ ।

(३) प्रदेशको सार्वजनिक वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रदेश योजना आयोगबाट आयोजना बैंक र प्रदेश गौरवका आयोजनाको कार्यान्वयन गरिनेछ ।

### ३.२ कोशी प्रदेश सरकारको आ. व. २०८०/८१ को बजेट कार्यान्वयनको अवस्था

(रु. हजारमा)

| क्र.सं. | बजेट | आर्थिक वर्ष २०८०/०८१ | | |
|---|---|---|---|---|
| | | शुरु विनियोजन | कूल खर्च | खर्च प्रतिशत |
| १ | चालु | १,२१,०८,८६०.०० | ८२,७३,२८५.२१ | ६८.३२ |
| २ | पूँजीगत | २०८७५५१२.०० | १,६३,४८,६५२.३७ | ७८.३१ |
| ३ | स्थानीय तह अनुदान | ३८,२४,७०२.०० | ३३,०५,१८२.७८ | ८६.४२ |
| ४ | वित्तीय व्यवस्था | १०,०००.०० | ०.०० | ०.०० |
| जम्मा | | ३६८१९०७४.०० | २७९२७१२०.३७ | ७५.८५ |

*श्रोतः प्रारम्भिक प्रतिवेदन, प्रदेश लेखा नियन्त्रक कार्यालय, कोशी प्रदेश, २०८१*

### ३.३ कोशी प्रदेश सरकारको मन्त्रालय तथा निकायगत वजेट र खर्चको विवरण

(रु. लाखमा)

| क्र.सं. | मन्त्रालय/निकाय | आ.व. २०८०/०८१ (सबै स्रोतको) | | |
|---|---|---|---|---|
| | | जम्मा विनियोजन | जम्मा खर्च | खर्च प्रतिशत |
| १ | प्रदेश व्यवस्थापिका | २,५२४.५० | १,९९९.७२ | ७९.२१ |
| .२ | प्रदेश लोक सेवा आयोग | ९३०.२० | ८३८.४४ | ९०.१४ |

| क्र.सं. | मन्त्रालय/निकाय | आ.व. २०८०/०८१ (सबै स्रोतको) | | |
|---|---|---|---|---|
| | | जम्मा विनियोजन | जम्मा खर्च | खर्च प्रतिशत |
| ३ | मुख्य न्यायाधिवक्ताको कार्यालय | २४१.०६ | १९२.७१ | ७९.९४ |
| ४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५,८४९.३५ | २,१०४.४० | ३५.९८ |
| ५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | २१,८७०.०६ | १६,१७७.३८ | ७३.९७ |
| ६ | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | १८,९९७.५६ | १५,०६६.११ | ७९.३१ |
| ७ | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | ५६,६२३.६६ | ५२,४६१.९७ | ९२.६५ |
| ८ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ८,५०३.१६ | ४,९६७.३५ | ५८.४२ |
| ९ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | २६०२६.३२ | १८४५४.७८ | ७०.९१ |
| १० | भौतिक पूर्वाधार विकास मन्त्रालय | १,३४,९९३.४३ | ९९,७१०.४२ | ७३.८६ |
| ११ | सामाजिक विकास मन्त्रालय | १३,२४३.१६ | ९,७५४.७७ | ७३.६६ |
| १२ | स्वास्थ्य मन्त्रालय | ३३,०९२.७८ | २४,२७३.०० | ७३.३५ |
| १३ | प्रदेश योजना आयोग | ४५३.१० | २१८.३३ | ४८.१९ |
| १४ | कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा | ४००.०० | ०.०० | ०.०० |
| १५ | अर्थ - विविध | ६,१९५.३८ | ०.०० | ०.०० |
| १६ | स्थानीय तह | ३८,२४७.०२ | ३३,०५१.८३ | ८६.४२ |
| जम्मा | | ३,६८,१९०.७४ | २,७९,२७१.२० | ७५.८५ |

*श्रोतः प्रारम्भिक प्रतिवेदन, प्रदेश लेखा नियन्त्रक कार्यालय, कोशी प्रदेश, २०८१*

## ३.४ प्रदेश सरकारबाट हालसम्म तर्जुमा भएका प्रदेश कानूनहरूको विवरण

| क्र.सं. | विवरण | हालसम्मको जम्मा संख्या |
|---|---|---|
| १ | प्रदेश सभाबाट प्रमाणित भई प्रदेश प्रमुखबाट प्रमाणीकरण भएका विधेयक | ६५ |
| २ | प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएका नियमावली | २९ |
| ३ | प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएका निर्देशिका | १७ |
| ४ | प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएका कार्यविधि | ५८ |
| ५ | प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएका मापदण्ड | २ |
| ६ | प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएका गठन आदेश | ५ |

*स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, २०८१*

## ३.५ सुशासन कायम गर्ने सम्वन्धमा प्रदेश सरकारबाट भएका प्रयासहरुः

१. प्रदेश सुशासन ऐन २०७६ को दफा २२(२) वमोजिम मन्त्रालयमा वहाल रहेका कर्मचारीहरुले पालन गर्नु पर्ने कर्तव्यको प्रकृतिलाई विचार गरी कर्मचारीले पालन गर्नु पर्ने **पदीय वा पेशागत आचार** संहिता विभिन्न मन्त्रालय तथा निकायले स्वीकृत गरी लागू गरिएको अवस्था छ भने लागू गर्न वाँकी मन्त्रालय तथा निकायले समेत मसौदा गरी स्वीकृतिको चरणमा रहेका छन् ।

२. **संघीयता कार्यान्वयन तथा प्रदेश कानून निर्माण सम्बन्धि अध्ययन कार्यदल,** २०८१ गठन गरिएको छ ।

३. यस आर्थिक वर्षमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विभिन्न मितिमा प्रमुख सचिवबाट आवश्यक निर्णय हुने गरी आएका १८ वटा र राय सहितको विवरण माग भई आएका अन्य गरी जम्मा २५ वटा उजुरी प्राप्त भएकोमा उजुरीहरुको **समयमै फछ्र्यौट** गरिएको छ ।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आयोजना तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को व्यवस्थापनमा **कार्य विस्तृतीकरणका** सम्बन्धमा सरोकार वाला निकायहरुसँग अन्तरक्रिया तथा छलफल सम्बन्धी वृहत कार्यक्रम सम्पन्न भएको छ ।

५. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीको संयुक्त आयोजनामा **भ्रष्टाचार विरुद्धको अन्तराष्ट्रिय दिवस कार्यक्रम** विराटनगरमा सम्पन्न गरिएको छ ।

६. कोशी प्रदेशका १३७ वटै स्थानीय तहलाई समेटने गरी ३ चरणमा प्रमुख सचिवको संयोजकत्वमा **प्रदेश प्रशासनिक समन्वय परिषद्को बैठक** सम्पन्न गरिएको छ । मिति २०८१/०१/१७ प्रदेश प्रशासनिक समन्वय परिषदको प्रथम चरणको वैठक मोरङ, धनकुटा, तेह्रथुम, भोजपुर र संखुवासभा जिल्लाका स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत र जिल्ला समन्वय अधिकारी सम्मिलित वैठक धनकुटामा सम्पन्न भयो । त्यसैगरी दोश्रो चरणको वैठक सुनसरी, उदयपुर, खोटाङ, ओखलढुंगा, सोलुखुम्वु जिल्लाका स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत र जिल्ला समन्वय अधिकारी सम्मिलित वैठक उदयपुरमा र तेश्रो चरणको वैठक झापा, इलाम, पाँचथर, ताप्लेजुङ जिल्लाका स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत र जिल्ला समन्वय अधिकारी सम्मिलित वैठक इलाममा सम्पन्न गरिएको छ ।

७. प्रदेश सरकारको आर्थिक वर्ष २०८१/०८२ को **नीति तथा कार्यक्रम** जारी गर्ने कार्य मिति २०८१/०२/२१ गते सम्पन्न गरिएको छ ।

८. प्रमुख सचिवज्यूको संयोजकत्वमा **प्रदेश स्तरीय अनुगमन मूल्याङ्कन** समितिको वैठक विभिन्न निर्णयहरु गर्दै मिति २०८१/०३/१० गते सम्पन्न गरियो ।

९. कोशी प्रदेश प्रशासनका सवालहरू उजागर गर्न, प्रदेशका नीति, रणनीति एवम् कार्यक्रमहरूका बारेमा सरल ढङ्गले प्रशार गर्न **कोशी दर्पण पत्रिका** प्रकाशन गर्ने कार्य सम्पन्न गरिएको छ ।

१०. **कोशी प्रदेशको दोश्रो आवधिक योजना**को अवधारणा पत्र तथा योजना (आ.व. २०८१/०८२-२०८५/०८६) स्वीकृत गरिएको छ ।

११. लगानी सम्मेलनका लागि कोशी प्रदेश सरकारका तर्फबाट Showcase गरिने ६ ओटा आयोजना छनौंट गरी लगानी सम्मेलन २०८१ मा प्रस्तुत गरिएको छ ।

१२. पशुपन्छी विकास तथा पशु स्वास्थ्यसम्बन्धी विज्ञ सेवालाई ४ जिल्लाहरू क्रमशः ताप्लेजुङ, इलाम, तेह्रथुम, भोजपुरमा **भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र** स्थापना गरी सेवा विस्तार गरिएको छ ।

१३. प्रदेश निजामती कितावखाना सञ्चालन सम्बन्धी निर्देशिका जारी भई स्थायी कार्यालय तथा स्थायी पद दर्ता सम्बन्धी कार्य सुरू भएको । प्रदेशका कार्यालयहरू र कर्मचारीको अद्यावधिक विवरण सुरक्षित र व्यवस्थित राख्ने हेतुले प्रदेश **निजामती किताबखानाको पोर्टल** सञ्चालन हुने व्यवस्था गरिएको ।

१४. प्रदेश सरकारका कामहरूलाई गतिशील र व्यवस्थित गर्न **प्रदेश लोकसेवा आयोग, प्रदेश योजना आयोग, प्रदेश लगानी प्राधिकरण र प्रदेश विकास परिषद्लाई** पूर्णता प्रदान गरिएको ।

१५. **प्रदेश आयोजना बैङ्क** सञ्चालनमा ल्याई पचास लाखभन्दा माथिका आयोजनाहरूको खरिद प्रकृया सुरू गर्नुभन्दा अगाडी अनिवार्य रुपमा आयोजना बैङ्कमा प्रविष्टि गर्नुपर्ने व्यवस्था गरिएको ।

१६. **"मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०८१"** विपद व्यवस्थापन परिषद्बाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको ।

१७. वित्तीय अनुशासन अभिवृद्धि गर्न अनिवार्य दायित्व व्यवस्थापन, बहुवर्षीय आयोजना/ कार्यक्रमको दायित्व व्यवस्थापन, विपद् र महामारीको अवस्थामा बाहेक, जेठ २० पश्चात **रकमान्तर/ श्रोतान्तर** नगर्ने नीतिगत व्यवस्था गरिएको ।

१८. कोशी प्रदेशमा लगानीमैत्री वातावरण निर्माण गरी कृषि, उद्योग, पर्यटन, ऊर्जा लगायतका क्षेत्रहरूमा स्वदेशी तथा विदेशी लगानीकर्ताहरूलाई आकर्षित गर्न **"लगानी सम्मेलन (Koshi Investment Summit-२०२४)"** आयोजना गर्ने नीतिगत व्यवस्था गरी आवश्यक पर्ने बजेट विनियोजन गरिएको ।

१९. विक्रम सम्वत् २०८२ लाई **"कोशी पर्यटन वर्ष"** को रुपमा मनाउने नीतिगत व्यवस्था गरी बजेट विनियोजन गरिएको ।

२०. धार्मिक तथा पर्यटकीय क्षेत्र विकासका निम्ति **पाथिभरा क्षेत्र विकास समिति (गठन) आदेश, २०८१, बृहत्तर बराहक्षेत्र विकास समिति (गठन) आदेश, २०८१,** हलेशी महादेवस्थान विकास समिति (गठन) आदेश, २०८१ स्वीकृत गरिएको ।

२१. **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८१"** स्वीकृत गरिएको ।

२२. २०८१ साल असार ३० गते कोशी प्रदेशलाई **"पूर्ण खोप सुनिश्चितताको घोषणा"** गरिएको छ ।

२३. स्थानीयस्तरमा रहेका सर्वसाधारणलाई किफायतपूर्ण एम्बुलेन्स सेवा तत्काल पुऱ्याउन **Ambulance GPS Tracking System** लाई अपनाई चौबिसै घण्टा स्वास्थ्य मन्त्रालयमा प्रादेशिक प्रेषण केन्द्र सञ्चालन गरिएको ।

२४. प्रदेशबासीलाई विपद्सम्बन्धी पूर्व सूचना दिई विपद् जोखिम न्यूनीकरण गर्न सहयोग पुऱ्याउने हेतुले विपद् पोर्टल सञ्चालनमा ल्याई २०८१ असार १७ गतेदेखि **"दैनिक विपद् बुलेटिन"** प्रकाशनमा ल्याइएको छ ।

२५. प्रदेश सरकार र स्थानीय तहबीचको सहकार्यलाई थप सुदृढ गर्न एकीकृत विपद् व्यवस्थापन गर्ने उद्देश्य अनुरूप सहलगानीमा रङ्गेली नगरपालिका, अर्जुनधारा नगरपालिका र कोशी गाउँपालिका केन्द्र रहेको **मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र** स्थापनाका लागि आवश्यक बजेट विनियोजन गरी भवन निर्माण कार्य अगाडि बढाइएको छ ।

२६. कोशी प्रदेशमा उत्पादित चियाको स्वदेश तथा विदेशमा बजार प्रवर्द्धन गर्न **"अन्तराष्ट्रिय चिया सम्मेलन"** को आयोजना गर्ने नीतिगत व्यवस्था गरी आवश्यक बजेट विनियोजन गरिएको छ ।

२७. प्रदेशमा उत्पादन भएका दुग्धजन्य पदार्थ निर्यात गर्न प्रोत्साहन गर्ने नीति अनुरुप **प्रथम पटक** कोशी प्रदेशबाट १२०० के.जी. घ्यू जापान निर्यात गरी निर्यातकर्तालाई प्रोत्साहन रकम उपलब्ध गराइएको छ ।

२८. **पशुपन्छीहरुमा लाग्ने खोरेत रोग नियन्त्रणका लागि रणनीतिक कार्ययोजना** तयार गरी अन्तरसरकार समन्वयमा कोशी प्रदेशलाई ३ वर्षभित्र खोरेत रोग मुक्त क्षेत्र बनाउन खोरेत रोग नियन्त्रण आयोजनालाई प्रदेशको प्रमुख कार्यक्रमका (Flagship Program) रुपमा कार्यान्वयन गर्नका लागि सुरुवातका कामहरू अगाडि बढाइएको छ ।

२९. कोशी प्रदेशमा रहेका **सार्वजनिक तथा पर्ती जग्गाको संरक्षण तथा रेखदेख** गर्न सार्वजनिक तथा पर्ती जग्गाको अभिलेख संकलन गरिने कार्य सम्पन्न गरिएको छ ।

३०. अनुदान वितरणलाई नतिजामुखी र व्यवस्थित गर्न कृषि क्षेत्रमा वितरण गरिने अनुदान कार्यक्रमलाई **ब्याजमा अनुदान** दिने व्यवस्था मिलाउन नीतिगत तथा कानूनी प्रवन्ध र बजेट व्यवस्थापन गरिएको छ ।

३१. शिवचोकदेखि भारतीय सीमा वीरपुरसम्मको सडक (कोशी गाउँपालिका, सुनसरी), बुढीगंगा गाउँपालिका वडा नं. -१ हुँदै पुष्पलाल चौक हात्तिमुडा हरैंचा सडक (मोरङ) र सिधुवा-शुक्रबारे-ओखे-म्याङलुङ्ग सडक (तेह्रथुम) तथा धरान -१३ देवीमार्गबाट धरान -२० चिण्डेडाँडा जाने बाटोमा पर्ने सर्दु खोला पुल लगायतका निर्माण सम्पन्न भएको छ ।

३२. प्रदेश सभाका विषयगत समितिहरूको छुट्टाछुट्टै वेवसाइट निर्माण गरी त्यसलाई मूल वेवसाइटसँग

आवद्ध गरिएको तथा प्रदेश सभामा दर्ता हुन आएका विधेयकहरूलाई वेवसाइटमार्फत सार्वजनिक गर्ने कार्यको सुरुवात गरिएको छ ।

३३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयवाट तयार गरिएको ५१ बुँदे सुचकका आधारमा सबै जिल्ला स्थित कार्यालयहरुको अनुगमन गर्ने कार्य अन्तर्गत यस आ.व. को २०८०/०८१ मा यस प्रदेश अन्तरगतका ६४ वटा कार्यालयहरुमा अनुगमन गरिएको थियो । चेकलिष्ट वमोजिम अनुगमन गरी देखिएका कैफियत सुधारका लागि लेखि पठाइएको छ ।

३४. स्थानीय तहलाई कार्यालय दर्ता र पद दर्ताका लागि अनुरोध गरिएको, प्रदेश भित्रका मन्त्रालय, कार्यालय र १३७ स्थानीय तहबाट आ.व. २०७९/०८० को तथा शुरु नियुक्तिको गरी जम्मा ४९,७६६ थान सम्पत्ति विवरण प्राप्त गरी भण्डारण गरी राखिएको छ ।

३५. आ.व. २०७९/०८० को सम्पत्ति विवरण नबुझाउने १६७ कर्मचारी तथा पदाधिकारीहरुले जरिमाना बुझाइ यस कार्यालयमा प्राप्त भएको सम्पत्ति विवरण भण्डारण गरी राखिएको छ ।

३६. कोशी प्रदेश समन्वय परिषद्को छैटौं बैठक परिषद्को संयोजक माननीय मुख्यमन्त्रीको संयोजकत्वमा मिति २०८१/०१/२० गते साशकीय प्रवन्धका विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य गर्ने लगायतका निर्णयहरु गर्दै सम्पन्न भएको छ ।

३७. प्रदेश र स्थानीय सेवाका कर्मचारीहरु तथा जनप्रतिनिधिहरुको क्षमता विकासलाई प्राथमिकता दिइदै झापा जिल्ला कलबलगुरीमा सञ्चालित तत्कालिन **प्रदेश प्रशिक्षण केन्द्र (प्रतिष्ठान)** लाई अनुसन्धान केन्द्रको रुपमा समेत विकास गर्न **प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान**को रुपमा परिणत गरी स्तरोन्नति गर्दै थप प्रभावकारी रुपमा सञ्चालनमा ल्याइएको छ ।

३८. राष्ट्रिय रुपमा तयार गरिएको विपद् पोर्टलमा स्थानीय तहबाट तहगत रुपमा विपद्को विवरण अद्यावधिक गर्ने गरिएको छ र पोर्टलबाट लिइएको सांराश विवरण मन्त्रालयको वेवसाइट र सूचनापाटीमा नियमित रुपमा प्रकाशित गर्ने गरिएको छ ।

३९. सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी र प्रवक्ताको व्यवस्था तथा गुनासो व्यवस्थापन कक्ष स्थापना गरी सबै प्रकारका गुनासा उजुरीहरु सम्वोधन गरिएको छ ।

४०. सुशसन कायम गर्ने सम्बन्धमा प्रत्यक्ष तथा परोक्ष भुमिका रहने गरी आर्थिक वर्ष २०८०/८१ मा कोशी प्रदेश सरकार, मन्त्रिपरिषद्को ३५ वटा बैठक सम्पन्न भई १३८ वटा निर्णयहरु भएका छन् भने यस अवधिमा ८ वटा सचिव बैठक सम्पन्न भई विभिन्न विषयमा ४१ वटा निर्णयहरु भएका छन् ।

# परिच्छेद-चार

# विषयगत मन्त्रालय/निकायहरुको वार्षिक प्रगति

## ४.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

नेपालको संविधान बमोजिम राज्यको संघीय संरचना निर्धारण भएसँगै तत्कालिन प्रदेश नं. १ हाल कोशी प्रदेशको शासकीय प्रबन्धमा महत्वपूर्ण भूमिका निर्वाह गर्न एवम् समग्र प्रदेशको नीति निर्माण एवम् व्यवस्थापनको समन्वय गर्ने निकायको रूपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको स्थापना मिति २०७४ माघ २१ गते भएको हो । मिति २०७४ फाल्गुन ३ गते प्रदेश सरकारको गठन भएको थियो । यस कार्यालय अन्तरगत प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, प्रदेश लगानी प्राधिकरण र सम्पर्क कार्यालय धनकुटा रहेका छन् ।

### ४.१.१ मन्त्रालयको कार्यक्षेत्र

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यविवरण यस प्रकार रहेको छः-

१. प्रदेश मन्त्रिपरिषद् सम्बन्धी कार्य,

२. प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन,

३. प्रदेशको अधिकार अन्तर्गत विषयगत नीति तर्जुमाका लागि मन्त्रालयलाई निर्देशन, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

४. प्रदेश सरकारको कार्यविभाजन नियमावली तर्जुमा, कार्यान्वयन र अनुगमन

५. प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा, कार्यान्वयन र अनुगमन,

६. मन्त्रालयहरुको कार्यको समन्वय, सुपरिवेक्षण, नियन्त्रण, अनुगमन र मूल्याङ्कन,

७. प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन,

८. विधेयक तर्जुमाका लागि सैद्धान्तिक सहमति र तर्जुमा भएको विधेयक मस्यौदाको स्वीकृति, अध्यादेश जारीका लागि सिफारिस र प्रत्यायोजित विधायन मन्त्रिपरिषद्बाट जारी गर्ने,

९. प्रदेशको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवम् प्रशासनिक गतिविधिहरुको अद्यावधिक जानकारी लिने र सो को सम्बोधन,

१०. सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रदेश निजामती सेवाको सुधार,

११. संवैधानिक निकाय तथा आयोग, प्रदेश लोकसेवा आयोग र अन्य सङ्घीय तथा प्रादेशिक आयोग, प्रदेश कानून बमोजिम गठित प्राधिकरण लगायत अन्य निकायसँगको सम्पर्क र समन्वय,

१२. प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन,

१३. उपाधि, सम्मान, विभूषणको सिफारिस तथा प्रदेश निजामती सेवा पुरस्कार,

१४. प्रदेशस्तरका आयोग तथा निकायहरुको गठन एवम् सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी कानूनको तर्जुमा र कार्यान्वयन,

१५. प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन,

१६. प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति तथा कानून तर्जुमा एवम् कार्यान्वयन,

१७. कर्मचारीहरुको अभिलेख व्यवस्थापन,

१८. प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण,

१९. प्रदेशस्तरीय तालीम नीति तथा मापदण्ड निर्धारण, स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालीम केन्द्रसँगको सम्पर्क एवम् समन्वय,

२०. प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्भेक्षण तथा सेवा प्रवाहको अनुगमन,

२१. अन्तर प्रदेश परिषद् र सङ्घ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध,

२२. सङ्घ र स्थानीय तहसँगको समन्वयमा कानूनी अनुसन्धान, कानूनी साक्षरता, निःशुल्क कानूनी सहायता र न्यायमा पहुँच अभिबृद्धि,

२३. स्थानीय तहका न्यायिक समितिहरुको क्षमता विकास, सम्बन्ध, सहयोग र सहकार्य,

२४. स्थानीय तहहरुको कानून निर्माणमा क्षमता विकास, सहयोग र सहकार्य,

२५. प्रदेश कानून तर्जुमा तथा सुझाव समितिको गठन र सो सम्बन्धि विधि निर्माण र कार्यान्वयन,

२६. सूचनाको हकसम्बन्धी कानूनको कार्यान्वयनमा समन्वय तथा अनुगमन,

२७. राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकारसँग सम्बद्ध अन्य निकायहरुसँगको समन्वय, सम्बन्ध र सहकार्य,

२८. मानव अधिकारको सम्मान, संरक्षण तथा प्रबर्द्धनका सम्बन्धमा अनुगमन र प्रतिवेदन,

२९. नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी सन्धी सम्झौताहरुको अभिलेख व्यवस्थापन र कार्यान्वयन,

३०. निर्वाचन कार्यमा सहयोग र समन्वय ।

### ४.१.२ संक्षिप्त वित्तीय विवरण

(रकम रु हजारमा)

| सि.नं. | विवरण | विनियोजित वजेट | खर्च रकम | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | जम्मा चालु | ५२,६८,९५ | १८७९६४.९१२ | ३५.६७ |
| २ | जम्मा पूँजीगत | ५,८०,४० | २२४७४.८० | ३८.७२ |
| जम्मा | | ५८,४९,३५ | २१०४३९.७२ | ३५.९८ |

### ४.१.३ कार्यक्रम कार्यान्वयनबाट भएका प्रमुख उपलव्धीहरु

**प्रशासन महाशाखा**

- यस आर्थिक वर्षमा कोशी प्रदेश सरकार (मन्त्रिपरिषद्) को ३५ वटा बैठक र सचिव बैठक ८ वटा सम्पन्न भई बैठकको व्यवस्थापन लगायतका कार्यहरु सम्पादन भएका छन् ।
- २०८० पुस, माघ, फागुन र चैत महिनाको मन्त्रिपरिषद् बैठक निर्णय कार्यालयको वेवसाइटमा राखिएको । २०८० सालका सबै म.प. निर्णयहरुलाई स्क्यान गरी pdf फाईल बनाएर राखिएको । मन्त्रिपरिषद् बैठक र सचिव बैठकको मन्त्रालयगत कार्यान्वयन प्रगती विवरण अभिलेखीकरण गरिएको ।
- सूचनाको हकलाई प्रत्याभूत गर्न यस आर्थिक वर्षमा ४ वटा स्वतः प्रकाशन तयार गरी सार्वजनिक गरिएको छ । साथै यस आर्थिक वर्षमा १८ जनाले सूचनाको हक प्रयोग गरी सूचना माग भएकोमा १३ वटा निवेदन माथि सूचचा उपलब्ध गराइएको भने ४ वटा निवेदन सूचना उपलब्ध गराउने प्रकृयामा रहेका छन् ।
- कार्यालय परिसरभित्र सवारीसाधन पार्किङ्गस्थल निर्माण भएको तथा माननीय मुख्यमन्त्रीको सचिवालय रिनोभेसन तथा निवासमा Waiting room निर्माण गरिएको छ ।
- आ.व. २०८०/०८१ मा विनियोजित बजेटको परिधिभित्र रही कार्यालयको समग्र जिन्सी व्यवस्थापन सम्बन्धी कार्य सम्पन्न तथा जिन्सी लिलाम सम्बन्धी प्रक्रियालाई अगाडि बढाइएको ।
- कार्यालयबाट आयोजना गरिएका बैठक, सभा, समारोहको व्यवस्थापन कार्य सम्पन्न गरिएको छ ।

**शासकीय सुधार महाशाखा**

- प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन तयारी तथा कोशी प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत गरी प्रदेश सभामा पठाइएको छ ।
- प्रदेश सुशासन ऐन २०७६ को दफा २२(२) वमोजिम मन्त्रालय मा वहाल रहेका कर्मचारीहरुले पालन गर्नु पर्ने कर्तव्यको प्रकृतिलाई विचार गरी कर्मचारीले पालन गर्नु पर्ने पदीय वा पेशागत आचार संहिता स्वीकृत गरी लागू गरिएको छ ।

- यस आर्थिक वर्षमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विभिन्न मितिमा प्रमुख सचिवबाट आवश्यक निर्णय हुने गरी आएका १८ वटा र राय सहितको विवरण माग भई आएका अन्य गरी जम्मा २५ वटा उजुरी प्राप्त भएकोमा उजुरीहरुको समयमै फछ्र्यौट गरिएको छ ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आयोजना तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को व्यवस्थापनमा कार्य विस्तृतीकरणका सम्बन्धमा सरोकार वाला निकायहरुसँग अन्तरक्रिया तथा छलफल सम्बन्धी वृहत कार्यक्रम सम्पन्न भएको छ ।
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीको संयुक्त आयोजना भ्रष्टाचार विरुद्धको अन्तराष्ट्रिय दिवस कार्यक्रम विराटनगरमा सम्पन्न गरिएको छ ।
- कोशी प्रदेशका १३७ वटै स्थानीय तहलाई समेटने गरी ३ चरणमा प्रमुख सचिवको संयोजकत्वमा प्रशासनिक समन्वय परिषद्को बैठक सम्पन्न गरिएको ।
- माननीय मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेश समन्वय परिषद्को छैटौं वैठक मिति २०८१/०१/२० गते विराटनगरमा विभिन्न निर्णय गर्दै सम्पन्न भएको ।
- प्रदेश सरकारको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम जारी गर्ने कार्य मिति २०८१/०२/२१ गते सम्पन्न भएको ।
- प्रमुख सचिवको संयोजकत्वमा प्रदेशस्तरीय अनुगमन मूल्याङ्कन समितिको वैठक विभिन्न निर्णयहरु गर्दै मिति २०८१/०३/१० गते सम्पन्न भएको ।
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आ.व. ०८१/०८२ को बार्षिक वजेट तथा कार्यक्रम तयार गरी PLMBIS मा प्रविष्टी सम्बन्धी कार्य सम्पन्न भएको ।
- विभिन्न लेख रचना समावेश गरिएको कोशी दर्पण पत्रिका प्रकाशन गर्ने कार्य सम्पन भएको ।
- दोश्रो आवधिक योजनाको अवधारणा पत्र तथा योजना (आ.व. २०८१/०८२- २०८५/०८६) स्वीकृत गरियो ।
- लगानी सम्मेलनका लागि कोशी प्रदेश सरकारका तर्फबाट Showcase गरिने ६ ओटा आयोजना छनौंट गरी लगानी सम्मेलन २०८१ मा प्रस्तुत गरिएको ।
- ताप्लेजुङ, इलाम, तेह्रथुम, भोजपुर, खोटाङ र सोलुखुम्बु सहित पहाडी ६ जिल्लामा उद्योग, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत भेटेरीनरी तथा सेवा विज्ञ केन्द्रको साविकको दरवन्दीमा नवढ्ने गरी अस्थायी संगठन संरचना तथा दरवन्दी स्वीकृत गरिएको ।
- प्रदेश निजामती कितावखाना सञ्चालन सम्बन्धी निर्देशिका, २०८० जारी भई स्थायी कार्यालय तथा स्थायी पद दर्ता सम्बन्धी कार्य सुरू भएको । संघीय सरकारबाट हस्तान्तरण भएको दरबन्दी र प्रदेश सरकारले स्वीकृत गरेको दरबन्दी सङ्ख्या यकिन गरिएको ।

- प्रदेश तथा स्थानीय तहका कर्मचारी र पदाधिकारिको आर्थिक बर्ष २०७९/०८० को सम्पति विवरण प्राप्त गरी भण्डारण तथा व्यवस्थापन गरियो र बार्षिक प्रगति राष्ट्रिय सतर्कता केन्द्रमा पठाइएको ।
- कोशी प्रदेश सरकार, मन्त्रिपरिषद्का सदस्यहरुको सम्पति विवरण सार्वजनिक गरिएको ।
- स्थानीय तहलाई कार्यालय दर्ता र पद दर्ताका लागि कागजात पेश गर्न परिपत्र गरिएको, प्रदेश भित्रका मन्त्रालय, कार्यालय र १३७ स्थानीय तहबाट आ.व. २०७९/०८० को तथा शुरु नियुक्तिको गरी जम्मा ४९,७६६ थान सम्पत्ति विवरण प्राप्त गरी भण्डारण गरी राखिएको ।
- आ.व. २०७९/०८० को सम्पत्ति विवरण नबुझाउने १६७ कर्मचारी तथा पदाधिकारीहरुले जरिवाना बुझाई यस कार्यालयमा प्राप्त भएको सम्पत्ति विवरण भण्डारण गरी राखिएको ।
- सङ्घीय सरकार एवम् स्थानीय तहहरूसँगको सम्बन्धित विभिन्न कार्यहरू सम्पादन गर्न आवश्यक समन्वय, पत्राचार गरिएको ।
- कार्यालयमा पर्न आएका माग, निवेदन, ज्ञापन पत्र लगायतका विषय सम्बोधनका लागि सम्बन्धित निकायहरूमा पत्राचार भएको ।
- प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गतका विभिन्न कृयाकलापहरूको कार्यान्वयन प्रकृया अगाडि बढाईएको ।

**कानून तथा संवैधानिक मामिला महाशाखा**

**१. कानून निर्माणको अवस्था (आ.व. २०८०/८१)**

| क्र.सं. | कानून (ऐन, नियम, निर्देशिका तथा कार्यविधि आदी) | प्रमाणीकरण मिति |
|---|---|---|
| १ | प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०८० | २०८०/०९/०२ |
| २ | स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० | २०८०/०९/२२ |
| ३ | प्रदेश आयोजना बैंक व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८० | २०८०/१०/०६ |
| ४ | प्रदेश किताबखाना (कार्यसञ्चालन) निर्देशिका, २०८० (शासकीय सुधार महाशाखा) | २०८०/१०/२९ |
| ५ | कर्मचारीको स्वतः बढुवा तथा तह वृद्धि सम्बन्धी निर्देशिका, २०८० | २०८०/१२/२६ |
| ६ | प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) (चौथो संशोधन) आदेश, २०८० | २०८१/०३/१९ |

२. अन्य कार्यहरुः

- पूर्वाञ्चल विश्वविद्यालय, कानून सङ्काय डिनको कार्यालयसँगको साझेदारिमा क्लिनिकल, लिगल एजुकेशन कार्यक्रम अन्तरगत पहिलो चरणमा धनकुटा, भोजपुर, ओखलढुङ्गा र इलामका १५ वटा स्थानीय तहमा ३० जना कानूनका विद्यार्थी परिचालन गरी करिव ७२०० भन्दा बढीलाई कानूनी सचेतना प्रदान गरिएको ।
- पूर्वाञ्चल विश्वविद्यालय, कानून सङ्काय डिनको कार्यालयसँगको साझेदारिमा क्लिनिकल लिगल एजुकेशन कार्यक्रम अन्तरगत दोस्रो चरणमा मोरङ्ग, सुन्सरी र झापाका १२ वटा स्थानीय तहमा २३ जना कानूनका विद्यार्थी परिचालन गरी करिव ६४५० भन्दा बढीलाई कानूनी सचेतना प्रदान गरिएको ।
- स्थानीय तहका न्यायिक समितिको क्षमता विकास कार्यक्रम - उदयपुर, ताप्लेजुङ्ग र भोजपुर जिल्लाका सबै स्थानीय तहका न्यायिक समितिका पदाधिकारी तथा उजुरी प्रशासकलाइ अनुशिक्षण गरिएको ।
- स्थानीय तहहरुको कानून निर्माण क्षमता विकास कार्यक्रम - सुनसरी, भोजपुर, पाँचथर र तेह्रथुम जिल्लाका सबै स्थानीय तहका कानून तर्जुमा/विधायन समितिका पदाधिकारी र कर्मचारीलाइ तालिम प्रदान गरिएको ।

## ४.१.४ सुशासन सम्बन्धी विविध विषयहरुः

| क्र.सं. | विवरण | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | पदीय वा पेशागत आचरण । | प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा २२ बमोजिम पदीय वा पेशागत आचरण बनाई मिति २०८०/१०/१० गतेको माननीय मुख्यमन्त्रीस्तरीय निर्णयानुसार लागू गरिएको । उक्त आचारसंहितामा सुशासन प्रवर्द्धनका लागि प्रतिवद्धता, भ्रष्टाचार नगर्ने प्रतिज्ञा र आचारसंहिता पालनाको शपथ ग्रहण गर्ने प्रावधान समेत रहेको छ । |
| २ | नागरिक वडापत्र लागू गरेको विवरण । | मिति २०८१/३/१७ गतेको प्रमुख सचिवस्तरीय निर्णयानुसार डिजिटल डिस्प्ले हुने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय परिसरमा डिस्प्ले गराई नागरिक वडापत्र लागू गरिएको । |
| ३ | सार्वजनिक सुनुवाई । | यस कार्यालयबाट हाल सम्म सार्वजनिक सुनुवाई नभएको । |

| क्र.सं. | विवरण | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ४ | आन्तरिक नियन्त्रण कार्यविधि बनाई लागू गरेको । | आन्तरिक नियन्त्रण कार्यविधि मिति २०८१/०३/१८ गतेबाट माननीय मुख्यमन्त्रीबाट स्वीकृत भई लागू भएको । |
| ५ | सूचना प्रविधि प्रयोग । | PAMS, PLMBIS, e-attendance, Office Automation, CM Dash Board लगायतका सूचना प्रविधिको प्रयोग गरिएको । |
| ६ | गुनासो व्यवस्थापन । | गुनासो व्यवस्थापन निर्देशिका, २०८१ पास भई गुनासो सुनासो व्यवस्थापन कक्ष निर्माण गरी गुनासो सुनुवाई भइ रहेको । |
| ७ | अनुगमन मूल्याङ्कन विवरण । | • कार्यालयवाट तयार गरिएको ५१ बुँदे सूचकका आधारमा सबै जिल्लाको अनुगमन गर्ने कार्य अन्तर्गत यस आ.व. को २०८०/०८१ मा यस प्रदेश अन्तरगतका ६४ वटा कार्यालयहरुमा अनुगमन गरिएको थियो ।<br>• चेकलिष्ट वमोजिम अनुगमन गरी देखिएका कैफियत सुधारका लागि लेखि पठाइएको ।<br>• अनुगमनको क्रममा दरबन्दी बमोजिमका कर्मचारी नभएको, विद्यमान संगठनात्मक स्वरुप उपयुक्त नभएको, कार्यालयमा विद्युतीय हाजिर नभएका लगायतका विषयहरुमा सबैभन्दा वढी कैफियतहरु रहेको पाइएको थियो ।<br>• यस कार्यालयको नेतृत्वमा आन्तरिक मामिला तथा कानून मन्त्रालय, पर्यटन, वन तथा वातावरण मन्त्रालयसँग सो मन्त्रालयका मातहतका निकाय तथा प्रदेश सरकारको लगानी भएका स्थानीय तहहरुसँग स्थलगतरुपमा संयुक्त अनुगमन तथा मूल्याङ्कन कार्य सम्पन्न गरिएको ।<br>• प्रमुख सचिवको संयोजकत्वमा प्रदेश स्तरीय अनुगमन मूल्याङ्कन समितिको वैठक विभिन्न निर्णयहरु गर्दै मिति २०८१/०३/१० गते सम्पन्न गरियो । |
| ८ | जिन्सि निरीक्षण तथा लिलामको अवस्था । | जिन्सी निरीक्षण कार्य गर्ने गरिएको, लिलामको प्रकृया अगाडि वढाइएकोमा हालसम्म लिलामका लागि ३ पटकसम्म सूचना निकालिएको । |

| क्र.सं. | विवरण | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ९ | वेरुजुको लगत र फस्यौंटको विवरण । | यस कार्यालयको वेरुजु रकम रु १४,३५,३४,१७२/७४ रहेकोमा फछ्यौंट रु ७९,९७,१६४/- भई हाल बाँकी रु १३,५५,४२,४०८/७४ रहेको छ । |
| १० | आर्थिक वर्ष २०८०/०८१ कार्य सम्पादन सम्झौता । | आर्थिक वर्ष २०८०/०८१ का लागि माननीय मुख्यमन्त्रीसँग प्रमुख सचिव र प्रमुख सचिवसँग प्रदेश सचिवले गर्नु पर्ने कार्य सम्पादन सम्झौता नभएको तर आर्थिक वर्ष २०८१/०८२ का लागि मिति २०८१/०३/३० गते उक्त कार्य सम्पादन सम्झौता भएको । |
| ११ | सरकारी सम्पतिको विवरण (सवारी साधन लगायत, जग्गा तथा भवनको हकमा संरक्षण, साध सीमाना यकिन तथा अतिक्रमण हुन नदिएको विवरण) । | • मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय भएको जग्गा तथा भवन हालसम्म हस्तान्तरण भई नआए पनि उक्त परिसरमा तीनतले कार्यालय भवन सहित ५ वटा भवन रहेको र उक्त जग्गा तथा भवनको संरक्षण गरिएको । त्यसैगरी सम्पर्क कार्यालय धनकुटामा तत्कालिन क्षेत्रीय प्रशासन कार्यालयको दुई वटा भवन सहितको जग्गा यस कार्यालयको उपयोगमा रहेको ।<br>• स्थानीय विकास तालिम केन्द्र (LDTA) को नाममा रहेको झापा कलवलगुरी स्थित ४७ विघा जग्गा र सो भित्र रहेको १२ वटा भवन प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, झापाले उपयोग गरिरहेको ।<br>• चारपाङ्ग्रे सवारी साधन २३ वटा र दुई पाङ्ग्रे सवारी साधन ३४ वटा रहेको । |
| १२ | कूल दरवन्दी र पद पूर्तिको अवस्था । | यस कार्यालय, प्रदेश लगानी प्राधिकरण र प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलवलगुरी झापा सहितको कूल ९६ वटा दरवन्दी रहेकोमा ७८ वटा पदपुर्ति भई १८ वटा रिक्त रहेको छ । |

### ४.१.५ प्रमुख समस्याहरु

- राजनैतिक अस्थिरता तथा कर्मचारीको अभाव लगायतका कारणहरुबाट लक्षित कार्यक्रमहरुबाट पूर्ण उपलव्धी हासिल गर्न कठिनाई भएको ।
- प्रदेश सरकारको आफ्नै भवन संरचना नभएको ।
- प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई स्थानीय तहबाट नियुक्ति पाएका कर्मचारीहरुको हालसम्म सिटरोल दर्ता हुन नसकेको तथा तलबी प्रतिवेदन समेत पास हुन नसकेको ।
- कार्यबोझ र दरबन्दीबीच तालमेल हुन नसकेको तथा प्रदेशको आफ्नो आवश्यकता बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण हुन नसकेको ।

## ४.२ आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संबिधानको भाग १३ धारा १६२ मा प्रदेश कार्यपालिका सम्बन्धी ब्यवस्था भए बमोजिम कोशी प्रदेश मन्त्रिपरिषद्को गठन मिति २०७४/११/०३ गते भएको हो । नेपालको सविंधानको अनुसूची ६ मा रहेको प्रदेश सरकारको अधिकारको सूची बमोजिम यस मन्त्रालयले मूख्यत शान्ति सुरक्षा, प्रदेश प्रहरी, प्रदेश अनुसन्धान ब्युरो, बिपद व्यवस्थापन, द्वन्द व्यवस्थापन, कानून, न्याय तथा प्रदेश सभा मामिला सम्बन्धी कार्य गर्दछ ।

### ४.२.१ मन्त्रालयको कार्यक्षेत्र

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ अनुसार आन्तरिक मामिला तथा कानून मन्त्रालयको कार्यविवरण यस प्रकार रहेको छः-

१. प्रदेशभित्र शान्ति सुरक्षा र सुव्यवस्था सम्वन्धी नीति, कानून र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्य,

२. अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा,

३. संघीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय,

४. संघीय कानून बमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन,

५. प्रदेशभित्रको अपराध अनुसन्धान, सूचाना सङ्कलन, रोकथाम, नियन्त्रण तथा समन्वय,

६. लागू औषध तथा मानव बेचविखन नियन्त्रण,

७. लागू औषध दुर्व्यसनी र मानव बेचविखनमा परेकाको उपचार र पुनर्स्थापना,

८. अन्तराष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन, विश्लेषण र उपयोग तथा अन्तराष्ट्रिय सीमा सुरक्षामा सहयोग,

९. प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्वन्धी,

१०. सामुदायिक प्रहरी,

११. प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन,

१२. विवाद व्यवस्थापन,

१३. संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजना तथा विष्फोटक पदार्थको नियमन,

१४. निवारक नजरबन्द र स्थान हद सम्बन्धी,

१५. अन्तर प्रदेश सुरक्षा, यातायात, आपूर्ति समन्वय र सम्बन्ध,

१६. स्थानीय प्रशासनसँग समन्वय, सञ्चालन र व्यवस्थापन,

१७. विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण, विपद प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन, जिल्ला तथा स्थानीय विपद् व्यावस्थापन समितिसँग समन्वय, सहकार्य र सहयोग,

१८. विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन, अध्यन तथा अनुसन्धान,

१९. विपद् जोखिम क्षेत्र नक्साङ्कन र बस्ती स्थानान्तरणका लागि सम्बन्धित मन्त्रालयसँग समन्वय र सहकार्य,

२०. विवद् पूर्वसूचना प्रणाली सञ्चालन व्यवस्थापन र कार्यान्वयन,

२१. मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन,

२२. प्रदेशस्तरमा सार्बजनिक बिदा, उत्सव, उर्दी आदिको व्यवस्थापन,

२३. प्रदेश सरकारको तर्फबाट गरिने सभा समारोहको व्यवस्थापन,

२४. अतिविशिष्ट तथा विशिष्ट व्यक्तीको लागि सवारी साधन तथा आवास व्यवस्थापन,

२५. प्रदेशस्तरमा दीगो शान्ति व्यवस्थापन तथा द्धन्द्धबाट पीडित तथा विस्थापित व्यक्तिको पुनर्स्थापना,

२६. अपराध तथा यातना पिडितको पुनर्स्थापना र क्षतिपूर्ति,

२७. सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्बन्धी,

२८. प्रदेशका विषयगत मन्त्रालयले मस्यौदा गरेको ऐन, नियम र गठन आदेशको तर्जुमा सुधार,

२९. अध्यादेशको तर्जुमा र सो सँग सम्बन्धित काम,

३०. प्रदेश कानून तर्जुमाका लागि राय तथा सहमति,

३१. प्रदेश कानूनको एकीकरण, संहिताकरण तथा अभिलेख व्यवस्थापन,

३२. प्रदेश कानूनको प्रकाशन तथा वितरण,

३३. प्रदेशका महत्वपूर्ण कानूनी लिखतहरुको अभिलेख व्यवस्थापन,

३४. प्रदेश राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पदन र प्रकाशन एवम् सबै सार्बजनिक निकायमा प्राप्त हुने गरी प्रदेश राजपत्रको वितरण व्यवस्थापन,

३५. संघबाट प्रकाशित नेपाल राजपत्रको प्राप्ति, अभिलेख र सवै प्रदेश मन्त्रालय आयोगमा वितरण व्यवस्थापन,

३६. प्रदेश सरकारका मन्त्रालय र निकायबाट दातृनिकाय र नीजि क्षेत्रसंग हुने करार वा सम्झौताको मस्यौदा तर्जुमामा सहयोग र सो सम्वन्धी कानूनी राय,

३७. संघीय र प्रदेश कानूनको कार्यान्वयन,

३८. मन्त्रालय र प्रदेश कानून बमोजिम गठित आयोग, निकाय र प्राधिकरणलाई कानूनी राय,

३९. प्रदेश सरकारको हकहित सरोकार भएको मुद्दामा भएको फैसला र आदेशको अभिलेख व्यवस्थापन र कार्यान्वयन,

४०. न्यायिक निकायले गरेको फैसला कार्यान्वयनमा सहयोग र सहजिकरण,

४१. प्रदेश सभा सदस्य र अन्य पदाधिकारीको सेवा, सुविधा सम्वन्धी कानून तर्जुमा,

४२. प्रदेश सरकारको निर्णय बमोजिम प्रदेश सभामा विधेयक प्रस्तुत गर्ने विषय,

४३. प्रदेश सभासँगको समन्वय,

४४. प्रदेशस्तरको यातायात सम्वन्धी नीति, कानून, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन,

४५. यातायात सम्बद्ध कार्यालयहरुको व्यवस्थापन सुधार सहित आधुनिक र विश्वसनीय प्रविधिको प्रयोग एंव व्यवस्थापन गरी प्रदेशमा नागारिकलाई झन्झटरहित, बिचौलियारहित, अनियमिततारहित र सुशासनको पूर्ण प्रत्याभूति सहित सवारी दर्ता र नवीकरण, सार्वजनिक यातायातको रुट अनुमती, चालक अनुमती र नवीकरण लगायत यातायात सम्बद्ध कार्य र सेवा प्रवाहको प्रभावकारी व्यवस्थापन,

४६. सवारी चालक अनुमती सम्वन्धी प्रत्येक ट्रायल परीक्षाको सीसी क्यामेरा वा भिडियो क्यामराको प्रयोगद्धारा भिडियो तयारी र सोको डिजिटल रेकर्डको ब्यवस्थापन र परीक्षार्थीको फोटो सहितको पूर्ण डिजिटलयुक्त विवरण सहितको प्रतिवेदन र अनुगमन

४७. प्रदेशभित्र सार्वजनिक यातायातको मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन,

४८. वातावरणमैत्री, अपाङ्गतामैत्री, जेष्ठ नागरिक मैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन तथा व्यवस्थापन,

४९. सवारी प्रदुषण अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन,

५०. सुरक्षित यातायात र सवारी प्रदुषण नियन्त्रण सम्वन्धी योजना निर्माण र कार्यान्वयन,

५१. प्रदेशस्तरको सूचना प्रविधि तथा विद्युतीय सञ्चार माध्यम सञ्चालन सम्वन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन तथा अनुमति, ईजाजत र नवीकरण, नियमन,

५२. प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन,

५३. प्रदेशभित्र सूचना प्रविधिको प्रवर्द्धन, टेलिसेन्टर र सूचना प्रविधि पार्कको निर्माण, व्यवस्थापन, सञ्चालन र नियमन,

५४. प्रदेशस्तरका ईन्टरनेट सेबा र अनलाईन तथा अन्य प्रविधिमा अधारित सञ्चार माध्ययमको दर्ता, अभिलेख, अनुमति, नविकरण र अनुगमन,

५५. प्रदेश सरकार मातहतका निकायहरुमा सफ्टवेयरको प्रयोग र अन्तरआवद्धता, सफ्टवेयरको मापदण्ड निर्धारण, सफ्टवेयरमा प्रविष्टि तथाङ्कको सुरक्षा र दुरुपयोग नियन्त्रणको प्रत्याभूती,

५६. साईवर सुरक्षा अनुगमन,

५७. छापा सञ्चारको माध्यमको दर्ता, अनुमती, अभिलेखाङ्कन, वर्गीकरण, आचार संहिता निर्धारण र अनुगमन,

५८. प्रेस सूचना प्रवाह, सूचना सामाग्रीको उत्पादन, प्रकाशन र वितरण,

५९. श्रमजीवि सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन,

६०. प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्वन्धी,

६१. केबुल वितरणको ईजाजत, नवीकरण र नियमन,

६२. चलचित्र निर्माण, सिनेमा हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन,

६३. सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण, जग्गा वा सम्पत्ति प्राप्ति सम्वन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन,

६४. भुमि व्यवस्थापन, भू-उपयोग तथा चक्लाबन्दी सम्वन्धी प्रदेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन

६५. प्रदेश संरचना निर्माणका लागि संध तथा स्थानीय तहसँग समन्वय गरी उपयुक्त सरकारी वा सार्बजनिक जग्गाको खोजी र प्राप्ती गर्ने । साथै, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक

अभिलेख व्यवस्थापन एवम् स्थानीय प्रशासन तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा संरक्षण,

६६. संघीय सरकारबाट भूमि सम्वन्धी नक्सा, भौगोलिक सूचना र अभिलेख प्राप्त गर्ने विषय, प्रदेश भित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन,

६७. नाप नक्साका नियन्त्रण विन्दूहरुको सञ्जाल स्थापना,

६८. क्रमबद्ध कित्ता नापी र भूमी लगत सम्वन्धी मापदण्ड र कार्यान्वयन,

६९. भूमिहीनको जीविकोपार्जन र पुनः स्र्थापना सम्बन्धी प्रादेशिक नीति, कानून मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

७०. प्रदेशको स्वामित्वमा रहेको सरकारी जग्गा भाडामा दिने वा उपयोग गर्ने सम्वन्धी निति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

७१. गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी र गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन एवम् सो सम्बन्धमा संघ र स्थानीय तहसँग समन्वय,

७२. अन्य मन्त्रालयको कार्याक्षेत्रमा नपरेका बाँकी सम्पूर्ण विषयहरु ।

## ४.२.२ संक्षिप्त वित्तीय विवरण

| निकाय | चालु | पूँजीगत | जम्मा |
|---|---|---|---|
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | ४४,४७,०६,००० | ७,९६,००,००० | ५२,४३,०६,००० |
| ८ ओटा यातायात व्यवस्था कार्यालय तथा सेवा कर्यालयहरु | २०,६९,८८,००० | ७४,७०,००० | २१,४४,५८,००० |
| कुल जम्मा | ६५,१६,९४,००० | ८,७०,७०,००० | ७३,८७,६४,००० |
| वित्तीय प्रगति | | | |
| निकाय | चालु खर्च | पूँजीगत खर्च | जम्मा खर्च |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | २३,६१,०५,२८० | २,०५,८९,४७९ | २५,६६,९४,७५९ |
| ८ ओटा यातायात व्यवस्था कार्यालय तथा सेवा कर्यालयहरु | १७,३४,९१,००० | ६३,३३,००० | १७,९८,२४,००० |
| कुल जम्मा | ४०,९५,९६,२८० | २,६९,२२,४७९ | ४३,६५,१८,७५९ |
| प्रतिशतमा | ६२.८५% | ३०.९२% | ५९.०९% |

### ४.२.३ प्रमुख उपलब्धिहरूः

**प्रशासन तथा योजना तर्फ**

- मन्त्रालय परिसरमा आवास भवन तथा विपद् गोदामघरको निर्माण कार्य सम्पन्न भएको ।
- आ.व. २०८०/०८१ को लागि माननीय मुख्यमन्त्री एवम् आन्तरिक मामिला तथा कानून मन्त्री उद्धव थापा र प्रदेश सचिव सुरेश राउत बीच कार्यसम्पादन सम्झौता भएको ।

**सञ्चार तथा सूचना प्रविधि तर्फ**

- सञ्चार माध्यमको सहयोगमा कोशी प्रदेशका पर्यटकीय स्थानहरूको प्रवर्द्धका लागि पर्यटन प्रबर्द्धन प्रचार प्रसार गरिएको ।
- झापा जिल्लाको विर्तामोडमा उद्घाटन गरी मोरङको विराटनगरमा समापन गर्ने गरी करिब साता व्यापी चलचित्र महोत्सव सम्पन्न भएको ।
- कोशी प्रदेशलाई कार्यक्षेत्र बनाई लामो समयदेखि कार्यरत ४ जना पत्रकारहरूलाई सम्मान गरिएको ।
- प्रदेश पत्रकार संघ संस्थाहरूलाई संस्थागत अनुदान उपलब्ध गराइएको ।

**यातायात व्यवस्था तर्फ**

- सडक दुर्घटना सम्बन्धी सचेतना कार्यक्रम मोरङ, झापा, सुनसरी, उदयपुर र ओखलढुङ्गाका विभिन्न स्थानमा सम्पन्न भएको ।
- अस्थायी सवारी चालक अनुमतिपत्रको कार्ड प्रिन्टर र कार्टेज खरिद सम्पन्न भई यातायात व्यवस्था कार्यालयहरूबाटै अस्थायी लाइसेन्स प्रिन्ट गरेर दिने तयारी गरिएको ।
- राडार गन खरिद गरी हस्तान्तरण गरिएको तथा प्रदूषण परीक्षण यन्त्र खरिद गरी यातायात कार्यालयलाई हस्तान्तरण गरिएको ।
- माध्यमिक तहमा अध्ययनरत् विद्यार्थीहरुलाई सवारी तथा लाइसेन्स सम्बन्धी अभिमुखिकरण कार्यक्रम झापा, मोरङ तथा इलाम जिल्लाको विभिन्न विद्यालयहरुमा सम्पन्न गरिएको ।
- इलामको पशुपतिनगरमा सवारी पटके बाटो इजाजत राजश्व संकलन केन्द्रको स्थापना गरिएको ।
- ट्राफिक सचेतना सम्बन्धी आवश्यक सामग्री खरिद गरी कोशी प्रदेश ट्राफिक प्रहरीलाई हस्तान्तरण गरिएको ।
- स्वचालित प्रणाली अन्तर्गत कोशी प्रदेशभरिका सार्वजनिक यातायातले लिने भाडादर निर्धारण/समायोजन गरिएको ।

- मिति २०८१ साल असारमा १४ वटै जिल्लामा एकैसाथ ट्राफिक सप्ताह सम्पन्न गरेको ।
- मातहतका यातायात व्यवस्था/सेवा कार्यालयहरुको समय-समयमा अनुगमन तथा निरीक्षण हुने गरेको ।
- यातायात व्यवस्था सेवा कार्यालयहरु उदयपुर, धनकुटा, इलाम र यातायात व्यवस्था कार्यालय, झापामा सार्वजनिक सुनुवाई सम्पन्न गरिएको ।
- हालसम्म यातायात कार्यालयहरुबाट संकलन भएको विवरण ।
- आ.व. २०८०/८१ मा यातायात कार्यालयहरुबाट राजश्व : रु २,९३,९१,०४,६७९/- संकलन भएको, सवारी दर्ताः ३५,९६९ भएको तथा सवारी चालक परिचय अनुमति पत्र ३८,३४० थान वितरण भएको ।
- कोशी प्रदेशमा सञ्चालनमा रहेका ड्राइभिङ सेन्टरहरूको विवरणः

| क्र.सं. | जिल्लाको नाम | संख्या | दर्ता भएको संख्या |
|---|---|---|---|
| १ | सुनसरी | ३० | ६ |
| २ | मोरङ | १२ | ११ |
| ३ | झापा | २६ | ७ |
| ४ | धनकुटा | ३ | १ |
| ५ | उदयपुर | १ | १ |
| ६ | इलाम | १ | १ |
| ७ | ओखलढुङ्गा | १ | १ |
| ८ | पाँचथर | १ | १ |

यस मन्त्रालय दर्ता भएका ड्राइभिङ सेन्टरहरूको जम्मा संख्याः २९ र दर्ता भएका वर्कशपहरूको संख्या जम्माः ४ रहेको छन् ।

### विपद् व्यवस्थापन तर्फ

- उर्लाबारीमा भएको आगलागीबाट पिडित व्यक्तिहरूलाई उद्धार गरी अस्पतालहरूमा उपचार गराइएको र उपचार खर्चवापत ९ लाख ८७ हजार ४ सय ४ रूपैया सम्बन्धित अस्पतालमा निकासा गरिएको ।
- कर्णाली प्रदेशको जाजरकोट लगायतका जिल्लामा गएको भुकम्पबाट प्रभावित मानिसका लागि राहत स्वरूप कर्णाली प्रदेश सरकारलाई १ करोड रकम तथा ३०० थान ब्ल्याङ्केट र १० रोल म्याट प्लास्टिक सामग्री उपलब्ध गराइएको ।

- मोरङको रंगेली, सुनसरीको बर्जु, इलाम र उदयपुरमा आगलागीबाट पीडित परिवारलाई तथा सोलुखुम्बु, ओखलढुङ्गा जिल्लाको चिशंखुगढी गाउँपालिका र सुनकोशी गाउँपालिकामा पहिरोबाट विस्थापित परिवारलाई राहत सामग्री उपलब्ध गराइएको । साथै विभिन्न जिल्लाका सितलहरबाट प्रभावित परिवारलाई ब्ल्याङ्केट उपलब्ध गराइएको ।
- जिल्ला प्रशासन कार्यालयहरूबाट राहत लागि सिफारिस भई आएका ३७५ परिवारलाई विपद्बाट भएको क्षेति मूल्याङ्कनको आधारमा र मृत्यू भएका ९ जना मृतकका परिवारलाई राहत रकम उपलब्ध गराइएको (आ.ब. २०८०/८१ मा जम्मा १ करोड ७ लाख ११ हजार रकम निकासा) ।
- एकीकृत विपद् व्यवस्थापन गर्ने उद्देश्य अनुरूप सह लगानीमा रंगेली नगरपालिका, अर्जुनधारा नगरपालिका र कोशी गाउँपालिका केन्द्र रहेको मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र स्थापनाका लागि २/२ करोड रकम निकासा भई भवन निर्माण कार्य भइरहेको ।
- मनसनुजन्य विपद्बाट प्रभावित ४१९ निजी आवासहरूको पुनर्निर्माण तथा पुनर्स्थापना र ३७ निजी आवासहरूको प्रबलीकरणका लागि रकम निकासा गरिएको ।
- पाँचथरका १९७ लाभग्राहीहरूको पहिलो किस्ता, भोजपुरका ४८ लाभग्राहीहरू मध्ये ३८ जना लाभग्राहीहरूको अन्तिम किस्तासम्म र १० जना लाभग्राहीहरूको पहिलो किस्ता, इलामका १०७ जना लाभग्राहीहरूको पहिलो किस्ता, ताप्लेजुङका ६२ जना लाभग्राही मध्ये ८ जनाको अन्तिम किस्तासम्म, ३९ जनाको दोस्रो किस्तासम्म र १५ जनाको पहिलो किस्ताको मात्र र झापाका ५ जना मध्ये १ जनाको अन्तिम किस्तासम्म र बाँकी ४ जनाको पहिलो किस्ताको मात्र रकम निकासा भएको ।
- नेपाली सेना पूर्वी पृतना हेडक्वाटर इटहरी सुनसरीसँगको सहकार्यमा प्रदेश मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, ४ वटै सुरक्षा निकाय र संघ सस्थाहरूका प्रतिनिधिहरूको सहभागितामा १ दिने सैद्धान्तिक ज्ञान, १ दिने TTX र १ दिने कृतिम घटना अभ्यास गरी कार्यक्रम सम्पन्न गरिएको ।
- सशस्त्र प्रहरी बल नेपालसँगको सहकार्यमा गोताखोर तालिम सम्पन्न गरिएको ।
- नेपाल प्रहरीका जवान/अधिकृत ९० जना तथा सशस्त्र प्रहरी बल नेपालका जवान/अधिकृत ३५ जना गरी १२५ जनालाई विपद् प्रतिकार्य सम्बन्धी (अग्नी नियन्त्रण र मेडिकल फस्ट रेस्पोण्डर सम्बन्धी) तालिम प्रदान गरिएको ।
- मनुसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०८१ विपद् व्यवस्थापन परिषद्बाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको ।
- प्रदेशबासीलाई विपद् सम्बन्धी पूर्व सूचना दिई विपद् जोखिम न्यूनीकरण गर्न सहयोग पुऱ्याउने हेतुले विपद् पोर्टल सञ्चालनमा ल्याइएको ।

- प्रकोप जोखिम क्षेत्रहरूको नक्साङ्कन कार्यका लागि प्रारम्भिक तथ्याङ्क संकलन/राय सुझाव लिने प्रयोजनका लागि १४ वटै जिल्लामा कार्यशाला सम्पन्न गरिएको । रु २ करोड रकम विपद् कोषमा जम्मा हुने गरी निकासा गरिएको ।
- आ.व. २०८०/०८१ मा प्रदेश विपद् व्यवस्थापन परिषद्को १ वटा र कार्यकारी समितिको २ वटा बैठक सम्पन्न भएको ।
- यस बर्षको मनसुन शुरू भएसँगै विपदबाट भएको क्षतिको यथार्थ विवरण जानकारी गराउन विपद् दैनिक बुलेटिन प्रकाशनमा ल्याइएको ।

### शान्ति सुरक्षा तर्फ

- सशस्त्र प्रहरी बल नेपाल, बराह बाहिनी मुख्यालय, पकली सुनसरीसँग सुरक्षित सीमा सुरक्षित जीवन कार्यक्रम सञ्चालन गर्न सम्झौता भई कार्यसम्पन्न भएको ।
- प्रदेश सुरक्षा नीति, २०८० को प्रारम्भिक मस्यौदा गरिएको ।
- कोशी प्रदेशस्थित सुरक्षा निकायका प्रमुख, प्रदेशका सबै जिल्लाहरुका प्रमुख जिल्ला अधिकारी लगायतको सहभागितामा प्रदेशको विद्यमान सुरक्षा अवस्था, समस्या र चुनौती तथा आगामी कार्यभार लगायतका विषयमा प्रदेशस्तरीय सुरक्षा गोष्ठी मिति २०८१ जेठ २७ र २८ गते सम्पन्न भएको ।
- प्रदेशको समग्र सुरक्षा व्यवस्थापनका सम्बन्धमा प्रदेश सुरक्षा समन्वय समितिको बैठक ११ पटक बसेको ।

### प्रहरी प्रशासन तथा अनुसन्धान शाखा तर्फ

- हामी स्वयम्सेवी अभियान कार्यक्रम निर्देशक तथा १४ ओटै जिल्लामा जिल्ला संयोजक छनौट कार्यसम्पन्न गरिएको ।
- धनकुटाको हिलेमा जिल्ला संयोजकहरुलाई ५ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको ।
- विभिन्न प्रहरी कार्यालयहरु तथा चौकीहरुको अनुगमन तथा निरीक्षण गरिएको ।

### कानून तर्जुमा तथा फैसला कार्यान्वयन शाखा तर्फ

- केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको अध्यादेश ,२०८० जारी भएको ।
- कोशी प्रदेश विपन्न तथा सुकुम्बासीहरुलाई जग्गा खरिदमा ब्याज अनुदान कार्यक्रम (संचालन) कार्यविधि, २०८० तर्जुमा भएको ।
- कोशी प्रदेश आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८० तर्जुमा भएको ।
- लागु औषध नियन्त्रण, सचेतना प्रवर्धन, मानव बेचबिखन एवम् पुनर्स्थापना केन्द्रसँग सहकार्य र अनुदान वितरण कार्यक्रम सञ्चालन निर्देशिका, २०८० तर्जुमा भएको ।

- सवारी चालक अनुमतिपत्र प्रशिक्षण केन्द्र (छनौट तथा सञ्चालन), कार्यविधि, २०८० तर्जुमा भएको ।
- कानूनी सहायता कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को प्रारम्भिक मस्यौदा तयारी भएको ।
- केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको अध्यादेश ,२०८० खारेजी भएको ।
- विपद् खोज उद्धार तथा राहत वितरण मापदण्ड, २०७६ को दोस्रो संशोधन, २०८१ जारी भएको ।
- केही प्रदेश ऐनमा साविकको व्यवस्था जगाउने विधेयक, २०८१ जारी भएको ।
- वृहत वराहक्षेत्र, हलेसी, पाथीभरा, केचना, कञ्चनजंघा विकास समिति सम्बन्धी ४ वटा गठन आदेशको प्ररम्भिक मस्यौदा तयार गरी सम्बन्धित मन्त्रालयमा पठाईएको ।
- कोशी प्रदेश आम संचार सम्बन्धी विधेयकको मसौदा तयार भएको ।
- प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १ को क्र.स. ७ मा हेरफेर (मा. सभामुख र मा.उपसभामुखको सेवा सुविधामा हेरफेर) ।

**भूमि व्यवस्थापन शाखा तर्फः**

- प्रदेश भित्रका सार्वजनिक तथा गुठी जग्गाको अभिलेख संकलन गरिएको ।
- मेरो कित्ता तथा Nepal Land Information System सञ्चालनका लागि १५ वटा नापी कार्यालयहरुलाई एकमुष्ट अनुदान प्रदान गरिएको ।
- A0 scanner/ plator खरिद गरी नापी कार्यालय, सुनसरीलाई हस्तान्तरण गरिएको ।
- कोशी प्रदेश सरकारको भौतिक संरचना निर्माण गर्न जग्गा प्राप्तिका लागि साविक बखरी गा.वि.स. हाल विराटनगर महानगरपालिका वडा नं. ५ मा ५ विगाहा जग्गा प्राप्तिका लागि सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धि कार्यनीति, २०७९ को दफा ५ बमोजिमको समितिबाट सिफारिस भई भुमि व्यबस्थापन तथा अभिलेख विभागमा पठाइएको ।

### ४.२.४ सुशासन सम्बन्धी विविध विषयहरुः

| क्र.सं. | विवरण | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | पदीय वा पेशागत आचरण । | • प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन ऐन, २०७६ को दफा २२ बमोजिमको पदीय वा पेशागत आचरण यस मन्त्रालय तथा मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरूले पालना गर्दै आएको र संघीय निजामती सेवा ऐन, नियमावली, प्रदेश निजामती सेवा ऐन तथा नियमावलीमा उल्लेख भएका निजामती कर्मचारीले पालना गर्नु पर्ने पदीय वा पेशागत आचरण पालना गर्न प्रभावकारी रूपमा पालना गरिएको । |
| २ | नागरिक वडापत्र लागू गरेको विवरण । | • यस मन्त्रालय मातहत रहेका ८ वटा यातायात व्यवस्था/ सेवा कार्यालयहरूमा नागरिक बडापत्रको व्यवस्था लागू गरिएको छ । नागरिक बडापत्रमा कार्यालयले दिने सेवाको प्रकृति, लाग्ने समय, लाग्ने दस्तुर, जिम्मेवार कर्मचारीसम्बन्धी व्यवस्था गरिएको छ । |
| ३ | सार्वजनिक सुनुवाई । | • यस मन्त्रालयले आ.व. २०८०/०८१ मा यातायात व्यवस्था कार्यालय, झापा, यातायात व्यवस्था सेवा कार्यालय, इलाम, उदयपुर र धनकुटामा एकएक पटक सार्वजनिक सुनुवाई गरिएको । सार्वजनिक सुनुवाईमा कार्यालयमा सेवा प्रवाहको दौरानमा सेवाग्राहीको गुनासोको उचित सुनुवाईको व्यवस्था गरिएको । |
| ४ | आन्तरिक नियन्त्रण कार्यविधि बनाई लागू गरेको । | • प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३३ बमोजिम यस मन्त्रालय र मातहतको आन्तरिक नियन्त्रण प्रणाली, २०८१ तयार गरी यस मन्त्रालयको मिति २०८१/०३/१६ को निर्णय (मन्त्रीस्तर) अनुसार स्वीकृत गरी लागू गरिएको छ । |
| ५ | सूचना प्रविधि प्रयोग । | • मन्त्रालयमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) लागू गरी दर्ता, चलानी, चिठ्ठीपत्र, टिप्पणी तयारी, स्वीकृति लगायतका कार्यहरू सोही प्रणाली मार्फत् गर्ने गरिएको साथै PAMS V2 लागू गरी माग फाराम, मर्मत आदेश, दाखिला प्रतिवेदन लगायतका कार्यहरू प्रणालीमार्फत् नै गर्ने गरिएको । |

<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th colspan="3">कार्यान्वयनको अवस्था</th></tr>
<tr><td>६</td><td>गुनासो व्यवस्थापन ।</td><td colspan="3">• यस मन्त्रालयका कानुन महाशाखा प्रमुख श्री विश्वदीप बेस्नालाई गुनासो सुन्ने अधिकारी तोकी गुनासो पेटिका, हेलो सरकार लगायत विभिन्न माध्यमबाट प्राप्त भएका गुनासोहरू सम्बोधन गरी गुनासो व्यवस्थापन गर्ने गरिएको ।</td></tr>
<tr><td>७</td><td>अनुगमन मूल्याङ्कन विवरण ।</td><td colspan="3">• माननीय मन्त्री तथा श्रीमान् सचिव लगायत मन्त्रालयका कर्मचारीहरुसमेतको टोलीले यातायात कार्यालयहरूको अनुगमन गरेको र देखिएका कमजोरीहरू तत्काल सुधार गर्न निर्देशन दिएको ।</td></tr>
<tr><td>८</td><td>जिन्सि निरीक्षण तथा लिलामको अवस्था ।</td><td colspan="3">• मन्त्रालयमा रहेका सम्पत्तिहरूको प्रत्येक आ.व. समाप्त भएपछि जिन्सी निरीक्षण गर्ने गरिएको । जिन्सी निरीक्षणबाट प्राप्त प्रतिवेदनअनुसार मर्मत गर्नु पर्ने, स्क्र्याप गर्नु पर्ने र लिलाम गर्नु पर्ने जिन्सीहरूको सोही बमोजिम व्यवस्थापन गर्ने गरिएको । हालसम्म यस मन्त्रालय तथा मातहतका कार्यालयहरूका जिन्सी सामानहरूको लिलाम बिक्री नभएको ।</td></tr>
<tr><td rowspan="3">९</td><td colspan="4">वेरुजुको लगत र फस्यौंटको विवरण ।</td></tr>
<tr><td>जम्मा बेरुजु</td><td colspan="2">फस्यौंट</td><td>बाँकी बेरुजु</td></tr>
<tr><td>१७,५८,७५,९२९.५१</td><td colspan="2">९,६७,७९,३४५.११</td><td>७,९०,९६,५८४.४०</td></tr>
<tr><td>१०</td><td>आर्थिक वर्ष २०८०/०८१ कार्य सम्पादन सम्झौता ।</td><td colspan="3">• यस मन्त्रालयमा आ.व. २०८०/०८१ को लागि माननीय मुख्यमन्त्री एवम् आन्तरिक मामिला मन्त्री उद्धव थापा र प्रदेश सचिव श्री सुरेश राउत बीच कार्यसम्पादन सम्झौता भएको ।</td></tr>
<tr><td>११</td><td>सरकारी सम्पतिको विवरण (सवारी साधन लगायत, जग्गा तथा भवनको हकमा संरक्षण, साध सीमाना यकिन तथा अतिक्रमण हुन नदिएको विवरण) ।</td><td colspan="3">• यस मन्त्रालयमा देहायबमोजिमको सवारी साधनहरू रहेका छन् ।<br>✓ दुईपाङ्ग्रे सवारी साधन- ३९ वटा<br>✓ चार पाङ्ग्रे सवारी साधन- १२ वटा</td></tr>
<tr><td>१२</td><td>कूल दरवन्दी र पद पूर्तिको अवस्था ।</td><td colspan="3">• मन्त्रालयलको कूल दरवन्दी ५८ रहेकोमा पद पूर्ति ३९ र रिक्त पद १९ रहेको छ । संघबाट कामकाजमा ९ जना रहनु भएको छ ।</td></tr>
</table>

### ४.२.५ प्रमुख समस्याहरु

- स्वीकृत दरबन्दी बमोजिम पदपूर्ति हुन नसक्दा बजेट तथा कार्यक्रम लगायतका कार्य समयभित्रै गर्न नसकिएको ।
- योजनावद्ध रुपमा विपद् जोखिम न्यूनीकरणका कार्यलाई अगाडी बढाउन नसकिनु ।
- मालपोत र नापी कार्यालयहरु संघ मातहत रहेकाले भूमि व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी ढङ्गबाट अगाडि बढाउन नसकिनु ।
- राहत वितरणका लागि एकीन तथ्याङ्क प्राप्त गर्न कठिनाई ।
- विपद् व्यवस्थापनको कार्यमा दक्ष जनशक्ति अभाव ।
- सवारी चालक अनुमति पत्र कार्ड छपाई सम्बन्धी उपकरण र जनशक्तिको अभाव रहेको । यातायात लाइसेन्सको प्राविधिक नियन्त्रण संघमा रहेकोले संघमा निर्भर रहनु पर्ने अवस्था रहेको ।
- जिल्लाबाटै भईरहेको सञ्चार माध्यमहरुको दर्ता नविकरण प्रदेशमा केन्द्रीकृत भएकोले सेवाग्राहीले थप सास्ती भोग्नु परेको ।

### ४.२.६ विविध

- साविकमा भाडाका घरमा सञ्चालनमा रहेका यातायात व्यवस्था कार्यालय, सवारी, सुनसरी र यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, सुनसरी आफ्नै भवनमा स्थानान्तरण भई सेवा प्रवाह सुरू गरेको ।
- यातायात व्यवस्था सेवा कार्यालय, उदयपुर जलजले स्थित नव निर्मित भवनमा सर्ने तयारीमा रहेको ।
- कोशी प्रदेश भित्र सञ्चालनमा रहेका ड्राइभिङ सेन्टरहरूलाई मापदण्ड पुरा गरी दर्ताको प्रक्रियामा ल्याउन सूचना प्रकाशन गरिएको, दर्ता नभएका ड्राइभिङ सेन्टरका सवारी साधनलाई लाइसेन्सको ट्रायल प्रक्रियामा सहभागी नगराउन यातायात व्यवस्था/सेवा कार्यालयहरूमा परिपत्र गरिएको ।

## ४.३ आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन, वित्तीय व्यवस्थापन, राजस्व संकलन, अनुदान व्यवस्थापन, राजस्व व्यवस्थापन, आर्थिक विकास, प्रदेश सरकारको अल्पकालिन र दीर्घकालिन खर्च व्यवस्थापन सम्वन्धी कार्यको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयको स्थापना भएको हो । नेपालको संविधान बमोजिम संघीय संरचना अनुरुप मिति २०७४ माघ २१ गते यस मन्त्रालयको स्थापना भएको हो । यस मन्त्रालय अन्तरगत प्रदेश लेखा नियन्त्रक कार्यालय विराटनगर र पाँच जिल्लामा प्रदेश लेखा ईकाइ कार्यालयहरु रहेका छन् ।

### ४.३.१ मन्त्रालयको कार्यक्षेत्र

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयको कार्यविवरण यस प्रकार रहेको छः-

१. प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,

२. प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,

३. प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्य स्थिरता सम्वन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,

४. संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन,

५. प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर,

६. राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग,

७. प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,

८. प्रदेश राजस्व सम्वन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन,

९. प्रदेश सार्वजनिक खर्च सम्वन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान,

१०. संघीय नीति अनुरुप सहवित्तीयकरण,

११. प्रदेश आर्थिक कार्यविधि सम्वन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन,

१२. प्रदेश आर्थिक ऐन, प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन,

१३. प्रदेश सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन,

१४. प्रदेश पूरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्वन्धी,

१५. प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,

१६. प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्यसञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण,

१७. घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना सङ्कलन, बाँडफाँड र उपयोग सम्वन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन,

१८. संघीय कानुन अनुसार प्राकृतिक श्रोतबाट प्राप्त रेयल्टी र शुल्क सङ्कलन, नियमन र हस्तान्तरण,

१९. राजस्व चुहावट नियन्त्रण सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

२०. संघ र स्थानीय तहसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्वन्ध र सहकार्य,

२१. प्रदेश तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्वस्थापन सम्वन्धमा प्रादेशिक नीति, कानून, मापडण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संध र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य,

२२. वीमा र वीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन,

२३. प्रदेशस्तरका सार्वजनिक संस्थान, बैङ्क तथा वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन,

२४. आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको समन्वय र सहकार्य,

२५. गरिबी निवारण सम्वन्धी प्रादेशिक नीति, कानून, मापडण्ड एवम् योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना सङ्कलन, गरिव घरपरिवार पहिचान र सोको अभिलेख व्यवस्थापन ।

## ४.३.२ संक्षिप्त वित्तीय विवरण

आ.व.२०८०/०८१ मा आर्थिक मामिला तथा योजना मन्त्रालय र मातहतका कार्यालयहरु सहितको बजेट विनियोजन र खर्चको विवरण देहायअनुसार रहेको छः-

(रकम रु.हजारमा)

| शीर्षक | विनियोजन | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|
| चालु खर्च | २१,८०,०५६ | १६,१३,६९८ | ७४.०% |
| पूँजीगत खर्च | ६,९५० | ४,०४० | ५८.२% |
| जम्मा | २१,८७,००६ | १६,१७,७३८ | ७३.९% |

**पुनश्चः**

आ.व.२०७९/८० मा प्रदेशलाई प्राप्त संघ सशर्त, समपूरक र विशेष अनुदानको खर्च नभई बचत रकम आ.व.२०८०/८१ मा संघीय सञ्चित कोषमा फिर्ता गरिएको रु.१ अर्ब ५२ करोड २८ लाख रकम माथिको तालिकामा चालु खर्चमा समावेश गरिएको छ ।

### ४.३.३ प्रमुख उपलब्धिहरू

- बजेट तर्जुमा आ.व.२०८०/८१ को लागि अध्यादेश मार्फत ल्याइएको बजेटलाई प्रतिस्थापन गरी बजेट तर्जुमा गरिएको । साथै आ.व.२०८१/८२ को बजेट तर्जुमा सम्बन्धी कार्य गरिएको ।
- नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजना बनाई कार्यान्वयन गरिएको ।
- प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ लाई प्रतिस्थापन गरी नयाँ ऐन बनाउने गरी विधेयक तर्जुमाको अवधारणापत्र प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भई विधेयक तर्जुमा प्रक्रिया अघि बढाइएको ।
- तथ्याङ्क सम्बन्धी विधेयक तर्जुमाको अवधारणापत्र र प्रदेश बीमा नीति तर्जुमाको लागि प्रक्रिया अघि बढाइएको ।
- विभिन्न मन्त्रालय/निकायबाट आर्थिक दायित्व हुने विषयमा राय सहमति प्रदान गरिएको । साथै बजेट तथा कार्यक्रम कार्यान्वयमा सहजीकरण गर्न रकमान्तर/कार्यक्रम संशोधन गरिएको ।
- बेरुजु फस्यौंट सम्बन्धी कार्यविधि तर्जुमा गरिएको । बेरुजु फस्यौंट अनुगमन समितिको सचिवालयको रुपमा कार्य गरिएको । साथै बेरुजु फस्यौंट सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको ।
- सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ को दफा २५ (३) बमोजिम भुक्तानी गर्नु अघि वेवसाइटबाट बिल सार्वजनिक गर्ने गरिएको ।
- मन्त्रालयमा स्टाफ बैठक-६ पटक बसी विभिन्न छलफल एवम् निर्णयहरु गरिएको । कर्मचारीको दैनिक कार्यविवरण तयार गरी मासिक रुपमा सुपरिवेक्षकबाट प्रमाणित गराई राख्ने गरिएको ।
- प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा २८ बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०७८/०५/२५ गतेको निर्णयानुसार गठन भएको शासकीय सुधार एकाईको ४ पटक बैठक बसी विभिन्न निर्णयहरु कार्यान्वयन गरिएको ।
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३४ बमोजिम प्रदेश सचिवको संयोजकत्वमा लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समितिको ३ पटक बैठक बसी आन्तरिक नियन्त्रण, बेरुजु फस्यौंट र लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन सम्बन्धी कार्य गरिएको ।
- प्रदेशको समग्र बजेट कार्यान्वयनको वार्षिक एवम् अर्धवार्षिक प्रगति समीक्षा गरी प्रतिवेदन प्रकाशन गरिएको । नेपाल टेलिभिजनसँग सम्झौता गरी आर्थिक बहस कार्यक्रम सञ्चालन गरिएको ।

- संघबाट समपूरक तथा विशेष अनुदान प्राप्ति एवम् स्थानीय तहमा समपूरक अनुदानका आयोजना प्रस्ताव सम्बन्धी कार्य गरिएको ।
- राजस्व परिचालनका विषयमा प्रदेश मन्त्रालय, यातायात/मालपोत कार्यालय र स्थानीय तहसँग छलफल तथा अन्तरक्रिया गरिएको ।
- आयोजना बैंक प्रणाली कार्यान्वयनका लागि प्रदेश योजना आयोगको समन्वयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको ।
- विकास सहायता परिचालन गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको कार्यक्रम तथा प्रगति विवरण प्रविष्ट गर्न डिपि पोर्टल सञ्चालनमा ल्याइएको ।
- कृषि आयकर प्रदेश सञ्चित कोषमा दाखिला गर्ने व्यवस्थाका लागि नेपाल सरकार, अर्थ मन्त्रालय समक्ष लेखी पठाइएको । साथै राजस्व सम्बन्धी सुझावहरु समेत पठाइएको ।
- दोस्रो आवधिक योजना तर्जुमाका लागि मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित विषयको मस्यौदा एवम् समष्टिगत बजेट खाका तयार गरी प्रदेश योजना आयोगमा पठाइएको ।
- निर्माण कार्य तथा परामर्श सेवा खरिदको प्रशासनिक कन्टिन्जेन्सी खर्च व्यवस्थापनका लागि प्रदेश सार्वजनिक खरिद नियमावली र सार्वजनिक खर्चको मापदण्ड संशोधनको लागि राय सुझाव संकलन गरिएको ।

**मन्त्रालयबाट आ.व.२०८०/८१ मा तर्जुमा गरिएका कानूनहरुको विवरणः**

| क्र.सं. | कानूनको नाम | स्वीकृत/प्रमाणीकरण मिति |
|---|---|---|
| १. | कोशी प्रदेश विनियोजन अध्यादेश, २०८० | २०८०/०५/२४ |
| २. | कोशी प्रदेश आर्थिक अध्यादेश, २०८० | २०८०/०५/२४ |
| ३. | कोशी प्रदेश आर्थिक ऐन, २०८० | २०८०/०८/१५ |
| ४. | कोशी प्रदेश विनियोजन ऐन, २०८० | २०८०/०८/१५ |
| ५. | कोशी प्रदेश आर्थिक ऐन, २०८१ | २०८१/०३/१३ |
| ६. | कोशी प्रदेश विनियोजन ऐन, २०८१ | २०८१/०३/१३ |
| ७. | कोशी प्रदेश सामयिक राजस्व संकलन सम्बन्धि ऐन, २०८० | २०८०/०९/२२ |
| ८. | खाजा खर्च सम्बन्धि कार्यविधि, २०८० | २०८०/०५/३१ |
| ९. | कोशी प्रदेश आन्तरिक लेखापरिक्षण कार्यविधि, २०८० | २०८०/११/२६ |
| १०. | आर्थिक मामिला तथा योजना मन्त्रालय र अन्तर्गतका कर्मचारीहरुको पदीय वा पेशागत आचारसंहिता, २०८० | २०८०/११/२० |
| ११. | बेरुजु न्यूनीकरण तथा फछ्र्यौट सम्बन्धि कार्यविधि, २०८० | २०८०/१२/०९ |
| १२. | आयोजनाको वहुवर्षिय ठेक्का सहमति सम्बन्धि मापदण्ड, २०८० | २०८०/१२/२६ |

**आ.व.२०८०/८१ मा मन्त्रालयबाट भएका अन्य प्रकाशनहरुः**

- प्रादेशिक आर्थिक सर्वेक्षण, कोशी प्रदेश २०८०/८१
- विनियोजन विधेयक २०८१ का सिद्धान्त र प्राथमिकताहरु
- बजेट वक्तव्य आ.व.२०८०/८१ र २०८१/८२
- व्यय अनुमानको विवरण आ.व.२०८०/८१ र २०८१/८२ (रातो किताब)
- मध्यमकालीन खर्च संरचना (आ.व.२०८१/८२-२०८३/८४)
- कार्यक्रम र परियोजना अनुसार बजेट विनियोजन, २०८०/८१ र २०८१/८२ (कार्यक्रम पुस्तिका)
- बजेटको वार्षिक प्रगति प्रतिवेदन, २०७९/८०
- प्रदेश सरकारको एकीकृत वित्तीय विवरण आ.व.२०७९/८०
- आ.व.२०७९/८० को आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन
- प्रदेश सरकारको एकीकृत सम्पत्ति विवरण (PAMS रिपोर्ट) २०७९/८०
- बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन, २०८०/०८१
- कोशी प्रदेशको आर्थिक बुलेटिन, (२०८१ बैशाख, जेष्ठ र असार अंक)
- सूचनाको हक सम्बन्धी त्रैमासिक प्रकाशन (२०८० श्रावण, कात्तिक, माघ र २०८१ बैशाख)

## ४.३.४ सुशासन सम्बन्धी विविध विषयहरुः

| क्र.सं. | विवरण | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | **पदीय वा पेशागत आचरण ।** आर्थिक मामिला तथा योजना मन्त्रालय र अन्तर्गतका कर्मचारीहरुको पदीय वा पेशागत आचारसंहिता २०८० यस मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०८०/११/२० गतेको निर्णयबाट स्वीकृत भई लागू गरिएको छ । उक्त आचारसंहितामा सुशासन प्रवर्द्धनका लागि प्रतिवद्धता, भ्रष्टाचार नगर्ने प्रतिज्ञा र आचारसंहिता पालनाको शपथ ग्रहण गर्ने प्रावधान समेत रहेको छ । | |
| २ | नागरिक वडापत्र लागू गरेको विवरण । | मन्त्रालयको मिति २०७७/०३/२३ को निर्णयानुसार नागरिक वडापत्र तयार गरी वेवसाइटमा राखिएको छ । मातहतका कार्यालयहरुमा नागरिक वडापत्र राखिएको छ । |

| क्र. सं. | विवरण | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ३ | **सार्वजनिक सुनुवाई ।**<br>यस मन्त्रालय र मातहतका कार्यालयहरुबाट आर्थिक वर्ष २०८०/८१ मा सार्वजनिक सुनुवाई गरिएको छैन । | |
| ४ | **आन्तरिक नियन्त्रण कार्यविधि बनाई लागू गरेको ।**<br>आर्थिक मामिला तथा योजना मन्त्रालयको आन्तरिक नियन्त्रण प्रणाली, २०७७ तर्जुमा गरी लागू गरिएको छ । आन्तरिक नियन्त्रण प्रणालीको अनुगमन सूचक अनुसार वार्षिक रुपमा अनुगमन प्रतिवेदन तयार गरिएको छ । | |
| ५ | **सूचना प्रविधि प्रयोग ।**<br>PAMS, PLMBIS, TSA, C-GAS, RMIS, Office Automation, इ-हाजिरी, बेरुजु पोर्टल, DP's Portal, समपूरक र विशेष अनुदान पोर्टल, आयोजना बैंक प्रणाली, वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) पोर्टल लगायतका प्रणालीहरुको प्रयोग गरिएको छ । मन्त्रालय र मातहत कार्यालयको वेवसाइटमा नियमित अद्यावधिक गर्नुका साथै सबै शाखाको आधिकारिक इमेल (Government Email) बनाई सञ्चालन गरिएको छ । | |
| ६ | **गुनासो व्यवस्थापन ।**<br>मन्त्रालयको मिति २०७८/०५/२४ गतेको निर्णयानुसार गुनासो सुन्ने अधिकारी प्रशासन शाखाका शाखा अधिकृत (सतिश सत्याल) लाई तोकिएको छ । उजुरी/गुनासो पेटिका राखिएको छ । मन्त्रालयको वेवसाइटमा (दाँयापट्टि माथि पृष्ठपोषणमा) निःशुल्क रुपमा गुनासो पेश गर्न सकिने गरी व्यवस्था गरिएको छ । हेलो सरकार र गुनासो व्यवस्थापन प्रणाली (hellocm.koshi.gov.np) मा पेश भएका मन्त्रालयसँग सम्बन्धित गुनासो सुनुवाई गर्ने गरिएको छ । | |
| ७ | **अनुगमन मूल्याङ्कन विवरण ।**<br>➢ प्रमुख सचिवको संयोजकत्वमा रहेको प्रदेशस्तरीय अनुगमन तथा मूल्याङ्कन समितिको मिति २०८०/४/२२ र २०८१/३/१० गतेको बैठकका निर्णयहरु कार्यान्वयन गरिएको छ ।<br>➢ कोशी प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०७७ को नियम ३१ बमोजिम गठन भएको मूल्याङ्कन तथा अनुगमन एकाईको मिति २०८०/०६/१८ गते बैठक बसी विभिन्न विषयमा छलफल एवम् निर्णय गरिएको छ । सो बैठकबाट भएको निर्णय कार्यान्वयनको लागि मन्त्रालयका सबै महाशाखा/शाखाहरु र मातहत कार्यालयमा समेत परिपत्र गरिएको छ ।<br>➢ मूल्याङ्कन तथा अनुगमन एकाईद्वारा एवम् आर्थिक मामिला तथा योजना मन्त्रालयबाट अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सम्पादित कार्यहरुको त्रैमासिक प्रतिवेदन तयार गरी मिति २०८०/०७/१४ र २०८१/०४/०३ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको छ । | |

| क्र.सं. | विवरण | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | ➢ कोशी प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०७७ को नियम ३९ (अनुसूची-६) बमोजिम मिति २०८०/१०/०३ गते प्रदेश सचिवबाट आर्थिक मामिला तथा योजना मन्त्रालयको निरीक्षण गरी प्रतिवेदन तयार गरिएको छ ।<br>➢ कोशी प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०७७ नियम १० (अनुसूची-१) बमोजिम मन्त्रालयबाट मासिक प्रगति प्रतिवेदन तयार गरी हरेक महिनाको पन्ध्र गतेभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको छ । मातहतका कार्यालयहरुबाट पनि मासिक रुपमा प्रगति विवरण मन्त्रालयमा प्राप्त हुने गरको छ ।<br>➢ यस मन्त्रालयबाट आ.व.२०८०/८१ मा भोजपुर, सुनसरी र मोरङका ४ वटा आयोजनाहरुको अनुगमन गरिएको छ ।<br>➢ वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७८ अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयको आ.व.२०७९/८० को मूल्याङ्कन प्रतिवेदन तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको छ र मन्त्रालयको वेवसाइटमा समेत राखिएको छ । वित्तीय सुशासन जोखिम मूल्याङ्कनको पूर्णाङ्क ११६ मध्ये आर्थिक मामिला तथा योजना मन्त्रालयको नतिजा ९१ अंक (अर्थात् ७८.४५ प्रतिशत) रहेको छ । उक्त कार्यविधिको अनुसूची-५ मा उल्लेखित वित्तीय सुशासन लेखाजोखा वर्गीकरण अनुसार ५९ देखि ९३ अंक प्राप्त गर्ने निकायलाई मध्यम जोखिम/मध्यम सुशासन मानिने व्यवस्था रहेको छ ।<br>➢ प्रदेशस्तरीय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०८० तर्जुमा गर्न प्रदेश योजना आयोगसँग समन्वय तथा सहयोग गरिएको छ । साथै राजस्व, अनुदान तथा आयोजनाको अनुगमन गर्दा हेर्नुपर्ने विषयको चेकलिस्ट र प्रतिवेदनको ढाँचा समेत निर्धारण गरिएको छ ।<br>➢ आर्थिक मामिला तथा योजना मन्त्रालयको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रगति समीक्षा मिति २०८०/०५/१४ गते सम्पन्न भएको छ ।<br>➢ प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा ४१ बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयको आ.व.२०७९/८० को वार्षिक प्रगति प्रतिवेदन तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्नुका साथै वेवसाइटमा समेत प्रकाशन गरिएको छ ।<br>➢ मन्त्रालयको वेवसाइटमा अनुगमन/निरीक्षण प्रतिवेदन प्रकाशन गर्ने व्यवस्था गरिएको छ । | |
| ८ | जिन्सि निरीक्षण तथा लिलामको अवस्था । | प्रत्येक वर्ष समिति मार्फत जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरिएको छ । साथै जिन्सी निरीक्षण प्रतिवेदन मन्त्रालयको वेवसाइटमार्फत सार्वजनिक समेत गरिएको छ । लिलाम गर्नु पर्ने जिन्सी सामानहरुको विवरण एकीन गरी लिलाम बिक्री गर्ने प्रक्रिया अगाडि बढाइएको छ । |

| क्र. सं. | विवरण | कार्यान्वयनको अवस्था |
|---|---|---|

**९**

वेरुजुको लगत र फस्यौंटको विवरण ।

आर्थिक वर्ष २०७४/७५ देखि २०७९/८० सम्मको अन्तिम लेखापरीक्षण अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालय र मातहतका कार्यालयको बेरुजु र फस्यौंटको विवरण देहायअनुसार रहेको छः-

(रकम रु. हजारमा)

| जम्मा बेरुजु | फस्यौंट | फस्यौंट प्रतिशत | बाँकी बेरुजु |
|---|---|---|---|
| १०१०१ | ३५३९ | ३५.०% | ६५६२ |

**१०**

**आर्थिक वर्ष २०८०/०८१ कार्य सम्पादन सम्झौता ।**

तत्कालीन मुख्यमन्त्री एवम् आर्थिक मामिला तथा योजना मन्त्री र प्रदेश सचिवबीच २०८०/०५/२४ गते कार्यसम्पादन सम्झौता भएको थियो । नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजना बनाई कार्यान्वयन गरिएको ।

**११**

**सरकारी सम्पतिको विवरण (सवारी साधन लगायत, जग्गा तथा भवनको हकमा संरक्षण, साध सीमाना यकिन तथा अतिक्रमण हुन नदिएको विवरण) ।**

- ➢ मन्त्रालयमा ५ वटा गाडी (कार/जीप/पिकअप) रहेकोमा १ वटा काम नलाग्ने अवस्थामा रहेको, मोटरसाइकल १४ वटा र स्कुटर २ वटा रहेका छन् ।
- ➢ मन्त्रालय र मातहत कार्यालयको आफ्नै नाममा भवन तथा जग्गा नरहेको । घरेलु तथा साना उद्योग कार्यालयको भवन मन्त्रालयले प्रयोग गरिरहेको छ । मन्त्रालयको भवन रहेको जग्गा संरक्षण तथा सुरक्षाको लागि कम्पाउन्ड पर्खाल र तारजाली लगाएको छ ।

**१२**

**कूल दरवन्दी र पद पूर्तिको अवस्था ।**

| निकायको नाम | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|
| आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश विराटनगर | ४७ | २९ | १८ | संघबाट काजमा ४ जना |
| प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर | २० | १६ | ४ | |
| प्रदेश लेखा इकाई कार्यालयहरु ५ वटा (पाँचथर, धनकुटा, ओखलढुङ्गा, उदयपुर र झापा) | २५ | १८ | ७ | अस्थायी दरबन्दी |
| जम्मा | ९२ | ६३ | २९ | |

### ४.३.५ कार्यान्वयनमा देखिएका समस्याहरु

१. राजस्व बाँडफाट र समानीकरण अनुदान लक्ष्य अनुसार प्राप्त नहुँदा स्रोत व्यवस्थापन गर्न कठिन भएको ।

२. प्रदेशको आन्तरिक राजस्वको दायरा विस्तार गर्नु ।

३. चालु र प्रशासनिक खर्चलाई वाञ्छित सीमामा राख्नु ।

४. गैह्रबजेटरी खर्च न्यूनीकरण गर्नु ।

५. विनियोजित बजेट भन्दा बढी रकमको ठेक्का लगाउने प्रवृत्तिको अन्त्य गर्नु ।

६. आ.व. को अन्त्यमा मर्मत सम्भारको नाममा हुने खर्चलाई निराकरण गर्नु ।

७. TSA, C-GAS लगायतका प्रणालीहरुमा देखापरेका प्राविधिक समस्याहरु महालेखा नियन्त्रक कार्यालयबाट समयमै समाधान नभएको ।

८. त्रैमासिक रुपमा लेखापरीक्षण गर्न जनशक्तिको अभाव रहेको ।

९. लेखापरीक्षण गर्ने र आर्थिक प्रशासनमा काम गर्ने जनशक्तिको क्षमता कमजोर रहेको ।

१०. प्रदेश योजना आयोग र मन्त्रालयको स्पष्ट कार्यजिम्मेवारी बाँडफाँट गर्नु ।

११. आवधिक योजना र मध्यमकालीन खर्च संरचना अनुरुप बजेट विनियोजन गर्नु ।

१२. रकमान्तर तथा कार्यक्रम संशोधनलाई नियन्त्रण/न्यूनीकरण गर्नु ।

१३. बहुवर्षीय आयोजनाको बाँकी दायित्व भुक्तानीमा स्रोत व्यवस्थापन गर्नु ।

१४. स्रोतको प्राप्ति र बहुवर्षिय आयोजनाको लागि प्रदान गरिने स्रोत सहमति बीचमा तालमेल गर्नु ।

१५. जग्गा भवन जस्ता सरकारी सम्पति हस्तान्तरण गरी प्रदेश सरकार मातहत ल्याउनु ।

१६. बेरुजु न्यूनीकरण र फर्स्यौट गर्नु ।

१७. अनुगमन तथा प्रतिवेदन प्रणालीलाई नियमित र व्यवस्थित बनाउनु ।

१८. विनियोजना दक्षता, वित्तीय उत्तरदायित्व/जवाफदेहिता, आर्थिक अनुशासन कायम गर्ने विषयहरु प्रभावकारी हुन नसकेको ।

१९. मन्त्रालय र अन्तर्गतका निकायमा दरबन्दी बमोजिमको पदपूर्ति नहुनु आदि ।

### ४.३.६ विविध ।

- साविकमा प्रदेशको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय खारेज भएपछि प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ अनुसार हाल आर्थिक मामिला तथा योजना मन्त्रालयमा गरिबी निवारणको समेत कार्यक्षेत्र थप भएको छ । गरिबी निवारणसँग सम्बन्धित कार्य गर्न मन्त्रालयमा शाखा स्थापना भएको छैन, र उक्त कार्यक्षेत्र अर्कै मन्त्रालयमा

सार्न उपयुक्त हुने देखिन्छ । आ.व.२०८०/८१ मा गरिबी निवारणसँग सम्बन्धित २ वटा कार्यक्रममा रु. ३ करोड विनियोजन भएकोमा जिम्मेवार शाखा नभएको र मातहतमा कार्यान्वयन गर्ने निकायको अभावले गर्दा कार्यान्वयन हुन सकेन ।

## ४.४ उद्योग, कृषि तथा सहकारी मन्त्रालय

नेपालको संविधान अनुसार सहकारी क्षेत्रलाई प्रबर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्याधिक प्रयोग गर्ने र कृषि तथा भूमि सुधार सम्बन्धी नीति अवलम्बन गरि भूमि व्यवस्थापन, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमनको आवश्यकता महसुस गरी संघीयता लागु भए पश्चात प्रदेशस्तरमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको स्थापना भएको हो । तदअनुरुप नेपालको संविधानमा उल्लेख भए बमोजिम निश्चिचत कार्य विवरण तोकी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको २०७४ साल फागुन ३ गते स्थापना भएकोमा तत्कालिन प्रदेश नं. १, प्रदेश सरकार मन्त्रिपरिषदको मिति २०७८/१०/२३ गतेको निर्णय अनुसार भूमि व्यवस्था तथा सहकारी हेर्ने अलग मन्त्रालय थप भई यस मन्त्रालयको नाम कृषि मन्त्रालय कायम भएको थियो । प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ अनुसार मन्त्रालयको कार्यक्षेत्रमा विस्तार भई मिति २०७९/१०/०६ मा भएको मन्त्रिपरिषदको निर्णयानुसार मन्त्रालयको नाम उद्योग, कृषि तथा सहकारी मन्त्रालय कायम गरी हाल कृयाशील रहेको छ ।

### ४.४.१ मन्त्रालयको कार्यक्षेत्र

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ अनुसार उद्योग, कृषि तथा सरकारी मन्त्रालयको कार्यविवरण यस प्रकार रहेको छः-

१ कृषि, पशु विकास तथा खाद्य सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,

२ कृषि तथा पशुपन्छीजन्य रोग, कीरा एवम् महामारी नियन्त्रण,

३ कृषि, औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन,

४ कृषि तथा पशु व्यवसायको यान्त्रिकीकरण, विकास तथा विस्तार,

५ कृषिवाली तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन,

६ कृषिउपज, कृषिजन्य बस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामाग्री तथा बीउबिजन एवम् नक्ष्लसम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीकरण, प्रमाणीकरण र नियमन,

७ प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभूता र खाद्य गुणस्तर,

८ कृषि तथा पशुपन्छी एवम् खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण,

९ कृषि मल, बीउ र विषादी आपूर्ति व्यवस्था र नियमन,

१० कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तीकरण,

११ कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन,

१२ कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन,

१३ कृषि बजार, पूर्वाधार र कृषि फार्म केन्द्रहरुको विकास, विस्तार तथा सञ्चालन,

१४ राष्ट्रिय नीति बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन,

१५ सामुहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रवर्द्धन,

१६ चरन तथा खर्क सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन,

१७ कृषिजन्य र पशुपन्छीजन्य औषधि, विषादी र सूक्ष्म पोषणतत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र विक्रि वितरणको अनुमति, अनुगमन र नियमन

१८ उद्योग तथा वाणिज्य सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन,

१९ उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी,

२० औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन,

२१ संघको समन्वय र सहकार्यमा प्रदेशमा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार,

२२ औद्योगिक वस्तु निर्यात प्रवर्द्धन,

२३ प्रादेशिक व्यापार प्रवर्द्धन, समन्वय, तथ्याङ्क प्रणाली,

२४ बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन, अनुसन्धान र नियमन,

२५ ढुवानी र परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन

२६ संघको सहमतिमा औद्योगिक विषयका करारजन्य सम्झौता,

२७ व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन,

२८ खानी तथा खनिज पदार्थको अन्वेषण र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन,

२९ संघको समन्वयमा खानीजन्य पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत सङ्कलन, अभिलेखाङ्कन, अन्वेषण, उत्खनन्, प्रादेशिक प्रयोगशालाको स्थापना र सञ्चालन,

३० खानी सम्बन्धी भौगर्भिक अध्ययन, अनुसन्धान र नक्साङ्कन,

३१ वस्तु तथा सेवा आपूर्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन,

३२ संघ र स्थानीय तहसँगको समन्वयमा उपभोक्ता अधिकार संरक्षण तथा प्रवर्द्धन,

३३ संघ र स्थानीय तहसँगको समन्वयमा सिन्डिकेट, कार्टेलिङ, अनुचित मूल्यवृद्धि, कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवम् बजार अनुगमन,

३४ संघीय मापदण्ड अनुसार स्टयाण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन,

३५ अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना सङ्कलन, विश्लेषण प्रक्षेषण, र आपूर्ति व्यवस्था, मौज्दातको व्यवस्था र आपूर्ति अन्तर प्रादेशिक र स्थानीय तहबीच समन्वय,

३६ करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तर्जुमा र कार्यान्वयन,

३७ संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति, कानून तर्जुमा तथा कार्यान्वयन र नियमन,

३८ संघसँगको समन्वयमा दामासाहीमा परेका उद्योग, व्यवसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

३९ प्रदेशस्तरमा औद्योगिक हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन,

४० प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन,

४१ प्रदेशभित्रका ठूला, साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन,

४२ औद्योगिक तथा व्यापारिक प्रदर्शनीको आयोजना,

४३ उद्यमशिलता विकास तालिम औद्योगिक प्रशिक्षण,

४४ औद्योगिक विवाद समाधान,

४५ सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंङ्क सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,

४६ सहकारी बचत तथा ऋण परिजालन सम्बन्धी प्रादेशिक नीति, कानून र मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन,

४७ सहकारी सम्बन्धी संघीय, अन्तरप्रादेशिक र स्थानीय तहका निकायसँग समन्वयन र सहकार्य,

४८ सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन ।

### ४.४.२ संक्षिप्त वित्तीय विवरण

आ.व.२०८०/०८१ मा उद्योग, कृषि तथा सहकारी मन्त्रालय र मातहतका कार्यालयहरु सहितको बजेट विनियोजन र खर्चको संक्षिप्त विवरण देहायअनुसार रहेको छः-

| बजेट उपशीर्षक | बजेट रु हजारमा | | | खर्च रु हजारमा | | | |
|---|---|---|---|---|---|---|---|
| | चालु | पूँजिगत | जम्मा | चालु | पूँजिगत | जम्मा | खर्च % |
| उद्योग, कृषि तथा सहकारी मन्त्रालय | ९५१५१ | ५६२५ | १००७७६ | ६८५११ | ४५९८ | ७३१०९ | ७२.५५ |
| पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना (NAFHA) | ५२५५ | ७६० | ६०१५ | २९५८ | ५०५ | ३४६३ | ५७.५७ |
| कृषि विकास निर्देशनालय | ३१९९३ | १२००० | ४३९९३ | २७८०८ | ८०५४ | ३५८६२ | ८१.५२ |
| कृषि व्यवसाय प्रवर्द्धन सयोग तथा तालिम केन्द्र | २१६२८ | ४१३५ | २५७६३ | १९२६६ | ४११५ | २३३८१ | ९०.७५ |
| माटो तथा मल परीक्षण केन्द्रहरू | ११९०१ | ५०४० | १६९४१ | १०५०१ | ४९३४ | १५४३५ | ९१.११ |
| बिउ विजन प्रयोगशाला | १०९६५ | ४७०० | १५६६५ | ८६१६ | १९८३ | १०५९९ | ६७.६६ |
| बाली संरक्षण प्रयोगशाला | १६२८३ | २५१५ | १८७९८ | १४४६५ | २५०१ | १६९६६ | ९०.२५ |
| कृषि ज्ञान केन्द्रहरु | १७३१६७ | | १७३१६७ | १३९९०३ | | १३९९०३ | ८०.७९ |
| कृषि विकास कार्यक्रम | २९२१४१ | २५५०३ | ३१७६४४ | २६५१२९ | २४९६१ | २९००९० | ९१.३३ |
| पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | ४९६२२ | २५०० | ५२१२२ | ३७७१७ | २४८८ | ४०२०५ | ७७.१४ |
| पशुसेवा तालिम केन्द्र | ३७७२२ | २२७५ | ३९९९७ | ३०४१२ | २२६५ | ३२६७७ | ८१.७ |
| भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रहरु | ११०८२४ | | ११०८२४ | ९२३८२ | | ९२३८२ | ८३.३६ |

| बजेट उपशीर्षक | बजेट रु हजारमा | | | खर्च रु हजारमा | | | |
|---|---|---|---|---|---|---|---|
| | चालु | पूँजिगत | जम्मा | चालु | पूँजिगत | जम्मा | खर्च % |
| पशुसेवा कार्यक्रम | २६८५६२ | ५१८४५ | ३२०४०७ | २५४९५५ | ४९३२४ | ३०४२७९ | ९४.९७ |
| सहकारी रजिष्ट्रार तथा प्रशिक्षालय | ३९५२८ | १५०० | ४१०२८ | २८७३३ | १४५२ | ३०१८५ | ७३.५७ |
| उद्योग, वाणिज्य तथा आपूर्ति कार्यक्रम | १४५२९९ | १४३३०० | २८८५९९ | ११८४१३ | ११४८९४ | २३३३०७ | ८०.८४ |
| घरेलु तथा साना उद्योग कार्यालयहरु | १२४८१७ | २६००० | १५०८१७ | ८६५०० | २१३४४ | १०७८४४ | ७१.५१ |
| संघ शसर्त अनुदान तर्फ | | | | | | | |
| प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | ३५१०० | | ३५१०० | ३३८८८ | | ३३८८८ | ९६.५५ |
| पशुसेवा विभाग | ५००० | | ५००० | ४९०३ | | ४९०३ | ९८.०६ |
| कृषिविभाग | १४६०० | | १४६०० | १२३६७ | | १२३६७ | ८४.७१ |
| बीउ प्रवर्द्धन तथा गुणनियन्त्रण कार्यक्रम | २९०० | | २९०० | २३८९ | | २३८९ | ८२.३८ |
| पहाडी क्षेत्र काष्ठफल तथा फलफुल विकास आयोजना | १०६६०० | १३००० | ११९६०० | ३४८३ | ० | ३४८३ | २.९१ |
| संघ शसर्त अनुदान तर्फ जम्मा | १६४२०० | १३००० | १७७२०० | ५७०३० | ० | ५७०३० | ३२ |
| कुल जम्मा | १५९९०५८ | ३००६९८ | १८९९७५६ | १२६३२९९ | २४३४१८ | १५०६७१७ | ७९.३१ |

### ४.४.३ प्रमुख उपलब्धिहरू

(क) कृषि क्षेत्रको मूख्य मूख्य कार्यक्रम तथा उपलब्धिहरु

१. वीउ प्रशोधन पूर्वधार/वीउ भण्डारण गृह निर्माण कार्यक्रमः ३ वटा उन्नत बीउ उत्पादन गर्ने उद्योगलाइ बीउ प्रशोधन गर्ने ग्रेडर मेशिन तथा प्रि क्लीनर मेशिन उपलब्ध गराई गुणस्तरीय बीउ प्रशोधन क्षमता सुदढीकरण र ४०० मे. टन भण्डार गृहको पूर्वाधार निर्माण हुनाले गूणस्तरीय बीउ उत्पादन तथा भण्डारणमा वृद्धि हुनेछ ।

२. खाद्यान्न भण्डारण गृह निर्माण कार्यक्रमः २ वटा खाद्यान्न भण्डारण गृह निर्माण भई न्यूनतम २५०० मे.टन खाद्यान्न भण्डारण पुर्वाधार निर्माण भएको छ । किसानहरुले कम मूल्य भएको समयमा खाद्यान्न भण्डारण गरी उच्च मूल्य भएको समयमा बिक्री गरी मुनाफा आर्जन गर्न सहज हुनेछ ।

३. व्यावसायिक फलफूल बगैंचा स्थापना सहयोग कार्यक्रमः प्रदेश सरकारको ब्यवसायिक फलफूल बगैचा स्थापना कार्यक्रमबाट ९८ हेक्टर तथा स्थानीय तह सशर्त अनुदान कार्यक्रमबाट ५१ हेक्टर गरी कूल १४९ हेक्टर क्षेत्रफलमा सुन्तला, किवि, केरा, ड्रागन फ्रुट, कागती, ओखर एभोकाडो जस्ता फलफूलको क्षेत्र विस्तार भई बार्षिक रुपमा १३०० मे. टन. फलफूल थप उत्पादन हुने अपेक्षा गरिएको छ ।

४. सुन्तलाजात बगैचा व्यवस्थापन एवं सुदृढीकरण कार्यक्रमः ६५ हे. क्षेत्रफलमा २३ वटा बगैचा सुदृढीकरणबाट आगामी वर्षमा ती बगैचाहरुमा ३५% ले उत्पादनमाा वृद्धि हुने अपेक्षा गरिएको छ ।

५. मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रमः ३६ स्थानमा कार्यक्रम सञ्चालन भएको बाँसबाट निर्मित ८६ वटा र फलामे/हाइटेक टनेल ११ वटा थप निर्माण गरी बेमौषमी ताजा तरकारी र मल्चिङ्ग प्लाष्टिकको प्रयोग गरी अकबरे खुर्सानी, गोलभेडा खेतीबाट करिव १०० मे. टन ताजा तरकारी उत्पादनमा वृद्धि हुनेछ ।

६. कफी खेति विस्तार कार्यक्रमः ६ जिल्लाका २४ हेक्टरमा कफी खेतीको क्षेत्र विस्तार साथै कृषि यान्त्रिकीकरण र सिंचाइ व्यवस्थापन भइ ३ वर्षपछि करिव ४० मे. टन उत्पादनमा थप वृद्धि हुने ।

७. अलैंची सुकाउने सुधारिएको ड्रायरः थप १२ वटा सुधारिएको अलैची सुकाउने भट्टि निर्माण भएको जसले करीब २०० हेक्टरमा लगाएको अलैचीको गुणस्तर सुधार हुने ।

८. चैते धान बिशेष सहयोग कार्यक्रमः २४४ हे. मा चैतेधान खेति विस्तार भई ११३३ मे. टन उत्पादन भई गत आ.व.को तुलनामा ४.६९% ले वृद्धि भएको । (क्षेत्र बिस्तार वापत प्रतिकठ्ठा ५०० रुपैया अनुदान वितरण)

९. गड्यौली मल उत्पादन तथा प्राङ्गारीक मल सुधार कार्यक्रमः १०९ वटा भर्मिपिट करिब १०५ मे. टन गड्यौली मल उत्पादन हुने तथा २८ वटा गोठ सुधार भएको । हरियो मल प्रवर्द्धन कार्यक्रमबाट ५.५ मे. टन ढैंचा, सनहेम्प बीउ वितरण भइ रासायनिक मलको प्रयोगमा कमिआउने साथै माटोको उर्वराशक्तिमा सुधार हुनेछ । ३ वटा पालिकाहरुमा प्राङ्गारीक मलउत्पादन पूर्वाधार निर्माण गरिएको छ ।

१०. प्राङ्गारीक मल प्रयोगमा प्रोत्साहन कार्यक्रमः मन्त्रालयवाट ९६ जना किसान तथा फर्महरुलाई प्रदेशमा उत्पादित ५२५८ मे. टन प्राङ्गारीक मल प्रयोगमा प्रोत्साहन उपलब्ध गराईएङ्को छ । यस कार्यक्रमबाट आगामी दिनमा गुणस्तरीय प्राङ्गारीक मलको उत्पादन र प्रयोग अभिबृद्धि हुनेछ ।

११. मागमा आधारित कार्यक्रमः ३४४ स्थानमा कार्यक्रम संचालन भई १८५ मिनि टिलर, ३१ कम्वाइन मिल, १२६प्लाष्टिक टनेल, ५१ वटा स्प्रेयर, ५८ वटा मोटर बोरिङ्ग विभिन्न साइजका HDEP पाइप १०८०० मि. र मौरी घार १२५ थान वितरणबाट १६५ हे. भन्दा बढी क्षेत्रफलमा सिंचाइको सुविधा विस्तार भएको, तरकारीको उत्पादनमा ४५० मे. टन थप हुने र मौरी मह उत्पादनमा ७०० के.जी. थप हुने र यन्त्र उपकरणको प्रयोगले कृषकको लागत खर्च १५-२० प्रतिशत कम हुने ।

१२. सिंचाई पुर्वाधार निर्माण, यान्त्रिकरण र प्रविधि अवलम्बन सहयोग कार्यक्रमः स्थानीय तह सशर्त अनुदान तर्फ १३२५ वटा स्यालो टयूवेल जडान र मोटर वितरण भई करीब २००० हेक्टरमा सिचाई सुविधा पुगेको तथा प्रदेश सरकारका मागमा आधारित र विभिन्न कार्यक्रमबाट ४२० वटा मिनि टिलर, १४ वटा पावर टिलर, १८० वटा कम्वाईन मिल, ३७९ वटा स्प्रेयर, ७३ वटा मकै छोडाउने कर्न सेलर, ६६५ वटा मौरीघार तथा ३२ वटा थ्रेसर खरिदमा सहयोग गरी यान्त्रिकरण प्रवर्द्धन गरी उत्पादन लागत कम हुने अपेक्षा गरिएको छ ।

१३. महिला दलित विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रमः १२४ जना मार्फत कार्यक्रम संचालन भई १४४ प्लाष्टिक घर निर्माण गरी बेमौसमी तरकारी तथा च्याउ खेति साथै खुल्ला जमिनमा तरकारी खेतिबाट करिव ७० मे. टन ताजा तरकारी तथा करिव ७ मे. टन च्याउ उत्पादन हुने ।

१४. युवा लक्षित च्याउ, मह, तरकारी उत्पादन र पशुपालन कार्यक्रमः ४५६ जना युवाहरुलाई तरकारी च्याउ र मह उत्पादन कार्यक्रममा अनुदान सहयोगवाट ४३ वटा स्थायी प्लाष्टिक घर, २८५ बासको टनेलबाट करिव १६० मे. टन ताजा तरकारी बिक्रि हुने, ३७ वटा सिमेन्टेड र ४ वटा प्लाष्टिक पोखरी १८ वटा थोपा सिचाइ सेट लगायत पाइप सिचाई बाट करिब २० हे. क्षेत्रफलमा सिचाई व्यवस्थापनमा सहयोग पुग्ने, ७६१ आधुनिक मौरी घारबाट

७.५ मे. टन मह उत्पादन हुने, ७५ वटा च्याउ घर निर्माणबाट ५२ मे. टन च्याउ उत्पादन हुने, २००० मुढामा सिताके च्याउ खेतीबाट ४ मे. टनसिताकै च्याउ उत्पादन हुने । यसले आयआर्जनमा सहयोग पुग्ने र व्यावसायीकरणमा टेवा पुग्ने ।

१५. त्यसैगरी विभिन्न स्थानमा ११९ जना युवाहरुलाई पशुपालन ब्यवसायमा अनुदान सहयोग सहित सहभागि गराई स्वरोजगार गराईएको छ ।

१६. हाईब्रिड मकै खेती विस्तार कार्यक्रमः प्रति हेक्टर १५ हजारका दरले प्रोत्साहन उपलब्ध गराई ३७० हे. मा हाइब्रिड मकैको क्षेत्र विस्तार भइ २४४५ मे. टन मकै उत्पादन भएको ।

१७. माटो परिक्षण शिविरः ३३ वटा माटो शिविर सञ्चालन भई १६५० किसाहरुको माटो परीक्षण गरिएको छ । डिजिटल स्वाईल म्यापिङ्ग तर्फझापा, भोजपुर, उदयपुर, खोटाङ्ग, ओखल्ढुङ्गा र सोलुखुम्बु गरी ६ जिल्लाबाट १४०० वटा माटो नमूना परीक्षण गरिएको छ । साथै अन्य ५८० वटा माटो नमूना परीक्षण गरी प्राविधिक परामर्श उपलब्ध गारईएको छ ।

१८. प्लान्ट ल्किनिकः ६८ वटा प्लान्ट क्लिनिक संचालन भई विभिन्न स्थानहरुबाट संकलित १७३५ वटा रोगकीरा तथा खाद्यतत्वको कमि जन्य समस्याहरुको पहिचान भइ व्यवस्थापनका उपायहरु सम्वन्धी उपलब्ध गराईएको छ ।

१९. मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रमः ३१ वटा आयोजनाबाट १२२२ हे. मा मकैखेती क्षेत्रविस्तार भएको मकैको उन्नत बीउ (११ मे.टन) प्रयोग भई उत्पादनमा ३०% ले वृद्धि हुने साथै कृषि यन्त्र उपकरणको प्रयोगबाट उत्पादन लागत घट्ने र गुणस्तरमा सुधार हुनेछ । १४ हे. क्षेत्रफलमा मनकामना ३ र गणेश १ जातको बीउ उत्पादन क्षेत्र विस्तार भइ २० मे. टन उन्नत वीउ उत्पादन हुने ।

२०. सुपारी प्रशोधन उद्योग पूर्वाधार तथा यन्त्र उपकरणमा सहयोग कार्यक्रमः झापा र इलाममा ७ वटा सुपारी छोडाउने विद्युतीय मेशिन जडान र भण्डारणका लागि ३ वटा गोदाम घर निर्माण भई प्रशोधन लागत घट्ने ।

२१. कृषि/पशु सहकारी संस्थाहरुसंगको सहकार्यमा व्यबसायिक पशु पालन कार्यक्रमः १० वटा सहकारी मार्फत कार्यक्रम सम्पन्न गरी गारइपालनमा ५, भैंसीपालनमा ३ र बाख्रापालनमा २ वटा संस्था मार्फत गोठ खोर सुधार, उन्नत नश्लको प्रयोग, यान्त्रीकरण तथा बजारीकरण सहयोग मार्फत दुध र मासुको उत्पादन बृद्धि भई थप ८ करोड ३६ लाख रुपैया बार्षिक आम्दानी हुने । कार्यक्रम मार्फत किसानहरुलाई २ करोड ५७ लाख रुपैया सहयोग उपलब्ध गराईएको छ ।

२२. बाख्राको बृहत्तर पकेट प्याकेज कार्यक्रमः ४ वटा सहकारी संस्था/समुहहरुमा कार्यक्रम

सन्चालन भई आधुनिक खोर निर्माण उन्नत पाठापाठी वितरण, यान्त्रीकरण र बजारीकरण सहयोग मार्फत बार्षिक ३००० बोका/पाठी उत्पादन भई बार्षिक १ करोड ७५ लाख रुपैया आम्दानी बृद्धि हुनेछ । कार्यक्रम मार्फत किसानहरुलाई १ करोड १९ लाख रुपैया सहयोग उपलब्ध गराईएको छ ।

२३. व्यावसायिक भैंसीपालन प्रवर्द्धन कार्यक्रमः ६ स्थानमा कार्यक्रम सन्चालन भई आधुनिक गोठ निर्माण उन्नत राँगा/पाडी वितरण, यान्त्रीकरण र बजारीकरण सहयोग मार्फत दुध तथा मासु उत्पादनबाट बार्षिक ६ करोड ५५ लाख रुपैया आम्दानी बृद्धि हुनेछ । कार्यक्रम मार्फत किसानहरुलाई १ करोड २४ लाख रुपैया सहयोग उपलब्ध गराईएको छ ।

२४. गाइ/भैसी ब्लक विकास कार्यक्रमः झापा र मोरङ्गमा क्रमशः गाई र भैसी ब्लक सञ्चालन भई दुध उत्पादन बृद्धि हुनेछ । यसवाट २४ वटा गोठ निर्माण, उन्नत नश्लका ४१ गाई, २ राँगा खरिद, २४ वटा चाफ कटर, २ वटा मिल्क एनालईजर १ वटा दुध ढुवानी साधन, चिस्यान केन्द्रका लागि २ वटा जेनेटर, दाना वनाउन ८ वटा कम्बाईन मिल आदि वितरण गरिएको छ ।

२५. दुध उत्पादनका आधारमा प्रोत्सान अनुदान कार्यक्रमः झापा, इलाम, मोरग, सुनसरी, धनकुटा, तेह्रथुम र पाँचथर जिल्लाका १७,७७५ कृषकहरुले ४,५३,४०,६६१ लिटर दुध उत्पादनमा २ रुपैया का दरले ९ करोड ६लाख ८१ हजार रुपैया अनुदान गराइएको जसवाट उल्लेखित संख्याका कृषकहरुले उन्नत नश्लका पशुपालनमा प्रोत्साहित भएका छन् ।

२६. प्रदेशमा उत्पादित घ्यू तथा धुलो दुध निर्यातमा प्रोत्साहन अनुदान कार्यक्रम मार्फत पहिलोपटक १.२ मे. टन जापान निर्यात भई निर्यात अनुदान वापत १ लाख ४४ हजार रकम प्रोत्साहन उपलब्ध गराईएको छ ।

२७. प्रदेशमा स्थापना भएको सगरमाथा डेरी विशिष्ठीकृत सहकारी संघ मार्फत सञ्चालित धुलो दुध कारखानाबाट आ.ब. २०८०/८१ मा ४२ लाख ६८ हजार लिटर दुध प्रशोधन भई ३ लाख ४५ हजार के.जी SMP र १२ हजार केजी WMP धुलो दुध उत्पादन भएको छ । यसबाट प्रदेशमा मिल्क होलिडे हुनबाट जोगिएको छ ।

२८. स्थानिय तहको सहकार्यमा पूर्वाधार निर्माणः विभिन्न स्थानिय तहहरुमा ३ वटा पशु अस्पताल निर्माण १८ वटा साना कृषि बजार संरचना, २ वटा पशुपन्छी बाजार संरचना १० वटा दुध चिस्यान केन्द्रहरु निर्माण सम्पन्न भएका छन् ।

२९. एक स्थानीय तह एक उत्पादन कार्यक्रमः बाख्रापालनका लागि १० वटा, गाईभैसीपालनका लागि ७ वटा, फलफूल खेतीका लागि ६ वटा, मह उत्पादनका लागि ४ वटा, भेडापालनका लागि ३ वटा, चौरीपालनका लागि ४ वटा गरी जम्मा ३४ वटा स्थानीय तहहरुमा उल्लेखित वाली वस्तुहरु लक्षित गरी उत्पादन, प्रशोधन र बजारिकरण कार्यक्रम संचालन गरिएको छ ।

३०. कृषक तालिमः कृषि र पशु सेवा तालिम केन्द्रवाट विभिन्न वाली सम्बद्ध १६ वटा र ब्यवसायिक पशुपन्छी र मत्स्यपालन सम्बन्धी २७ वटा गरी कुल ४३ वटा तालिम कार्यक्रममा ३२८ जना महिला र ७०० जना पुरुष गरी कुल १०२८ जना कृषकहरुले तालिम प्राप्त गरेका छन् । त्यसैगरी १९ वटा कर्मचारी तालिमबाट ३२८ जना प्राविधिक कर्मचारीहरुको क्षमता अभिबृद्धि भएको छ ।

३१. पशुहरुमा कृत्तिम गर्भाधान विवरणः नियमित कृत्तिम गर्भाधान तर्फ गाईमा १३४३००, भैसीमा १५६२० गरी कुल १५१,७३७ पशुमा कृत्तिम गर्भाधान गरिएको छ । यसबाट प्रदेशमा उच्च उत्पादन दिने पशुहरुको संख्यामा बृद्धि हुनेछ । ३८५१ संख्यामा गाईको सेक्स्ड सिमेन खरिद गरी वितरणको क्रममा रहेको जसबाट १३५९ उन्नत बाछी उत्पादन भइ १३ करोड ५९ लाख बरावरको उन्नत नश्लको पशुपूँजि विकास हुनेछ त्यसैगरी १२१० वटा उन्नत नश्लको सिमेन खरिद गरी वितरणको क्रममा रहेको जसवाट २ करोड ७० लाख बरावरको उन्नत नश्लको पशुपूँजि विकास हुने ।

३२. पशुपन्छीमा खोप विवरणः स्थानीय तहलाई खोप र लजिस्टिक उपलब्ध गराई लम्पी स्कीन विरुद्ध २,५६,८८०, खोरेत विरुद्ध १०,२४,२९९, पीपीआर विरुद्ध १४,९९,९६७ र स्वाईन फिभर लगायत गरी कूल ४०,४३,१७० पशुहरुलाई खोप लगाईएको छ । यसबाट पशुपालन ब्यवसायमा महामारीजन्य जोखिम कम भएको छ । खोरेत रोग न्यूनिकरण कार्ययोजनाको मस्यौदा तयार गरिएको छ । प्रदेश सरकारले ९१३५० डोज लम्पी स्कीन रोगको खोप खरिद गरी स्थानीयतहालई उपलब्ध गराएको छ ।

## (ख) उद्योग तथा वाणिज्य तर्फ कार्यक्रम प्रगति

| क्रियाकलाप | उपलब्धिहरु |
|---|---|
| उपयुक्त प्रविधि हस्तान्तरण | प्रदेशका १४०४ जनालाई उद्यम विकास सम्बन्धी उपयुक्त प्रविधि हस्तान्तरण भएको । |
| बजार अनुगमन | प्रदेश भित्र १०६ पटक बजार अनुमगन गरिएको । |
| उद्योग अनुगमन/निरीक्षण | प्रदेश भित्र ९६६ वटा उद्योग अनुगमन निरीक्षण गरिएको । |
| उद्यमी विकास तथा रोजगार कार्यक्रम | प्रदेश भित्र रहेका १२६० जनालाई उद्यमी विकास तथा रोजगार कार्यक्रमवाट तालिम प्रदान गरिएको । |
| युवा उद्यमशीलता तथा औद्योगिक जनशक्ति विकास | १२२७ जनालाई उद्यमशीलता तथा औद्योगिक जनशक्ति विकास तालिम प्रदान गरिएको । |
| उद्यम प्रवर्द्धन तालिम | ४५२ जनालाई प्रदान गरिएको । |

| क्रियाकलाप | उपलब्धिहरु |
|---|---|
| स्थापित उद्यमीहरुका लागि स्तरोन्नती कार्यक्रम | ८९५ लाई स्तरोन्नती तालिम प्रदान गरिएको । |
| वाणिज्य फर्म दर्ता | प्रदेश भित्र २११८ वाणिज्य फर्महरु दर्ता भएका । |
| उद्योग दर्ता | यस प्रदेशमा ३४२१ उद्यम दर्ता भई ४४५६ उद्यमी मार्फत ११७६१ रोजगारी सिर्जना भएको । |

## (ग) सहकारी क्षेत्रको प्रगति

१. ५० करोड भन्दा बढी वासलात भएका २० वटा सहकारी संस्थाको बिशेष अनुगमन गरी निर्देशन दिने कार्य सम्पन्न गरिएको । २५६ वटा सहकारीको अनुगमन १५ वटाको सघन अनुगमन गरी २५६ वटालाई निर्देशन, ३१ वटा उजुरी छानवीन र २ वटा उजुरी फर्छ्यौट

२. जिल्ला समन्वय समितिको समन्वयमा स्थानीय तह र सरोकारवाला निकाय बीच सहकारी सम्बन्धी ६ वटा अन्तर्क्रिया छलफल सम्पन्न गरिएको ।

३. अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायतका अन्य निकायमा ५ वटा सहकारी संघ/संस्थाका काम कार्यबाही तथा पदाधिकारी, ब्यवस्थापक तथा कर्मचारी र सरोकारवालाहरुका नाममा परेका उजुरीको छानबीन गरी निर्देशन दिने कार्य गरिएको ।

## (घ) स्थानीय तहसँग समन्वय स्थापित गर्न भएका प्रयासहरु

१. जिल्ला समन्वय समितिका प्रमुख, प्रदेश सभा सदस्य तथा स्थानीय तह प्रमुखहरुसँग कार्यक्रम सञ्चालनका विषयमा नियमित समन्वय र सर-सल्लाह गर्ने गरिएको ।

२. स्थानीय तह कृषि शाखा/पशुपंक्षी विकास शाखा र जिल्ला स्थित कृषि ज्ञान केन्द्र/पशु सेवा विज्ञ केन्द्रवीच द्वैमासिक समन्वय बैठक संचालन गरिएको ।

३. मन्त्रालय र मातहतवाट संचालन हुने/भएका कार्यक्रमहरुको भेरिफिकेशनमा सहभागिता, सम्झौतामा स्थानीय तहको सिफारिस माग गर्ने गरिएको ।

४. वालीनाली र पशुपंक्षी रोग किरा महामारी सम्बन्धी आकस्मिक प्रकोपहरुमा नियन्त्रणका लागि सहयोग/सहभागिता ।

### सहकारी संस्थाको बिशेष अनुगमनवाट देखिएको प्रमुख बिषयहरु

१. सहकारी संस्थाको एकीकरण पश्चात संशोधन गरेको बिनियममा सहकारी ऐन, २०७४, प्रदेश सहकारी ऐन, २०७६ तथा सहकारी मुल्य, मान्यता र सिद्वान्त अनुसार नमिलाई नियमाकबाट स्वीकृत गरेको पाईएको ।

२. सहकारी सिद्दान्त बिपरित सहकारी संस्थाको सञ्चालक समितिमा २ पटक भन्दा बढी उमेद्वार हुन नपाउने, सञ्चालक पदाधिकारी र लेखा समितिको संयोजक पदमा उमेद्वार हुन एक कार्यकाल सदस्यमा काम गरेको हुनुपर्ने तथा शेयर सदस्य बनेको कम्तीमा ३ बर्ष अवधि पुरा भएको हुनु पर्ने ब्यवस्था सहकारीका बिनियम र निर्वाचन कार्यबिधिमा राखेको देखियो,

३. कतिपय सहकारी संस्थामा लेखा समितिका पदाधिकारीको राजिनामा समेत सञ्चालक समितिले स्वीकृत गर्ने ब्यवस्था रहेको पाईयो,

४. कतिपय सहकारी संस्थाहरुले आवधिक बचतलाई मुद्दती निक्षेपको रुपमा खाता खोली निक्षेप लिने गरेको पाईयो,

५. सहकारी संस्थाको ऋण लगानी नीतिमा ऋण लगानी गर्ने सीमा निर्धारण गरी एक पटक लिएको ऋण पूर्णरुपमा अशुली नभई पुन ऋण दिन नमिल्ने ब्यवस्था बिपरित एकै पटक एकै समय एकै परिवारका एकभन्दा बढी सदस्यलाई पनि ऋण दिने गरेको पाईयो,

६. प्रदेश सहकारी ऐन, २०७६ को दफा ६१ मा कारोवारको लेखा निर्धारित लेखामानको खाता संरचना बमोजिम राख्ने ब्यवस्था भए पनि सफ्टवेयरमा हिसाव राखेकोले लेखामान अनुसार देखिएन,

७. साधारण सभामा सदस्यको उपस्थितिको लागि ईकाइगत साधारण सभा गरेर प्रतिनिधि छनौट गरी अन्तिम माईन्यूट प्रमाणित साधारण सभा औपचारिकतामा सम्पन्न गरेको देखियो,

८. दश लाख भन्दा बढी रकमको ऋण लगानी गर्दा ऋणीको धितो मूल्याङ्कन मूल्याङ्कनकर्ता (Valueator) वाट गर्न थालेको देखियो,

९. सहकारी संस्थाको सदस्य बनेका ब्यक्तिहरुको फायल जाँच गर्दा संस्थाको कार्यक्षेत्र भन्दा बाहिरको स्थायी ठेगाना भएको नागरिकता प्राप्त ब्यक्तिहरुको कार्यक्षेत्र भित्रको बसोवास खुल्ने सहायक कागजात पेश गरेको देखिएन,

१०. सहकारी संस्थाले ऋण लगानी गर्ने प्रयोजनका लागि सदस्यले सेवाशुल्क तिर्नुनपर्ने भएता पनि धितो मुल्याङ्गन, दृष्टिबन्धक तथा रोक्काको लागि ऋणीवाट नै खर्च गराउने र लिएको सेवा शुल्क संस्थाको नियमित आम्दानीको रुपमा गणना गरी अभिलेखीकरण गरेको देखियो,

११. संस्थाको विनियममा बचत तथा ऋण नीतिको आधारमा ऋण उपसमितिले सञ्चालक समितिलाई ऋण लगानी गर्ने वा नगर्ने सिफारिस गर्ने र सञ्चालक समितिको निर्णयले ऋण लगानी गर्ने ब्यवस्था भए पनि सेवा केन्द्र उपसमिति, ब्यवस्थापक तथा कर्मचारी र ऋण उपसमितिले ऋण लगानी गरी सञ्चालक समितिले अनुमोदन मात्र गर्ने गरेको देखियो,

१२. केही सीमा तोकेर ऋण उपसमिति, सेवा केन्द्र तथा कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सक्ने ब्यवस्था समेत देखिएन,

१३. डिजिटल प्रणालीवाट संस्थाको कारोवार प्रिन्ट गरी राखेको देखिएन,

१४. संस्थाको शेयर सदस्य बनेर लामो समयदेखि बचत तथा ऋण कारोवारमा संलग्न नभएका निस्कृय सदस्य पनि रहेको देखियो,

१५. संस्थाले संकलन गरेको बचत निक्षेपका बिभिन्न प्रकार र ऋण लगानी गरेका बिभिन्न उद्देश्यको बीचको ब्याजदरको फरक ३ प्रतिशत भित्र रहनु पर्नेमा ६ प्रतिशत सम्मको फरक देखियो,

१६. सहकारी ऐन, २०७४ को दफा ५२ मा सदस्यको ब्यक्तिगत बचत निक्षेपको सिमा सहकारी संस्थाको विनियममा तोक्नुपर्ने ब्यवस्था रहेको भएता पनि तोकिएको देखिएन,

१७. सहकारी संस्थाका कर्मचारीले पाउने बोनस कोषको रकम सहकारी ऐन अनुसार बिनियममा खुद मुनाफावाट बितरण गर्ने ब्यवस्था रहेकोमा लेखापरिक्षकले बोनस ऐन अनुसार कर्मचारी बोनसकोष छुट्याएको सहकारी ऐन बिपरित देखियो,

१८. सहकारी संस्थाले लगानी गरेको ऋण मध्ये केही रकम भाखा नाघेको देखिएको तर कर्जा जोखिम व्यवस्था कोषमा प्रयाप्त रकमको व्यवस्था नगरेको र जोखिम कोषमा रकम भएका सहकारी संस्थाले पनि समय समयमा अपलेखन गरेको देखिएन,

१९. बित्तिय कारोवारमा संलग्न सहकारी संस्थाले PEARLS अनुगमन प्रणालीका मानदण्डहरुको पूर्णरुपमा पालना गरेको देखिएन,

२०. संस्थाका पदाधिकारी, व्यवस्थापक वा कर्मचारीले लिएको ऋणको बिवरण बार्षिक रुपमा नियामक निकायमा पेश गरेको देखिएन,

२१. सम्पत्ति सुद्धिकरण निवारण ऐन, नियम तथा निर्देशिका र सहकारी बिभागवाट जारी निर्देशनको पूर्णरुपमा पालना गरेको देखिएन,

२२. सहकारी संस्थाको पूँजी लगानी गरी ब्यवस्थापक र पदाधिकारीले प्रयोग गर्ने गरी सवारी साधन खरिद गरेको देखियो,

२३. सञ्चालक समितिको बैठकवाट कार्यकारी प्रमुखको नियूक्ति गर्ने र सेवा सुबिधा समेत निर्धारण गरेको देखियो जुन कार्य साधारणसभावाट गर्न सकिन्छ,

२४. ग्रैह्र नाफामूलक सामाजिक संस्था तथा प्रतिष्ठानलाई समेत सदस्यता प्रदान गरेको तथा सहयोग उपलव्ध गराएको देखियो जुन सहकारी ऐन, २०७६ को दफा ११६ बिपरित देखियो,

२५. सहकारी संस्थाले लगानी गरेको भाखा नाघेको ऋणका लागि कर्जा जोखिम व्यवस्था कोषमा व्यवस्था भएको रकम र भाखा नाघेको रकम बासलातवाट घटाएर राखेको देखियो जुन नियम सङ्गत देखिएन,

२६. पाउनु पर्ने ब्याजलाई ब्याज मुल्तबी हिसाव दायित्व तर्फ राखी पाउनु पर्ने ब्याजलाई सम्पति तर्फ बासलातमा अभिलेख राख्नु पर्नेमा दुबै तर्फवाट हटाएको देखियो,

२७. ऋण लगानी तमसूक, निबेदन लगायत सुरक्षित राख्नु पर्ने, कतिपय कागजात पूर्णरुपमा नभरी खाली छोडेको छेडेर फायलमा राखेको पनि देखियो,

२८. भल्ट तथा काउन्टरको बीमा गरेको तर मार्गस्थल बिमा कुनै पनि सहकारी संस्थाले गरेको देखिएन,

२९. कतिपय सहकारी संस्थाहरुले सेवाकेन्द्र रजिष्ट्रारको स्वीकृति बिना नै स्थापना गरी सञ्चालनमा ल्याएको देखियो भने धेरैजसो सहकारी संस्थाले मुख्य कार्यालयमा समेत सेवाकेन्द्र सञ्चालन तथा नजिक नजिकै सेवाकेन्द्र सञ्चालन गरेको देखिएकोले एकीकरण वा ब्यवस्थापन गर्नु पर्ने देखियो,

३०. सहकारी संस्थाका सञ्चालक समिति, लेखा सुपरिबेक्षण समिति, ऋण उपसमिति, ब्यवस्थापक तथा कर्मचारीहरु, सेवाकेन्द्र सञ्चालन उपसमिति सेवाकेन्द्र प्रमुख तथा कर्मचारीहरुलाई लगानी गरिएका ऋणका फायल सेवाकेन्द्रहरुमा नै राखिएको कारणले संस्थामा समस्या समेत सिर्जना भएको देखियो,

३१. सहकारी संस्थाका सञ्चालक समिति, लेखासुपरीबेक्षण समिति, ऋण उपसमिति, ब्यवस्थापक तथा कर्मचारीहरु, सेवाकेन्द्र सञ्चलन समिति सेवाकेन्द्र प्रमुख तथा कर्मचारीहरुलाई लगानी गरिएका ऋणको धितो सेवाकेन्द्रवाट रोक्का तथा फुकुवा गर्दा ऋण अशुली नभई आफन्तका नामको जग्गा फुकुवा गरी दिएकोले सहकारीमा समस्या आएको देखियो,

३२. बहुद्देश्यीय सहकारी संस्थाहरुले कूल कारोवारको आधारमा बचत तथा ऋणको मात्र कारोवार नगरी अन्य प्रकृतिका कार्यमा बढोत्तरी गर्नुपर्नेमा गरेको देखिएन,

३३. अनुगमन गरिएका सहकारी संस्थाहरु सदस्य केन्द्रीयतामा कमजोर देखियो,

## ४.४.४ सुशासन सम्बन्धी विविध विषयहरुः

| क.सं. | विवरण | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | पदीय वा पेशागत आचरण । | • प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा २२ बमोजिम " उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश र अन्तर्गतका कर्मचारीहरुको पदीय वा पेशागत आचारसंहिता, २०८१" को मस्यौदा तयार भई छलफलको क्रममा रहेको । |
| २ | नागरिक वडापत्र लागू गरेको विवरण । | • यस मन्त्रालयमा प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ ले यस मन्त्रालयबाट सम्पादन हुने भनी निर्धारण गरेको कार्य जिम्मेवारीको विवरणहरु साईनबोर्ड भई स्पष्ट देखिने गरी राखिएको तथा निर्देशनालय र मातहतका कार्यालयहरुमा नागरिक वडापत्र बनाई लागु भईरहेको छ । |

| क.सं. | विवरण | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ३ | सार्वजनिक सुनुवाई । | • यस मन्त्रालय मातहतका कार्यालयहरुको त्रैमासिक/वार्षिक प्रगति समीक्षाको माध्यमबाट र जिल्लास्थित कार्यालहरुमा जिल्ला समन्वय समितिको संयोजकत्व तथा स्थानीय तहका प्रमुख/उपप्रमुखहरुको उपस्थितिमा वार्षिक कार्यक्रम सार्वजनिकीकरण र प्रगति समीक्षा गर्ने गरिएको । |
| ४ | आन्तरिक नियन्त्रण कार्यविधि बनाई लागू गरेको । | • भूमि व्यवस्था, कृषि तथा सहकारी र मातहतका निकायबाट गरिने कार्यमा मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता, विश्वसनीयता वृद्धि गर्न तथा सु-सञ्चालन मार्फत अपेक्षित नतिजा हासिल गर्न प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २८ र प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९४(१) बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्न वाञ्छनीय भएकोले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेकोमा हाल उद्योग, कृषि तथा सहकारी मन्त्रालयबाट आन्तरिक नियन्त्रण प्रणालीको मस्यौदा तयार भई छलफलको क्रममा रहेको छ । |
| ५ | सूचना प्रविधि प्रयोग । | • सार्वजनिक सम्पत्तीको अभिलेख राख्न र प्रतिवेदन गर्नको लागि विकास गरिएको सफ्टवेयरमा आधारित प्रणालीलाई सरकारी सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) लाई मन्त्रालय र मातहतका कार्यालयमा कार्यान्वयन भईरहेको तथा अफिस अटोमेशन प्रयोगमा आइरहेको । |
| ६ | गुनासो व्यवस्थापन । | • २०८१ साल बैशाख देखि ऐ. आषाढ महिनासम्म ३ वटा हेलो सरकार मार्फत गुणासो प्राप्त भएकोमा ३ वटै फछ्र्योट भएको । सो को जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गराउने व्यवस्था मिलाईएको । |
| ७ | अनुगमन मूल्याङ्कन विवरण । | • वार्षिक स्वीकृत योजना/कार्यक्रमहरुको नियमति अनुगमन/निरीक्षण यस मन्त्रालय तथा निर्देशनालयहरबाट नियमित हुने गरेको । |
| ८ | जिन्सि निरीक्षण तथा लिलामको अवस्था । | • आ.व. २०८०/०८१ को जिन्सी निरीक्षण कार्य सम्पन्न भएको । लिलामको सम्बन्धमा प्रक्रिया अघि बढाईएको । |

<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>कार्यान्वयनको अवस्था</th></tr>
<tr><td>९</td><td colspan="2">वेरुजुको लगत र फस्यौंटको विवरण ।
<table>
<tr><th>बेरुजुको विवरण</th><th>हाल सम्मको वेरुजु रु</th><th>यस अवधि सम्मफ छ्यौंट रु</th><th>फछ्यौंट हुनबाँकी रु</th></tr>
<tr><td>असुल गर्नुपर्ने</td><td>१,३४,०६,४८३</td><td>१०,००,०००</td><td>१,२४,०६,४८३</td></tr>
<tr><td>नियमित गर्नु पर्ने</td><td>१९,३२,९७,०३५</td><td></td><td>१,९३,२९,७०३५</td></tr>
<tr><td>कुल जम्मा</td><td>२०,६७,०३,५१८</td><td>१०,००,०००</td><td>२०,५७,०३,५१८</td></tr>
</table></td></tr>
<tr><td>१०</td><td colspan="2">आर्थिक वर्ष २०८०/०८१ कार्य सम्पादन सम्झौता ।<br>• आ.व. २०८०/०८१ मा मन्त्रालयका सचिवले विभागीय मन्त्रीसँग, निर्देशनालयका प्रमुखहरु तथा महाशाखा प्रमखहरुले मन्त्रालयका सचिवसँग र मातहतका निकायका प्रमुखहरुलाई मन्त्रालयका सचिव र सम्बन्धित निर्देशनालयका प्रमुखहरुले कार्य सम्पादन सम्झौता गरी कार्यान्वयन गरिएको ।</td></tr>
<tr><td>११</td><td>सरकारी सम्पतिको विवरण (सवारी साधन लगायत, जग्गा तथा भवनको हकमा संरक्षण, साध सीमाना यकिन तथा अतिक्रमण हुन नदिएको विवरण) ।</td><td>• मन्त्रालयमा घर जग्गाको क्षेत्रफल ३३८६.३ वर्ग मिटर रहेको, भवनको विवरण ५ वटा तथा चारपङ्ग्रे सवारी साधन ९ थान र दुइ पाङ्ग्र सवारी साधन ३८ थान रहेको ।</td></tr>
<tr><td>१२</td><td>कूल दरवन्दी र पद पूर्तिको अवस्था ।</td><td>• मन्त्रालय र मातहतका निकायहरु समेतको गरी जम्मा ६७३ वटा दरवन्दी रहेकोमा ३६० वटा दरवन्दी पदपूर्ति भई ३१३ वटा दरवन्दी विवरण रिक्त रहेका छन् । यसरी हेर्दा कूल दरवन्दीको ५३.४९ प्रतिशत मात्र पद पूर्ति भएको छ ।</td></tr>
</table>

### ४.४.५ प्रमुख समस्याहरु

- धेरै कार्यालयमहरुमा लेखा, प्रशासन तथा प्राविधिक तर्फका कर्मचारीहरु रिक्त रहेकाले कार्यसम्पादनमा समस्या ।
- ग्रामीण क्षेत्रवाट स्वास्थ्य र शिक्षाको सहज पँहुच भएका सहरीक्षेत्रमा बसाई सराईले गाँउवस्तीमा कृषि कामदारको अभाव भई जमीन वाँझो रहने प्रचलन रहेको यसवाट कृषि उत्पादन क्रमशः घटन सक्ने ।
- भारतवाट निर्वाध रुपमा तरकारी तथा अन्य कृषि उपजहरु आयात हुने गरेकोले आन्तरिक कृषि उद्यमीहरुको कृषि उत्पादनले उचित मूल्य प्राप्त गर्न कठिनाई भएको ।

**समस्या समाधानका केही प्रयासहरुः**

- आ.व. २०७६/७७ देखि प्राविधिकहरु करारमा भर्ना गरी काममा खटाईएको ।
- प्रदेशमा कृषि तथा पशुजन्य वस्तुहरुको उत्पादन, प्रशोधन र बजारीकरणका लागि सहकारी संस्थाहरुलाई अग्रसर गराउन सहकारी संघहरु मार्फत कार्य गर्ने प्रक्रिया अघि बढाईएको ।
- संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका कृषि विकास कार्यक्रमहरुमा समन्वय वढाउन विभिन्न प्रयासहरु गरेको ।
- पशुपन्छीमा देखिएका महामारी नियन्त्रणमा स्थानीय तहहरुसँग सहकार्य गरी नियन्त्रणको प्रयास गरिएको ।

## ४.५ सामाजिक विकास मन्त्रालय

समाजिक हित र विकासको लागि कार्य गर्न सामाजिक विकास मन्त्रालयको स्थापना भएको हो । यसको उद्देश्य समाजको सामाजिक विकास सम्बन्धी विकास कार्यको हेरचाह गर्नु लगायत रहेको छ ।

### ४.५.१ मन्त्रालयको कार्यक्षेत्र

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ अनुसार समाजिक विकास मन्त्रालयको कार्यविवरण यस प्रकार रहेको छः-

१. महिला हक सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

२. लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्वन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन,

३. महिला अधिकार सम्वन्धी नेपालको संविधानमा भएका व्यवस्था, अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना,

४. महिला सशक्तीकरण तथा लैङ्गिक समानता सम्वन्धी अध्ययन, अनुसन्धान,

५. बाल बालिकाको हकहित संरक्षण सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन,

६. बाल अधिकार सम्वन्धी नेपालको संविधानमा भएका व्यवस्था, अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना,

७. बालमैत्री शासकीय प्रवन्ध, सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना,

८. जेष्ठ नागरिकको हकहित संरक्षण सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन,

९. जेष्ठ नागरिक सम्वन्धी नेपालको संविधानमा भएका व्यवस्था, अन्तराष्ट्रिय सन्धी, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना,

१०. अपाङ्गता भएका नागरिकको हकहित संरक्षण सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन,

११. अपाङ्गता भएका नागरिक सम्वन्धी नेपालको संविधानमा भएका व्यवस्था, अन्तराष्ट्रिय सन्धी, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, संरक्षणात्मक उपाय र पुनर्स्थापना,

१२. प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ती, असहाय र अशक्त, बालबालिकाका र महिला सम्वन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन,

१३. प्रदेशभित्रका गैरसरकारी संघ, संस्थाहरुको अभिलेख व्यवस्थापन र समन्वय,

१४. समाज कल्याण र संघ संस्था सम्वन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन,

१५. सामाजिक सुरक्षा र संरक्षण सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन,

१६. सामाजिक सुरक्षा कोष व्यवस्थापन र नियमन सम्वन्धमा संघ, प्रादेशिक निकाय तथा स्थानीय तहसँग सम्पर्क, समन्वय र सहकार्य,

१७. प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्वन्धी नीति, कानून, तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

१८. शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन,

१९. प्रदेशस्तरमा पुस्तकालय सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

२०. प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालीम र छात्रवृति सम्वन्धी नीति, कानून, तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्य पुस्तक तथा पाठ्य सामाग्री निर्माण, उत्पादन र वितरण,

२१. प्रदेशस्तरको शैक्षिक मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन,

२२. प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन,

२३. माध्यमिक तहको परीक्षा व्यवस्थापन,

२४. प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन,

२५. युवा सम्वन्धी प्रादेशिक नीति, कानून, तथा येजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञिनक प्रोत्साहन,

२६. खेलकूद सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकूद तथा खेलकूद पूर्वाधारको विकास र प्रवर्द्धन,

२७. खेलकूद प्रशासन र संध संस्थाको समन्वय र नियमन,

२८. राष्ट्रिय र प्रादेशिक खेलकूद प्रतियोगिता तथा कार्यक्रम अयोजना र सहभागिता,

२९. प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार, सो सम्वन्धी तथ्याङ्क सङ्कलन, प्रशोधन र सर्वेक्षण तथा जनशक्ति विकास र उपयोग,

३०. वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार र विकास,

३१. विज्ञान प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन,

३२. संस्कृतिको विकास सम्वन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन,

३३. भाषा, लिपि, संस्कृति, ललितकलाको संरक्षण र प्रयोग सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

३४. ऐतिहासिक, धार्मिक, पुरातात्विक, साँस्कृतिक कला र वास्तुकलाको दृष्टिले महत्वपूर्ण स्थलहरुको अध्ययन तथा अनुसन्धान, साँस्कृतिक संग्रालय र अभिलेखालय,

३५. ऐतिहासिक महत्वका धार्मिक सांस्कृतिक धरोहर संरक्षण सम्वन्धी नीति र कानून तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान,

३६. सांस्कृतिक परम्परा र गुठी अन्तरगत चलि आएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन,

३७. रोजगारी सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र नियमन,

३८. प्रदेशभित्र रोजगारी प्रवर्द्धन सम्वन्धमा स्थानीय तहसँग समन्वय र सहकार्य,

३९. वैदेशिक रोजगारमा जाने र फर्कने नागरिकको अभिलेख व्यवस्थापन,

४०. वैदेशिक रोजगारबाट फर्केकाहरुको ज्ञान सीप उपयोग गर्ने नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन,

४१. रोजगार सम्वन्धी अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, संरक्षणात्मक उपाय र पुनर्स्थापना,

४२. श्रम सम्वन्धी अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, संरक्षणात्मक उपाय र पुनर्स्थापना,

४३. प्रदेश श्रम सल्लाहकार परिषद्, श्रम र सामाजिक सम्वाद सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

४४. श्रमशक्ति, श्रम सम्बन्ध, श्रम बजार सम्वन्धी अध्ययन, अनुसन्धान, श्रमशक्ति सम्वन्धी योजना तर्जुमा र कार्यान्वयन ।

## ४.५.२ संक्षिप्त वित्तीय विवरण

(रु. हजारमा)

| विवरण | बजेट (रु) | खर्च (रु) | प्रगति (%) |
|---|---|---|---|
| चालु | १०,५४,६७६ | ७,६५,२०० | ७२.५५ |
| पूँजीगत | २,६९,६४० | २,१००,२७६ | ७७.९८ |
| जम्मा | १३,२४,३१६ | ९,७५,४७७ | ७३.६६ |

## ४.५.३ प्रमुख उपलब्धिहरू:

- प्रदेश भित्रका २१७ जना विभिन्न पेशामा अनौपचारीक तवरबाट सीप सिकेका व्यक्तिहरु सीप परीक्षण सम्पन्न गरिएको ।
- प्रदेशका १०२० जना व्यक्तिहरुलाई निशुल्क प्रिडिप्लोमा तहको अप्रेन्टिसीप तालिमको अवसर दिइएको ।
- २७ वटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम (TECS) ५० वटा, प्राविधिक धार ९-१२ सञ्चालन भएका ११ विद्यालयमा साझेदार शिक्षालय प्रयोगशाला सुदृढीकरण गरिएको तथा १० वटा प्राविधिक शिक्षा अध्यापन हुने विद्यालयहरुमा प्रयोगात्मक उत्पादनका लागि प्रोत्साहन कार्यक्रम सञ्चालन गरिएको ।
- मनमोहन प्राविधिक विश्वविद्यालय स्थापना भई स्नातकोत्तर तहसम्मको पठन पाठन सञ्चालनमा रहेको ।
- प्रदेश भित्रका सञ्चालनमा रहेका ९२ वटा सामुदायिक क्याम्पसहरुलाई स्थानीय तह अन्तर्गत कार्यान्वयन हुने गरी सञ्चालन अनुदान उपलब्ध गराईएको ।
- विशेष शिक्षा स्रोत कक्षालाई सुधार गर्न विशेष शिक्षा स्रोत कक्षा सुदृढीकरणका लागि प्रस्तावमा आधारित अनुदान दिइएको ।
- निरन्तर शिक्षालाई प्रभावकारी बनाउन सामुदायिक सिकाई केन्द्र सुदृढीकरणका लागि अनुदान उपलब्ध गराईएको ।
- प्रदेशभित्र रहेका ११ वटा संग्रहालयलाई व्यवस्थापन गर्न अनुदान दिइएको ।
- पाथीभरा क्षेत्र विकास समिति गठन आदेश, २०८१, बृहत्तर बराहक्षेत्र विकास समिति गठन आदेश,२०८१, हलेसी महादेवस्थान विकास समिति गठन आदेश, २०८१ स्वीकृत भई जारी भएको ।

- प्रदेशभित्र रहेका थिएटर तथा नाटक घरहरुलाई नाट्य महोत्सव तथा कार्यशाला संचालन गर्न ६ वटा थिएटर तथा नाटक घरहरुलाई अनुदान दिइएको ।
- विद्यार्थी संख्या न्यून भई समस्याग्रस्त केही विद्यालयहरु एकआपसमा गाभिई कायम भएका ५ वटा विद्यालयलाई प्रभावकारी सिकाई सहजीकरणका लागि अनुदान उपलब्ध गराई प्रोत्साहन गरिएको ।
- शिक्षालाई थप व्यवस्थित गर्न शिक्षा क्षेत्रको प्रादेशिक रणनीतिक योजना निर्माणका क्रममा रहेको ।
- प्रदेशका १५८ वटा शैक्षिक संस्थाहरुलाई भौतिक सुविधा विस्तार गर्न आवश्यक प्रवन्ध गरिएको ।
- विपदबाट प्रभावित २५ वटा शैक्षिक संस्थाहरुलाई विद्यालय संरक्षण पुनस्थापना र सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाईएको ।
- शिक्षामा सर्वसुलभ पहुँच एवम् गुणस्तर सुधारका लागि २६ वटा आधारभूत विद्यालयलाई स्थानीय तहको साझेदारीमा बालमैत्री विद्यालय विकास र सञ्चालनको लागि आवश्यक प्रवन्ध मिलाईएको ।
- १३ ओटा नमूना विद्यालय विकास कार्यक्रम निरन्तर गरिएको ।
- प्रदेशबाट सञ्चालन हुने सवै कार्यक्रमहरुमा स्थानीय तहसँग समन्वय गरिएको ।
- आप्रवासी स्रोत केन्द्र स्थापना तथा सञ्चालनका लागि स्वीकृत कार्यविधि अनुसार फुङलिङ नगरपालिका सोलुदुधकुण्ड नगरपालिका र खाँदवारी नगरपालिकामा रु ५ लाख २ हजारका दरले रकम वित्तीय हस्तान्तरण गरी पठाईएको ।
- आन्तरिक रोजगारी प्रवर्द्धनका लागि रोजगारदाता र श्रमिक बीचमा समन्वय स्थापित गर्ने उद्देश्यले निर्माण भएको श्रम संसार वेव पोर्टलको शुभारम्भ भई सामाजिक विकास मन्त्रालय अन्तर्गतको रोजगार सूचना केन्द्रबाट सञ्चालन तथा व्यवस्थापन भईरहेको ।
- अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम : १३७ स्थानीय तहमा सञ्चालन गरिएको ।
- लैंङ्गिक तथा यौनिक अल्पसंख्यकहरूका लागि सीपमूलक तालिम र व्यवसाय सञ्चालन भएको ।
- झापा जिल्लाका २० जना लैंङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरुले अनुदान प्राप्त गरेका ।
- उत्कृष्ट महिला उद्यमी व्यवसायीहरुलाई सम्मान तथा प्रोत्साहन गरिएको ।
- ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रहरुलाई सञ्चालन अनुदान प्रदान गरिएको ।
- स्थानीय तहहरुको साझेदारीमा एकल महिला उद्ममशिलता कार्यक्रम ।

- स्थानीय तहहरुको साझेदारीमा बालगृह सञ्चालन तथा व्यवस्थापन अनुदान ।
- स्थानीय तहहरुको साझेदारीमा वृद्धाश्रमहरुलाई सञ्चालन तथा व्यवस्थापन अनुदान ।
- १३७ स्थानीय तहमा लैङ्गिक हिंसा विरुद्धको संरक्षण कोष अनुदान ।
- कोशी प्रदेशका १६ वटा अल्पकालीन पुनर्स्थापना गृहहरुलाई व्यवस्थापन तथा सञ्चालन अनुदान ।
- लैङ्गिक हिंसा पीडित र प्रभावितहरुका लागि प्रदेशस्तरीय दीर्घकालिन पुनर्स्थापना गृह सञ्चालन ।
- मन्त्रालयमा अपाङ्गता व्यक्तिहरुका लागि हेल्पडेक्सको व्यवस्था ।

**आ.व. २०८०/०८१ को असार मसान्तसम्ममा कानून निर्माणतर्फ भएका कार्यहरू:**

**(१) जारी भएका कानूनहरू:**

- कोशी प्रदेश बालबालिका संरक्षण नियमावली, २०८०, (प्रदेश सरकारबाट जारी मितिः २०८०/१०/०६),
- सुरक्षित आप्रवासनका लागि आप्रवासी स्रोत केन्द्र (सहायता कक्ष) (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी निर्देशिका, २०८० (प्रदेश सरकारबाट जारी मितिः २०८०/११/२३),
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि,२०८१, (प्रदेश सरकारबाट मितिः २०८१/०३/३० गते जारी भएको),
- पाथिभरा क्षेत्र विकास समिति (गठन) आदेश, २०८१ (प्रदेश सरकारबाट जारी मितिः २०८१/०३/३०),
- हलेशी महादेवस्थान विकास समिति (गठन) आदेश, २०८१ (प्रदेश सरकारबाट जारी मितिः २०८१/०३/३०),
- बृहत्तर बराहक्षेत्र विकास समिति (गठन) आदेश, २०८१ (प्रदेश सरकारबाट जारी मितिः २०८१/०३/३०),

**(२) जारी गर्ने क्रममा रहेका नीति तथा कानूनहरू:**

- खेल संस्थालाई उपलब्ध गराइने अनुदान सहायता वितरणको मापदण्ड सम्बन्धी कार्यविधि अन्तिम स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश गरिएकोमा मन्त्रिपरिषद्को समितिमा पठाइएको ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम नीति म.प. बैठकमा पेश गर्ने चरणमा पुगेको ।

- रोजगार नीति सहमतिका लागि अर्थ र कानून मन्त्रालयमा पठाइएको ।
- दलित सशक्तीकरण विधेयकको अवधारणा पत्र कोशी प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट थप छलफलका लागि मन्त्रालयमै फिर्ता पठाइएकाले पुनः सम्बन्धित सरोकारवालाहरुसँग थप छलफल गरी १२ बुँदामा अवधारणा पत्र तयारी भई सैदान्तिक सहमतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश भएको ।
- अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रम सञ्चालन निर्देशिकाः अर्थ र कानूनको सहमतिका लागि पठाइएको ।
- वृत्ति सेवा केन्द्र सञ्चालन निर्देशिकाः अर्थ र कानूनको सहमतिका लागि पठाइएको ।
- छात्रवृत्ति तथा सहायता वृत्ति वितरण सम्बन्धी कार्यविधिः अर्थ र कानूनको सहमतिका लागि पठाइएको ।
- श्रम संसार वेब पोर्टलको सञ्चालन तथा कार्यान्वयन सम्बन्धी निर्देशिकाः मसौदा तयार भइसकेको ।
- सीप विकास तालिम सञ्चालन कार्यविधिः मसौदा तयार हुँदै गरेको ।
- लैङ्गिक हिंसा प्रभावितका लागि प्रेषण प्रक्रिया र घटना व्यवस्थापन निर्देशिकाः मसौदा तयार हुँदै गरेको ।

### ४.५.४ सुशासन सम्बन्धी विविध विषयहरुः

| क.सं. | विवरण | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | पदीय वा पेशागत आचरण । | प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा २२ बमोजिम पदीय वा पेशागत आचरण बनाउने क्रममा रहेको तर निजामती सेवा ऐन तथा नियमावलीमा व्यवस्था भएका पेशागत आचरण साथै अन्य पेशागत आचरण सबै कर्मचारीले पालना गर्ने गरिएको । |
| २ | नागरिक वडापत्र लागू गरेको विवरण । | मन्त्रालयको कार्यक्षेत्र समेटेर राखिएको तथा मातहतका निकायमा नागरिक वडापत्र लागू भएको । |
| ३ | सार्वजनिक सुनुवाई । | नियमित रुपमा हुने नगरेको । |
| ४ | आन्तरिक नियन्त्रण कार्यविधि बनाई लागू गरेको । | आन्तरिक नियन्त्रण कार्यविधि तर्जुमाका लागि समिति गठन भई तर्जुमा प्रकृयामा रहेको । |

| क्र.सं. | विवरण | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ५ | सूचना प्रविधि प्रयोग । | मन्त्रालयको वेवसाईट रहेको, सरकारी ईमेल रहेको, दर्ता चलानी अनलाईन रहेको, ई-हाजिरी रहेको, सरकारी सम्पत्तीको व्यवस्थापनका लागि PAMS संचालन भएको साथै सुचना प्रविधिबाट प्राप्त पत्रको सम्बोधन हुने गरेको । |
| ६ | गुनासो व्यवस्थापन । | गुनासो सुन्ने अधिकारी तोकी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट संचालित हेलो सरकारको पोर्टलमा आएका तथा अन्य लिखित र मौखिक गुनासाहरु सम्बोधन हुने गरेको । |
| ७ | अनुगमन मूल्याङ्कन विवरण । | मन्त्रालयका वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्थाको र मातहतका कार्यालयको अनुमगन हुने गरेको । |
| ८ | जिन्सि निरीक्षण तथा लिलामको अवस्था । | प्रत्येक आर्थिक वर्षको जिन्सी निरीक्षण भएको तथा यस मन्त्रालयवाट जिन्सी लिलामी नभएको । |
| ९ | वेरुजुको लगत र फस्यौंटको विवरण । | यस मन्त्रालयको कुल बेरुजु रु २७,०२,५७,१७१.४८ रहेकोमा कुल रु १४,१५,८४,९३५.८५ फछ्र्यौट भएको र जम्मा बाँकी रु १२,८६,७२,२३५.६३ रहेको । आ.ब. २०८०/८१ मा रु ६९,४६,५०६ वेरुजु फछ्र्यौट भएको । |
| १० | आर्थिक वर्ष २०८०/०८१ कार्य सम्पादन सम्झौता । | कार्यसम्पादन सम्झौता हुन बाँकी रहेको । |
| ११ | सरकारी सम्पतिको विवरण (सवारी साधन लगायत, जग्गा तथा भवनको हकमा संरक्षण, साध सीमाना यकिन तथा अतिक्रमण हुन नदिएको विवरण) । | • यस मन्त्रालयको मोरङ जिल्लाका वडा नं. ८ मा १ भवन रहेको ।<br>• मोरङ जिल्लाको वडा नं. ६ कित्ता नं. ६० मा ३५ रोपनी १७८०५.९० वर्ग मिटरको क्षेत्रफल भएको जग्गा रहेको ।<br>• मोरङ जिल्ला साबिक बनिगामा गा.वि.स वडा नं. ७ हाल ग्रामथान गाउँपालिका वडा नं. ७ मा प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको नाममा १०-१४-२-२० विगाह क्षेत्रफल कायम भएको जग्गा रहेको ।<br>• मन्त्रालयको नाममा जिप ६ वटा रहेको, मोटरसाईकल ११ वटा, स्कुटर ९ वटा रहेको । |

| क्र.सं. | विवरण | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १२ | कूल दरवन्दी र पद पूर्तिको अवस्था । | यस मन्त्रालय र मातहतका ७ वटा निकायका कूल १४४ वटा स्वीकृत दरवन्दी रहेकोमा ८२ वटा दरवन्दी पूर्ति रहेको तथा ६२ वटा दरवन्दी रिक्त रहेको अवस्था छ । रिक्त दरवन्दी मध्ये ९ वटा दरवन्दीमा संघीय कर्मचारी कामकाजमा रहेका छन् । |

### ४.५.५ कार्यान्वयनमा देखिएका समस्याहरु

- शिक्षा ऐन तथा नियमावली हालसम्म बन्न नसकेको ।
- कार्यन्वयन गर्ने निकाय नभएकाले सबै कार्यक्रमहरु मन्त्रालय र निर्देशनालयबाटनै गर्नुपर्ने बाध्यता रहेको ।

## ४.६ स्वास्थ्य मन्त्रालय

प्रदेश संरचनाको स्थापना कालमा गठन भएको ७ वटा मन्त्रालय मध्ये सामाजिक विकास मन्त्रालय विभाजन भई मिति २०७८/१०/२३ गते स्वास्थ्य मन्त्रालयको स्थापना भएको हो । यस मन्त्रालय मातहत स्थायी प्रकृतिका  प्रदेश स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य तालिम केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, १४ वटा अस्पतालहरु, १४ वटा स्वास्थ्य कार्यालयहरु, १४ वटा आयुर्वेद औषधालय/स्वास्थ्य केन्द्रहरु लगायतका कार्यालयहरु रहेका छन् ।

### ४.६.१ मन्त्रालयको कार्यक्षेत्र

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ अनुसार स्वास्थ्य मन्त्रालयको कार्यविवरण यस प्रकार रहेको छः-

१. स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

२. प्रदेशमा स्वास्थ्य सेवामा आवद्ध जनशक्तिको विकास र व्यवस्थापन सम्बन्धी कार्ययोजनाको निर्माण, कार्यान्वयन र अनुगमन,

३. प्रदेशभर स्वास्थ्य सेवामा प्रभावकारिता ल्याउन स्वास्थ्य जनशक्तिको अभिलेख व्यवस्थापन सहित समुचित वितरण र परिचालन,

४. स्वास्थ्य सम्बन्धी विपद् तथा महामारी पूर्व तयारी तथा प्रतिकार्य योजनाको निर्माण र कार्यान्वयन,

५. प्रदेशमा स्वास्थ्य प्रयोगशालाको मापदण्ड तथा गुणस्तर निर्धारण र अनुगमन,

६. ग्रामीण क्षेत्रमा स्वास्थ्य घुम्ती शिविर सम्बन्धी कार्ययोजना निर्माण र सोको कार्यान्वयन तथा अनुगमन,

७. स्वास्थ्य सेवाको प्रभावकारिता अभिबृद्धिका लागि संघ र स्थानीय तहसँग समन्वय र सहकार्य,

८. स्वास्थ्यकर्मीको आचार संहिता निर्माण, कार्यान्वयन तथा अनुगमन,

९. प्रदेशमा स्वास्थ्यको भौतिक संरचना, स्वास्थ्य उपकरण, एम्बुलेन्स, शवबाहन र सम्पतिको प्रादेशिक अभिलेखको निर्माण र सोको समुचित व्यवस्थापन,

१०. नागरिकलाई अत्याधुनिक तबरले सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभूति गर्ने विषय,

११. प्रवर्द्धनात्मक, प्रतिकारात्मक र उपचारात्मक तथा पुनर्स्थापनात्मक स्बास्थ्य सेवाको व्यवस्थापन,

१२. स्वास्थ्य सेवा सम्वन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसाहिक र पेशागत संघ संस्थाको अभिलेख व्यवस्थापन र नियमन,

१३. प्रदेशमा स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन,

१४. राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्वन्धी सामाग्रीको उत्पादन तथा सञ्चय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम बिषर्जन, गुणस्तरिय तथा मापदण्ड निर्धारण र नियमन,

१५. राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, संचालन, अनुमति र नियमन,

१६. राष्ट्रिय मापदण्ड बमोजिम संघ र स्थानीय तहसंगको समन्वयमा स्वास्थ्य बिमा कार्यान्वयन र पहुच विस्तार एंव सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन,

१७. औषधि निगरानी (फर्मा कोभिजिलेन्स) औषधिको उचित प्रयोग र सुक्ष्म जीवनिरोधक प्रतिरोध (एन्टी माईक्रोवायल रेसिस्टेन्स) न्यूनीकरण,

१८. खोपको आपुर्ति र व्यवस्थापन,

१९. संबेदनशील औषधी तथा अन्य स्वास्थ्य सामाग्री खरीद तथा आपुर्ति व्यवस्थापन,

२०. प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्वन्धी अध्ययन तथा अनुसन्धान, स्वास्थ्य लेखा पद्धतीको संस्थागत व्यवस्थापन, सुचना प्रवाह प्रणलीको व्यवस्थापन,

२१. जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन,

२२. सुर्तिजन्य वस्तुको नियन्त्रणको लागि समन्वय तथा नियमन,

२३. स्वास्थ्य सम्वन्धी अल्पकालीन अवस्था, महामरी व्यवस्थापन, आकस्मिक स्वास्थ्यसेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन,

२४. सरुवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम,

२५. राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्वन्धी भौतिक पुर्वाधार विकास तथा व्यवस्थापन,

२६. स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन सम्वन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन,

२७. प्रदेशस्तरको सरसफाई तथा स्वच्छता सम्वन्धी प्रदेशिक नीति, कानून, तथा मापदण्डको तर्जुमा र कार्यान्वयन,

२८. स्वास्थ्य सरसफाई तथा स्वच्छता अभियानमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्वन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

२९. आयुर्वेदिक, युयानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्वन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन,

३०. जनसंख्या, बसाईसराई, र परिवार नियोजन सम्वन्धी प्रादेशिक नीति, कानून तथा योजनाको तर्जुमा, कार्यान्वयन र नियमन अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन एवम् सो सम्वन्धमा संघ तथा स्थानीय तहसंग समन्वय ।

## ४.६.२ संक्षिप्त वित्तीय विवरण

| विनियोजन | खर्च | | जम्मा खर्च |
|---|---|---|---|
| | चालु खर्च | पूंजीगत खर्च | |
| ३,३०,९२,७८,०००.०० | २,१७,१३,१३,०००.०० | २५,५९,८७,०००.०० | २,४२,७३,००,०००.०० |

## ४.६.३ प्रमुख उपलब्धिहरू:

१. प्रदेशका दश वर्ष मुनिका बालबालिकाहरुलाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्न मन्त्रालयबाट "दश वर्ष मुनिका बालबालिकाहरुकालाई निःशुल्क विशेषज्ञ चिकित्सकीय सेवा सम्बन्धी मार्गदर्शन, २०८०" स्वीकृत गरी विभिन्न सेवा प्रदायक अस्पतालहरुसंग सम्झौता वमोजिम निःशुल्क सेवा प्रदान गरिएको ।

- ➢ **मोरङ्ग** जिल्लामा सम्झौता गरिएका अस्पतालहरु (२ वटा)
  - नोबेल मेडिकल कलेज र बिराट मेडिकल कलेज -जम्मा सेवाग्राही ४४३३ जना ।
- ➢ **झापा** जिल्लामा सम्झौता गरिएका अस्पतालहरु (२ वटा)
  - काठमाडौं इन्स्टिच्युट अफ चिल्ड्रेन हस्पिटल, दमक र प्रादेशिक अस्पताल भद्रपुर -जम्मा सेवाग्राही १२७० जना ।
- ➢ **सुनसरी, उदयपुर र संखुवासभा** जिल्लामा सोही जिल्लास्थित सरकारी जिल्ला

अस्पतालमार्फत निःशुल्क सेवा प्रदान गरी सोधभर्ना गरिएको । सेवाग्राही संख्या क्रमशः ८४, १०५४, १४५६ जना ।

२. साविकको संक्रामक रोग तथा सघन उपचार केन्द्र, बिराटनगरलाई शैलजा आचार्य हृदयरोग उपचार केन्द्रका रुपमा विकास गर्न कोशी प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट "शैलजा आचार्य हृदयरोग केन्द्र सञ्चालन कार्यविधी, २०८०" स्वीकृत गरी २०८० माघ १० गतेबाट सेवा प्रारम्भ भै सञ्चालनमा रहेको ।

   ➢ उपलब्ध सेवाहरु- मुटुरोग सम्बन्धी बहिरंग सेवा (OPD), इ.सी.जी., इको, ए-बि. पि.एम, हल्टर, एक्स-रे ।

३. प्रदेश सरकारबाट जारी भएको आर्थिक सहायता सम्बन्धी कार्यविधी, २०७९ बमोजिम स्वास्थ्य मन्त्रालयमा प्राप्त आवेदनमध्ये ४७८ जना कडा रोग लागेका व्यक्तिहरुलाई पेश भएको बिल भर्पाई अनुरुपको सहायता रकम प्रदान गरिएको ।

४. स्वास्थ्य मन्त्रालय र राष्ट्रिय बहिरा महासंघ नेपाल, कोशी प्रदेशबीच सम्झौता भइ प्रदेशका १४ वटै जिल्लाहरुमा सुनाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य सेवा लगायत अन्य आवश्यक सेवा उपभोग गर्न सहजताका लागि १४ जना दोभाषे र १ जना कार्यक्रम संयोजक करार गरी सेवा प्रदान गरिएको । कूल लाभग्राही संख्या -१५५२ जना ।

५. स्वास्थ्य मन्त्रालय परिसरमा रहेको प्रादेशिक प्रेषण केन्द्र मार्फत २०८१ असाढ १ गतेबाट निःशुल्क १०२ मा टेलिफोन सम्पर्क गरी GPS ट्र्याकिङ्ग सहितको २४ घण्टा एम्बुलेन्स सेवा सम्बन्धी प्रेषण कार्य प्रारम्भ गरी सञ्चालनमा रहेको ।

६. प्रदेश अन्तर्गतका अस्पतालहरुमा दरबन्दी रिक्त रहेका विशेषज्ञ चिकित्सकहरुको कर्मचारी करार कार्यविधी, २०७९ बमोजिम मन्त्रालयबाट पदपूर्ति भएको । (बाल रोग विशेषज्ञ -२ जना, फिजिसियन-१ जना, एम.डि.जी.पी -१ जना गरी थप ८ जनाको करार सेवामा पदपूर्ति गरिएको ।

७. प्रदेश अन्तर्गतका सबै अस्पतालहरु र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरुमा क्रमशः न्यूनतम सेवा मापदण्ड (Minimum Service Standards) लागू गरी सेवाको तत्परता तथा गुणस्तर मापनको कार्य गरिएको ।

८. प्रादेशिक आयुर्वेद अस्पताल लखनपुरमा ल्याव सेवा, पञ्चकर्म सेवा, शल्य सेवा, फिजियोथेरापी सेवा लगायतका सेवा सुदृढीकरण गरी थप व्यवस्थित गरिएको ।

९. प्रदेशमा सेवारत सम्पूर्ण महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रत्येक जिल्लास्थित स्वास्थ्य कार्यालयहरु मार्फत जनही रु. ५,०००/- प्रोत्साहन रकम स्वरुप प्रदान गरिएको । मिति २०८० असोज ३ गते प्रदेशस्तरीय सम्मान कार्यक्रम आयोजना गरी प्रत्येक जिल्लाका १ जना उत्कृष्ट महिला स्वास्थ्य स्वयं सेविकालाई सम्मान गरिएको ।

१०. प्रदेशका १४ वटै जिल्लाहरु पूर्ण खोप सुनिश्चित भए पश्चात विराटनगरमा मिति २०८१, अषाढ ३० गते विशेष समारोहको आयोजना गरी कोशी प्रदेशलाई पूर्ण खोप प्रदेश घोषणा र संबन्धित निकाय र स्वास्थ्यकर्मीहरुलाई सम्मान गरिएको ।

११. झापा जिल्लामा हात्तीपाइले विरुद्ध आम औषधी सेवन कार्यक्रम (Mass Drug Administration) सम्पन्न गरिएको छ । २०८१ वैशाख सम्ममा कूल लक्षित जनसंख्याको ८३.७१% कभरेज भएको ।

१२. तराईका जिल्लाहरुमा -९ महिना देखि १५ वर्ष, पहाडी जिल्लाहरुमा -५.५ वर्ष देखि ८ वर्षका बालबालिका लक्षित गरी प्रदेशका १४ वटै जिल्लाहरुमा MR/IPV (दादुरा रुबेला र इन्जेक्टेबल पोलियो) खोप अभियान संचालन गरिएको ।

१३. जिल्लास्थित स्वास्थ्य कार्यालयहरुमार्फत स्थानीय तहसंगको सहकार्यमा नियमित खोप सेवा, परिवार नियोजन सेवा तथा कार्यक्रम लागू भएका जिल्लाहरुमा समुदायमा आधारित नसर्ने रोग कार्यक्रम सञ्चालन भएको ।

१४. प्रादेशिक अस्पताल भद्रपुरको नयाँ अस्पताल भवन हस्तान्तरण भई सेवा सञ्चालनको तयारी भएको । जिल्ला अस्पताल पाँचथरको नवनिर्मित ५० शैयाको अस्पताल भवनको उद्घाटन गरिएको । जिल्ला अस्पताल पाँचथर र उदयपुरमा ५ शैयाको हेमोडायलाइसीस सेवा, फिजियोथेरापी सेवा, SNCU (Special Newborn Care Unit) संचालनमा आएको । जिल्ला अस्पताल संखुवासभामा जनरल सर्जरी सेवा विस्तार गरिएको ।

१५. प्रदेश स्वास्थ्य तालीम केन्द्र, धनकुटाबाट महिला प्रजनन् स्वास्थ्यसँग सम्बन्धित सुरक्षित गर्भपतन, Rural USG, VIA तालिम साथै बाल स्वास्थ्यसँग सम्बन्धित CBIMNCI तालिम संचालन भएको ।

१६. प्रदेश स्वास्थ्य आपूर्ती व्यवस्थापन केन्द्रमार्फत शैलजा आचार्य हृदयरोग उपचार केन्द्रका लागि आवश्यक औजार, उपकरण खरिद गरी हस्तान्तरण गरिएको । (Treadmill Test Machine, Echocardiography machine) । मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरका लागि १ थान CT-Scan Machine (१२८ slice) खरिद भएको । जनस्वास्थ्य समस्याका रुपमा रहेको टी.वी. रोगको खोजपड्तालमा आवश्यक औजार उपकरण खरिद भई हस्तान्तरणको प्रकृयामा रहेको ।

१७. प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट नियमित परीक्षण सेवा विस्तार अन्तर्गत आ.व. को अन्त्यसम्म जम्मा १०,६०८ जनाको प्रयोगशाला परीक्षण गरी कूल राजश्व संकलन रु. ७१,१२,६५७/- तथा प्रदेश सरकारको आर्थिक ऐन अनुरुपको रु. १८,३९,१५२/- छुट प्रदान भएको । ल्याव कर्मचारीहरुका लागि एच.आइ.भी. सम्बन्धी तालिम, औलो रोग सम्बन्धी प्रयोगशाला कर्मीहरुको माइक्रोस्कोपी आधारभूत तालिम संचालन भएको ।

१८. संघीय सरकारसंगको समन्वयमा स्थानीय तहलक्षित महिलाहरुको पाठेघरको मुखको क्यान्सर गराउने HPV DNA परीक्षण ( धरान -६०००, दुहवी -१५००, फिदिम -१०००, अन्य -५००) गरिएको । यस प्रदेश अन्तर्गतका अस्पतालहरुबाट महिलाहरुको पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ्ग कार्य Liquid Based Cytology (LBC) Method द्वारा PAP Smear सेवा निःशुल्क रुपमा ५९६ जनामा सेवा प्रदान गरिएको ।

१९. मोलेक्युलर प्रयोगशाला अन्तर्गत Influenza तथा सोसंग सम्वन्धित स्वास प्रस्वास सम्वन्धी रोगहरुको सर्भिलेन्स कार्य गरिएको ।

२०. प्रदेश मन्त्रिपरिषद्को निर्णयानुसार उदयपूर स्थित कटारी नगर अस्पताललाई ५० शैयामा स्तरोन्नति गरी प्रदेशमा हस्तान्तरणका लागि संघीय सरकार समक्ष अनुरोध गरी पठाइएकोमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०८१/४/१५ गते प्राप्त पत्रानुसार उक्त अस्पताल प्रदेशलाई हस्तान्नतरण भएको ।

**अन्य प्रगति इन्डिकेटरहरुः**

| विवरण | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
|---|---|---|---|
| Reporting status dataset (new) reporting rate | 100 | 100 | 100 |
| % of children under 1 year immunized with DPT/HepB/Hib1 | 92.4 | 94.9 | 86.7 |
| % of children under 1 year immunized with DPT/HepB/Hib2 | 90.9 | 93.8 | 87.2 |
| % of childrfen fully immunized as per Nip schedule | 85.4 | 88.5 | 89.7 |
| % of Pneumonia among U5 yrs New ARI registered children (HF&ORC) | 14.8 | 12.7 | 12.1 |
| % of children U5 with diarrhea suffering from severe dehydration | 0.31 | 0.21 | 0.21 |
| Average No. of visits among children aged 0-23months redisteredc for groeth monitoring | 3.4 | 4 | 5.1 |
| % of children aged 0-23 months registered for growth monitoring (new)who were underweight | 1.8 | 3.4 | 2.6 |

| विवरण | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
|---|---|---|---|
| % of pregnant women who had atleast one ANC checkup | 127 | 159.4 | 117.3 |
| % of pregnant women who had 4 ANC checkups as per protocol(4th, 6th, 8th, and 9th) | 68.8 | 96.8 | 87.9 |
| % of pregnant woemn who had at least 8 ANC visits as per protocol | | 38 | 44.2 |
| % of women who received a 180 day supply of iron folic acid during pregnancy | 47.6 | 56.6 | 60.7 |
| % of institutional deliveries | 69.2 | 86 | 79.3 |
| % of women who received a PNC within 24 hours of delivery | 69.1 | 72 | 63.5 |
| % of women who had 3 PNC check ups as per protocol(1st, within 24 hours, 2nd within ) | 36.7 | 32 | 39.4 |
| % of postpartum woemn who received as 45 days supply of IFA | 31.7 | 54.6 | 65.2 |
| FP methods new accepter among as % of MWRA | 10.3 | 9.8 | 9.7 |
| Case notification rate (all forms of TB cases) | 88.6 | 88 | 94.4 |
| Treatment success rate total TB case | 91 | 89.9 | 89.3 |
| TB treatment success rate (new and relapse) | 91 | 89.9 | 89.7 |
| No. of OPD new visits per 1000 | 995.2 | 782.8 | 920.8 |
| Average No. of people served FCHV (reporting period) | 20.4 | 21.9 | 22.6 |
| Average No. of people served from immunization clinic (per clinic) | 18.2 | 18.3 | 16.4 |
| Average No. of clients served per PHC outreach clinic | 14.5 | 14.9 | 15.3 |
| % of motherr groups meeting held | 91.8 | 94.1 | 95.6 |

## ४.६.४ सुशासन सम्बन्धी विविध विषयहरुः

| क्र.सं. | विवरण | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | पदीय वा पेशागत आचरण । | प्रदेश निजामती सेवा ऐन २०७९ को परिच्छेद ९ बमोजिमको आचरणको अतिरिक्त प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०७७ को नियम ६(१) मा उल्लेखित कानूनगत आचरणहरु, पदीय तथा पेशागत आचरणहरु सम्बन्धित पेशागत परिषद ऐनले उल्लेख गरेका आचरणहरु सेवा प्रवेशमै ऐन बमोजिमको शपथग्रहणमा तथा काउन्सील दर्ता समयमा अनुबन्ध गराई लागू गरिएको । प्रदेश मन्त्रालयबाट छुट्टै नगरेको । |
| २ | नागरिक वडापत्र लागू गरेको विवरण । | मातहत निकायहरुमा लागू गरिएको । |
| ३ | सार्वजनिक सुनुवाई । | मातहत निकायमा आवश्यकतानुसार गरिएको । |
| ४ | आन्तरिक नियन्त्रण कार्यविधि बनाई लागू गरेको । | आन्तरिक नियन्त्रण प्रणाली वनाई लागू नभएको तर ई हाजिरी, दर्ता चलानी, eLMIS (जिन्सी नियन्त्रण प्रणाली एकीकृत कार्यालय व्यवस्थापन प्रणाली), DHIS2, GIOMS लगायतका Tools लागू गरिएको । |
| ५ | सूचना प्रविधि प्रयोग । | ई हाजिरी, दर्ताचलानी, eLMIS (जिन्सी नियन्त्रण प्रणाली एकीकृत कार्यालय व्यवस्थापन प्रणाली), DHIS2, GIOMS, लागू गर्दै लगिएको । |
| ६ | गुनासो व्यवस्थापन । | सूचना अधिकारी, तथा गुनासो सुन्ने अधिकारी तोकिएको र आएका अन्य श्रोतका गुनासाहरु समेत सम्वोधन गर्ने गरिएको । |
| ७ | अनुगमन मूल्याङ्कन विवरण । | मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक समिक्षा भौतिक उपस्थितिमा र आवश्यकतानुसार ZOOM Meeting मार्फत अनुसार अनुगमन मूल्याङ्कन गरिएको, समय समयमा गरिएको स्थलगत अनुगमनका अतिरिक्त ओ. एण्ड एम. कार्यक्रमसंगै बृहत अनुगमन मूल्यांकन गर्दै जाने कार्यक्रम रहेको । |
| ८ | जिन्सि निरीक्षण तथा लिलामको अवस्था । | जिन्सी निरीक्षण प्रतिवेदन संकलन भई रहेको, लिलाम सामाग्री एकीन हुन बांकी । |

| क्र.सं. | विवरण | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ९ | वेरुजुको लगत र फस्यौंटको विवरण ।<br>जम्मा बेरुजू: ३५,७०,६४, २१०.००<br>फस्यौंट: ४,२०,२७,२८५.००<br>फस्यौंट प्रतिशत: १२%<br>बांकी बेरुजू: ३१,५०,३६,९२६.०० | |
| १० | आर्थिक वर्ष २०८०/०८१ कार्य सम्पादन सम्झौता । | आर्थिक वर्ष २०८०/०८१ कार्य सम्पादन सम्झौता नभएको र आ. व. ०८१/०८२ मा गरिएको । |
| ११ | सरकारी सम्पतिको विवरण (सवारी साधन लगायत, जग्गा तथा भवनको हकमा संरक्षण, साँध सीमाना यकिन तथा अतिक्रमण हुन नदिएको विवरण) । | सरकारी सम्पत्ति र जिन्सिको अभिलेख अध्यावधिक छ हानि नोक्सानी तथा अतिक्रमण हुन दिने गरिएको छैन । |
| १२ | कूल दरवन्दी र पद पूर्तिको अवस्था । | मन्त्रालय र मातहतका ४९ वटा निकायहरुको समेत गरी जम्मा स्वीकृत ९४७ वटा कूल दरवन्दी रहेकोमा ४६९ वटा दरवन्दी पूर्ति रहेको र ४७८ वटा दरवन्दी रिक्त रहेको छ । |

## ४.६.५ प्रमुख समस्याहरु

संघीय सरकारको साबिकका जिल्ला अस्पतालहरुलाई न्यूनतम ५० शैयाका प्रादेशिक अस्पतालमा परिणत गर्दै जाने नीति रहे अनुरुप संघीय सरकारबाटै ईनरुवा अस्पताल, ईलाम अस्पताल, उदयपुर अस्पताल, संखुवासभा अस्पताल ५० शैयाकै प्रादेशिक अस्पतालको रुपमा हस्तन्तरण भएको, प्रदेश सरकारको निर्णयानुसार जिल्ला अस्पताल पांचथर, जिल्ला अस्पताल तेह्रथुम, जिल्ला अस्पताल भोजपुरलाई २०७९ भाद्रमा, मदन भण्डारी अस्पताल तथा ट्रमा सेण्टरलाई २०७७/०७८ मा, हालै २०८१ श्रावणमा कटारी अस्पताल समेत ५० शैयाको प्रादेशिक अस्पतालमा परिणत गर्ने निर्णय भए पनि सोही बमोजिम भौतिक संरचना, सामाग्रीहरु, तथा जनशक्ति व्यवस्था गर्न नसकिएको ।

प्रदेश सरकारबाट समेत प्रदेश जनस्वास्थ्य प्रयोगशाला, तथा अन्य स्वास्थ्य ईकाईंहरु प्रदेश सरकार अन्तरगत समायोजन तथा सञ्चालन गरिएता पनि अधिकांश अपेक्षित भौतिक सुविधा तथा जनशक्ति पुऱ्याउन नसकिएको ।

- शैलजा आचार्य हृदयरोग केन्द्र र प्रादेशिक आयुर्वेद अस्पताल लखनपुरलाई हालसम्म अस्थायी संरचनामै अपुग भौतिक सुविधा तथा जनशक्तिमै सञ्चालन गरिएको ।
- प्रदेश सरकारको निर्णय बमोजिम कडारोग पिडीत विरामीहरुलाई दिईने आर्थिक राहत रकम अति न्यून बजेटका कारण विगत वर्षदेखि नै दिन नसकिएको ।

## ४.७ पर्यटन, वन तथा वातावरण मन्त्रालय

पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी, विराटनगरको स्थापना मिति २०७९/१०/०६ गते भएको हो । यो मन्त्रालय मिति २०७४/१०/२९ मा स्थापित उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट मिति २०७८/१०/१६ गतेदेखि वन, वातावरण तथा भू-संरक्षण मन्त्रालयको रुपमा संचालन भइ पुनः संयोजन भइ स्थापना भएको हो । यस मन्त्रालयको मातहतमा प्रदेश वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालयहरु, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु, पर्यटन विकास आयोजना, जलाधार व्यवस्थापन तथा कार्यक्रम कार्यान्वयन इकाई र पर्यटन कार्यालयहरु रहेका छन् ।

### ४.७.१ मन्त्रालयको कार्यक्षेत्र

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ अनुसार पर्यटन, वन तथा वातावरण मन्त्रालयको कार्यविवरण यस प्रकार रहेको छः-

१. प्रादेशिक पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, कार्यान्वयन र नियमन,

२. पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन,

३. पर्यटकीय होटल, मोटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, र्‍याफ्टिङ्ग, क्यानोइङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन,

४. ग्रामिण पर्यटन, पर्या पर्यटन, सम्मेलन पर्यटन, धार्मिक पर्यटन इत्यादि सम्बन्धी,

५. संघीय कानून बमोजिम क्यासिनो दर्ता, अनुमति र नियमन,

६. संघ र प्रदेशको सम्बन्धित मन्त्रालयसँगको समन्वयमा पर्यटकीय प्रहरीको व्यवस्थापन,

७. प्रदेशस्तरमा पर्यटन प्रवर्धनका लागि संग्रहालय, अभिलेखालय सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, पूर्वाधार निर्माण, कार्यान्वयन, व्यवस्थापन र नियमन,

८. पर्यटकीय महत्वका विश्वसम्पदा सूचीमा परेका सम्पदा, प्राचिन स्मारक एवम् स्थल र दरवारहरुको संरक्षण, सम्भार, उत्खनन तथा पुनर्निर्माण तथा व्यवस्थापन सम्वन्धी विषय,

९. महत्वपूर्ण पर्यटकीय स्थलहरुको अध्ययन तथा अनुसन्धान,

१०. पर्यटकीय गन्तव्य स्थलको पहिचान र प्रवर्द्धन,

११. होमस्टे सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र सो सम्बन्धी पूर्वाधार निर्माण,

१२. साहसिक पर्यटन पूर्वाधार निर्माण र प्रवर्द्धन,

१३. पर्यटन विकास र प्रवर्द्धनका लागि विविधतायुक्त मौलिक कला संस्कृति र ग्रामीण पर्यटनवीचको अन्तरआवध्दता, संयोजन, समन्वय, योजन निर्माण तथा कार्यान्वयन,

१४. पर्यटकीय पदमार्ग र पर्यटकीय एडभेन्चर क्रियाकलापहरु सम्बन्धी,

१५. प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

१६. वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण,

१७. वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्वन्धी प्रादेशिक संग्रहालय व्यवस्थापन,

१८. प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरण क्षेत्रको व्यवस्थापन,

१९. चिडियाखानाको व्यवस्थापन,

२०. जडिबुटी खेती प्रविधि प्रवर्द्धन, विस्तार तथा बजारीकरण सम्वन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याङ्क संकलन,

२१. वन तथा वातावरण सम्वन्धी विषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह,

२२. वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्वन्धी नीति, समन्वय र सहयोग,

२३. प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरियमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्वन्धी नीति र व्यवस्थापन,

२४. प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवम् लाभांश बाँडफाँड,

२५. प्रदेशस्तरमा जलाधार संरक्षण सम्वन्धी नीति, प्रविधि, विकास, व्यवस्थापन,

२६. प्रदेशभित्र भू जलाधार संरक्षण,

२७. वातावरण संरक्षण तथा स्वच्छता सम्वन्धी प्रविधि विकास र व्यवस्थापन,

२८. वातावरण तथा जलवायू परिवर्तन सम्वन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन,

२९. वातावरणीय सूचना प्रणालीको स्थापना,

३०. वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार,

३१. वातावरणीय प्रयोगशालाको स्थापना, संचालन र व्यवस्थापन,

३२. प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनी तथा विद्युत्तीय लगायत प्रदुषणको मापदण्ड, निर्धारण, कार्यान्वयन र नियमन,

३३. न्यून कार्वनमूखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरितक्षेत्र प्रवर्द्धन,

३४. वन संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको पहिचान, संरक्षण, संवर्द्धन र व्यवस्थापकीय पद्धति निर्धारण,

३५. वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि, वातावरणीय सुशासन तथा परीक्षण,

३६. भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन,

३७. नदी उकास, नहर तथा सडक किनारामा वृक्षारोपण व्यवस्थापन,

३८. वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउ बगैंचा स्थापना र व्यवस्थापन,

३९. प्रदेशभित्र वृक्षारोपण तथा संभार सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

४०. प्रदेशभित्र जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्वन्धी व्यवस्थापन,

४१. वन्यजन्तु र चराचुरुङ्गी सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

### ४.७.२ संक्षिप्त वित्तीय विवरण

(रु हजारमा)

| क्र.सं. | शिर्षक | विनियोजन | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु खर्च | १,२०,५९६.८२ | ८,२४,८८८.७३ | ७३.६१ |
| २ | पूँजिगत खर्च | १३,७५,८९५.३० | ९,६३,४००.४१ | ७०.०२ |
| जम्मा | | २४,९६,४९२.१२ | १७,८८,२८९.१४ | ७१.६३ |

### ४.७.३ प्रमुख उपलब्धिहरू

१. आ.व. २०८०/०८१ मा डि. व. का. मोरङबाट ढलापडा काठ दाउरा संकलनबाट १,०५,६७२.८ क्यू.फि. काठ तथा १०० चट्टा दाउरा उत्पादन गरिएको ।

२. आ.व. २०८०/०८१ मा प्रदेश भरीबाट २,७५,४९,१८३.४४ क्यू.फि. काठ उत्पादन गरी मु.अ. कर रु. ८९,१२,४८,१४९.८९, प्रदेश सेवा शुल्क रु. ८,६२,७५,५२७.७९ र राजश्व संकलन रु. ८,१०,९३,९०४.९० तथा ६८,८७,२९६ श्रमदिन बराबरको रोजारी सिर्जना भएको ।

३. प्रदेशभरमा आ.व. २०८०/८१ मा विभिन्न प्रजातीका ७२,०८,९५४.१२ के.जी. जडिबुटी संकलन, प्रशोधन र निकासी गरिएको ।

४. पर्यटन क्षेत्रतर्फ यस मन्त्रालय अन्तर्गत आ.व. ०८०/०८१ मा विभिन्न १९९ योजनाहरूको स्वीकृति भरइ १७८ वटा योजनाहरु सम्पन्न भएका र ४ वटा बहुवर्षीय आयोजनाहरु सम्पन्न हुने चरणमा रहेको ।

५. आ.व. २०८०/८१ मा १६.४८ हे. वन अतिक्रमण हटाइएको । (झापा, धनकुटा, उदयपुर (गाईघाट) उदयपुर (त्रिवेणी) र तेह्रथुम)

६. ८ वटा स्थायी नर्सरी निर्माण भएको र ५८ वटा नर्सरी मर्मत गरी एक वर्षीय विरूवा २४ लाख ४१ हजार र बहुवर्षिय विरूवा ८ लाख ७० हजार उत्पादन भएको ।

७. १४ जिल्लाका १५ वटै डि.व.का मार्फत कूल १५१.८४ हे. क्षेत्रमा वृक्षारोपण कार्य सम्पन्न भएको ।

८. जिल्ला वन पैदावार आपूर्ति समितिबाट ७०० घरधुरीहरूलाई काठ वितरण गरिएको ।(झापा, मोरङ्ग, उदयपुर (गाईघाट) उदयपुर (त्रिवेणी) र इलाम)

९. १२ वटा सामुदायिक वन (२७५७ हे.) उपभोक्ता समूह गठन तथा ४८४ सा.व.को कार्ययोजना नवीकरण गरिएको ।

१०. डि.व.का. मोरङबाट नेपाल वन निगमलाई १८ हजार क्यु.फिट. भन्दा बढी काठ हस्तान्तरण गरिएको ।

११. ३७ वटा सा.व.उ.स.मा पर्यापर्यटन विकास तथा ६० वटा सिमसार क्षेत्रको व्यवस्थापन तथा पोखरी निर्माण भएको ।(तेह्रथुम, धनकुटा, सुनसरी, मोरङ, झापा, इलाम, भोजपुर, उदयपुर (त्रिवेणी), तेह्रथुम र ओखलढुंगा)

१२. वन डढेलो रोकथाम तथा संयन्त्रको सक्रियता बढाइ वनडढेलो रोकथाम तथा व्यवस्थापन गरिएको ।

१३. पाँचथर, खोटाङ्ग, धनकुटा, भोजपुर र तेह्रथुम जिल्लाका विभिन्न स्थानमा पाँच वटा रिचार्ज पोखरी निर्माण गरिएको ।

१४. आकस्मिक भू-संरक्षण कार्यक्रम ८ स्थानमा, ४ वटा जलवायु परिवर्तन अनुकूलन नमुना गाउँ कार्यक्रम सम्पन्न गरिएको ।

१५. वायो इन्जि. खोला किनारा संरक्षण १७.५ कि.मि., एकीकृत भूस्खलन नियन्त्रण २० स्थानमा सम्पन्न गरिएको ।

१६. सडकसँग भू-संरक्षण कार्यक्रम ८ मि., एकीकृत सुख्खाक्षेत्र व्यवस्थापन ५ स्थानमा सम्पन्न भएको ।

१७. चार वटा साझेदारी वन समुहको कार्ययोजना तयारी भइ स्वीकृतिको चरणमा रहेको । (मोरङ)

१८. वनक्षेत्रको जग्गा अन्य प्रयोजन वापत कूल ९ करोड २९ लाख ८४ हजार २ सय २ रूपैया राजश्व संकलन भएको ।

१९. वातावरणीय अध्ययनसंग सम्बन्धित ६५ वटा कार्यसूची (TOR), १३ वटा संक्षिप्त प्रतिवेदन (BES) र २५ वटा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, गरी वातावरणीय परीक्षणसंग सम्बन्धित कूल १०५ वटा प्रतिवेदन स्वीकृत भएको ।

२०. लाहा खेति र रबर खेतिको प्रवर्द्धन विकासका काम सुरु गरिएको । (झापा, धनकुटा र मोरङ)

२१. डि.व.का. झापा, मोरङ र सुनसरीको क्षेत्रमा वन्यजन्तुको लागि जैविक मार्ग विकास तथा व्यवस्थापन (विशेष गरी जंगली हात्तीको लागि क्रिडास्थल, वनजन्य फलफुल रोपण, जनचेतना अभिवृद्धि) गरिएको

२२. वन डढेलो तथा नियन्त्रण व्यवस्थापन योजना कार्यान्वयन भई Rapid Response Team को गठन तथा परिचालन गरिएको । (झापा, मोरङ र सुनसरी)

२३. १४ जिल्लाका १५ वटै डि.व.का.बाट विद्यालय वातावरण सचेतना कार्यक्रम तथा स्कूल शिक्षा कार्यक्रम संचालन गरी विद्यालयस्तरबाट वातावरण तथा जैविक विविधताको संरक्षणमा क्षमता अभिवृद्धि गरिएको ।

२४. वन्यजन्तुबाट भएको क्षेतीको राहत वितरण गरिएको । (३९ जनालाई)

**नवप्रवर्तित कृयाकलापहरु**

१. नेपालका पूर्वी पहाडी क्षेत्रमा रहेका वन, भूमी तथा जैविक विविधताको दिगो व्यवस्थापनका लागि क्षमता अभिबृद्धि आयोजनाका (FLBEH) लागि करिब ५५ करोड नेपाली रकम तथा पदमार्गमा आधारित पर्यटन विकास आयोजना (TTDP) का लागि कुल रु २ अर्ब ४५ करोड नेपाली रकम बराबरको परियोजना सुरुवात गरी दुबै कार्यक्रमहरु संचालन सुरु भैसकेको छ ।

**शासकीय सुधार सम्बन्धमा भए गरेका कृयाकलापहरु**

१. कोशी प्रदेश वन नियमावली, २०८० जारी भएको ।

२. पुरानो घरको पुरानो काठ ओसारपसार सम्बन्धी मापदण्ड तयार भई लागु भएको ।

३. मन्त्रालयबाट सम्पादन हुने काम सम्बन्धी कानुन नीति र कार्यविधि निर्माण एवम् सुधारका लागि सूचना सल्लाह र पृष्टपोषण उपलब्ध गराउने गरिएको ।

४. सार्वजनिक प्रशासन र व्यवस्थापनका नविनतम मान्यताहरुको प्रयोगबाट कार्यालयको कार्यसम्पादनको गुणस्तरमा सुधार ल्याउन कृयाशिल रहेको ।

## ४.७.४ सुशासन सम्बन्धी विविध विषयहरुः

| क्र.सं. | विवरण | कार्यान्वनयको अवस्था |
|---|---|---|
| १ | पदीय वा पेशागत आचरण । | प्रदेश सुशासन सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा २२ बमोजिम पदीय वा पेशागत आचारसंहिताको मस्यौदा तयार गरिएको जसमा सुशासन, प्रवर्द्धनका लागि प्रतिवद्धता, भ्रष्टाचार नगर्ने प्रतिवद्धता र आचारसंहिताको पालना गर्ने प्रतिवद्धताका बिषयहरु समेटिएको छ । |
| २ | नागरिक वडापत्र लागू गरेको विवरण । | मन्त्रालय मातहतका निकायहरुले नागरिक वडापत्र तयार गरी सेवाग्राहीले देख्ने स्थानमा तथा वेबसाईटमा राखेको । |
| ३ | सार्वजनिक सुनुवाई । | मन्त्रालयबाट भए गरेका कार्यहरुको वेवसाईटमा सार्वजनिक गर्ने गरिएको तथा मातहतका निकायहरुबाट नियमित सार्वजनिक सुनुवाई भई रहेको । |
| ४ | आन्तरिक नियन्त्रण कार्यविधि । | आन्तरिक नियन्त्रण कार्यविधि बनाई लागू गरेको । |

| क्र.सं. | विवरण | कार्यान्वनयको अवस्था |
|---|---|---|
| ५ | सूचना प्रविधि प्रयोग । | मन्त्रालय सञ्चालनमा (PAMS, office Automation, GIOMS) प्रयोग भई रहेको । |
| ६ | गुनासो व्यवस्थापन । | गुनासो व्यवस्थापन आ.व. ०८०/०८१ मा मन्त्रालयमा कार्यरत अधिकृत आठौं तहका कर्मचारीलाई गुनासो सुन्ने अधिकारी तोकी श्री अख्तियार दूरुपयोग अनुसन्धान आयोग, हेल्लो सरकार लगायतका निकायहरुबाट आएको गुनासोहरु (आ.व. ०८०/०८१ मा २४ वटा) सम्बोधन गरिएको । उजुरी/गुनासो पेटिकाको राखिएको र नियमित खोलेर जाँच गरिएको । |
| ७ | अनुगमन मूल्याङ्कन विवरण । | मन्त्रालयबाट अन्तरगतका निकायहरुको नियमित अनुगमन गरी पृष्ठपोषण तथा सहजीकरण गरिएको । प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०७७ को नियम ३१ मा भएको व्यवस्था अनुसार मिति २०८०/०३/२५ गतेदेखि २८ गतेसम्म श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय तथा यस मन्त्रालयको सचिवहरु र भौतिक पूर्वाधार विकास मन्त्रालयको उप सचिव समेतको टोलीबाट संयुक्त अनुगमन गरी पृष्णपोषण गरिएको । |
| ८ | जिन्सि निरीक्षण तथा लिलामको अवस्था । | कानूनमा उल्लेख भएको अवधिभित्र जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरिएको । जिन्सी सामानको सुरक्षा हुने गरी व्यवस्थापन तथा प्रयोग भएको । लिलाम गर्नुपर्ने/मर्मत गर्नुपर्ने सामानको लगत समेत तयार गरिएको । |
| ९ | वेरुजुको लगत र फछ्यौंटको विवरण । | हालसम्मको जम्मा वेरुजु ४१,८२,४५,६९९.८३ मध्ये करिव ३ करोड सम्परीक्षणको लागि अन्तिम चरणमा रहेको र अन्य वेरुजुको लगत अध्यावधिक गरी फछ्र्यौटको क्रममा रहेको । |
| १० | आर्थिक वर्ष २०८०/०८१ कार्य सम्पादन सम्झौता । | आ.व. ०८०/०८१ को कार्यसम्पादन सम्झौता नभएको । आ.व. ०८१/०८२ को कार्यसम्पादन सम्झौता सम्पन्न भएको । |
| ११ | सरकारी सम्पतिको विवरण (सवारी साधन लगायत, जग्गा तथा भवनको हकमा संरक्षण, साध सीमाना यकिन तथा अतिक्रमण हुन नदिएको विवरण) । | पूर्वाञ्चल क्षेत्रीय वन निर्देशनालय, विराटनगरको नाममा दर्ता कायम रहेको १ विगाहा जग्गा मन्त्रालय तथा डिभिजन वन कार्यालय, मोरङ समेत रहेको । अन्तर्गतका कार्यालयहरुको नाममा रहेको घर जग्गा तथा सवारी साधनको विवरणहरु सम्बन्धित निकाय तथा कार्यालयहरुलाई अनिवार्य सुरक्षित राख्न लगाईएको । |

| क्र.सं. | विवरण | कार्यान्वनयको अवस्था |
|---|---|---|
| १२ | कूल दरवन्दी र पद पूर्तिको अवस्था । | कुल दरबन्दी संख्या १२२५ मध्ये रिक्त दरबन्दी ३६३ रहेकोमा एघारौ तह लगायत वन रक्षकसम्मको पद पूर्तिका लागि माग आकृति फारम सम्बन्धित निकायमा पठाईएको र पदपुर्तिको प्रकृयामा रहेको । |

## ४.७.५ प्रमुख समस्याहरु

| क्र.स. | समस्याहरु | विषयवस्तुहरु |
|---|---|---|
| १ | राष्ट्रिय वनको सीमाना एकीन हुन नसकेको | राष्ट्रिय वनको सीमाना एकीन हुन नसकी वन कार्यालय तथा स्थानीय सरकारहरुबीच क्षेत्राधिकार सम्वन्धी सवालहरु बढदै गएकोले वन ऐन, २०७६ को दफा ४ तथा वन नियमावली, २०७९ को नियम ५ (१) बमोजिम यथाशक्य शीघ्र राष्ट्रिय वन तथा अन्तरप्रादेशिक वनको सीमा निर्धारण गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरिदिन नेपाल सरकार वन तथा वातावरण मन्त्रालय समक्ष अनुरोध गर्ने । |
| २ | भू तथा जलाधार व्यवस्थापन सम्बन्धी सेवा प्रवाहलाई सरलीकृत गर्ने | संघीयता लागु हुनुअघि यस प्रदेशमा १२ वटा जिल्लाहरुमा जिल्ला भू संरक्षण कार्यालयहरु रही सेवा प्रदान गरिरहेकोमा प्रदेश सरकार गठन भएयता संघबाट यस प्रदेशमा २ वटा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुको संगठन संरचना स्वीकृत भई यस मन्त्रालय मातहत हाल सोही प्रकृतिको सेवा प्रदान गर्ने एक जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन इकाई अस्थायी कार्यालयका रुपमा स्वीकृत भई जम्मा ३ वटा कार्यालयहरुबाट कार्यसंचालनमा रहेकोमा प्रदेश सरकारबाट यस मन्त्रालयलाई प्राप्त कार्यजिम्मेवारी पूरा गर्न र भू संरक्षण क्षेत्रगत सेवा प्रवाह गर्न कम्तिमा ४ वटा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु अपरिहार्य रहेकोले थप २ वटा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु स्थायी रुपमा स्थापना गरिनुपर्ने । (प्रदेश सरकारले) |
| ३ | पर्यटन कार्यालयहरु अस्थायी रुपमा रहेको र सगरमाथा कोरिडोर क्षेत्रमा ओखलढुंगाको हर्कपुरमा १ पर्यटन कार्यालय थप गर्नुपर्ने | प्रदेशमा पर्यटन प्रवर्दन विषयक कार्यक्रमहरु कार्यान्वयन गर्न हाल २ वटा (काकडभिट्टा र धरान) मा पर्यटन कार्यालयहरु अस्थायी रुपमा रहेकोमा सगरमाथा कोरिडोर क्षेत्रमा उदयपुरको कटारीमा १ पर्यटन कार्यालय थप गरी ३ वटा स्थायी कार्यालयहरुको स्वीकृति दिनुपर्ने । (प्रदेश सरकारले) |

| क.स. | समस्याहरु | विषयवस्तुहरु |
|---|---|---|
| ४ | डिभिजन वन कार्यालयको प्रमुखलाई अधिकार सहित जिम्मेवारी दिनुपर्ने | प्रदेशको राष्ट्रिय वनमा प्रदेश सरकारको एकल अधिकार कायम हुने भनी नेपालको संविधानमा व्यवस्था (अनुसुची ६ (१९)) भएकोमा वन ऐन,२०७६ जारी भई सो ऐनको दफा २ (ज) मा डिभिजनल वन अधिकृत भन्नाले "नेपाल सरकारले खटाएको डिभिजन वन कार्यालयको प्रमुख सम्झनु पर्दछ" भनी प्रदेश सरकारको अधिकार संकुचित गराई वन सम्वन्धी मुद्दाहरुको अभियोजन वन कार्यालयमा हुन नसकेकोले उक्त दफामा प्रदेश सरकारले खटाएको डिभिजन वन कार्यालयको प्रमुख भनी ऐन संशोधनका लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने । |
| ५ | वातावरणीय प्रदूषण सम्वन्धी क्षेत्राधिकारको विषय | वातावरण प्रदूषण (वायु, ध्वनी, पानी र जमिन) सम्वन्धी क्षेत्राधिकार संघ तथा प्रदेश सरकारको साझा कार्यक्षेत्र भएको हुँदा वातावरणीय प्रदुषण व्यवस्थापन, न्यूनीकरण तथा अनुगमन सम्वन्धमा आवश्यक संस्थागत संरचना, क्षमता विकास तथा कार्यक्रम सहितको बजेट व्यवस्थाका लागि नेपाल सरकार वन तथा वातावरण मन्त्रालय समक्ष अनुरोध गर्ने । |
| ६ | संरक्षित क्षेत्र वाहिरका वन्यजन्तुको अन्तरदेशीय आवतजावत र तिनको बासस्थान तथा जैविक मार्ग संरक्षण | संरक्षित क्षेत्र वाहिर वन्यजन्तु (संरक्षित वन्यजन्तु समेत) को यथोचित संरक्षण र व्यवस्थापनको कार्य प्रदेश सरकार मातहतका डिभिजन वन कार्यालयहरुले गर्दै आईरहेको, यस प्रदेशमा हात्ती र हाब्रे जस्ता संरक्षित वन्यजन्तुको अन्तरदेशीय (नेपाल-भारत) आवतजावत र यिनको बासस्थान तथा जैविक मार्ग संरक्षण र व्यवस्थापनमा प्रदेशभित्र नेपाल सरकार मातहत रहेका संरक्षित क्षेत्रहरु र संरक्षण साझेदारका रुपमा रहेका राष्ट्रिय अन्तर्राष्ट्रिय निकायहरु समेतको एकीकृत प्रयास आवश्यक रहेकोले र वन्यजन्तु संरक्षण एवम् अपराध नियन्त्रणमा अन्तरदेशीय समन्वय अत्यावश्क भएकोले यसमा नेपाल सरकार वन तथा वातावरण मन्त्रालयलाई समन्वय गरी बजेट तथा कार्यक्रम सहित प्रदेश सरकारसँग सहकार्य गर्न अनुरोध गर्ने । |

| क्र.स. | समस्याहरु | विषयवस्तुहरु |
|---|---|---|
| ७ | रतुवामाई वृक्षारोपण आयोजनाको व्यवस्थापन | हाल संघीय सरकार मातहत रहेको यस प्रदेशको झापा जिल्लास्थित रतुवामाई वृक्षारोपण आयोजनाको वन र जग्गाको हैसियत दिनानुदिन खस्कदै गएको, उक्त वनको समुचित व्यवस्थापन गरी उत्पादन अभिवृद्धि गर्न जरुरी रहेको तथा नेपालको संविधानको अनुसूची ६(१९) को प्रावधान बमोजिम उक्त प्रदेशभित्रको राष्ट्रिय वन प्रदेश सरकारकै स्वामित्वमा रहनुपर्ने भएकाले रतुवामाई वृक्षारोपण आयोजनाको क्षेत्राधिकार संविधानतः कोशी प्रदेश सरकारमा हस्तान्तरण हुन नेपाल सरकारलाई अनुरोध गर्ने । |
| ८ | कार्यविस्तृतीकरण प्रतिवेदनमा स्पष्ट नीतिगत तथा कानूनी ब्यवस्था गर्नुपर्ने | संविधानको अनुसूचीहरुमा व्यवस्था भए बमोजिम तिनै तहका सरकारहरुबीच साझा जिम्मेवारीमा रहेका विषयहरुमा (पर्यटन, वन र वातावरणका क्षेत्र) अन्यौलता रहेको हुँदा संघीय सरकारबाट कार्यविस्तृतीकरण प्रतिवेदनमा स्पष्ट रुपमा अधिकार र कार्यजिम्मेवारी तोकी नीतिगत तथा कानूनी ब्यवस्था गर्न नेपाल सरकारलाई अनुरोध गर्ने । |

## ४.८ भौतिक पूर्वाधार विकास मन्त्रालय

नेपालको संविधानले परिकल्पना गरे अनुसारको संघीय संरचनाको कार्यान्वयनको सन्दर्भमा संविधानको भाग १३ मा प्रदेश कार्यपालिका सम्बन्धी भएको व्यवस्था बमोजिम मिति २०७४/११/०३ मा विभिन्न ७ वटा मन्त्रालयसहित प्रदेश मन्त्रिपरिषद्को गठन भएकोमा मिति २०७८/१०/२३ मा साविकको भौतिक पूर्वाधार विकास मन्त्रालय विभाजन भई सडक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको स्थापना भएकोमा हाल प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार यस मन्त्रालयको पुनः भौतिक पूर्वाधार विकास मन्त्रालय नामकरण गरिएको छ । यस मन्त्रालय अन्तर्गत सडक, पुल, भवन तथा सहरी विकास लगायतका आधारभूत भौतिक पूर्वाधारहरुको निर्माण तथा विकास जस्ता कार्यक्षेत्रहरु पर्दछन् ।

### ४.८.१ मन्त्रालयको कार्यक्षेत्र

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ अनुसार भौतिक पूर्वाधार विकास मन्त्रालयको कार्यविवरण यस प्रकार रहेको छः-

१. प्रदेश भित्रको ग्रामिण तथा शहरी विकास योजना तर्जुमा, ग्रामीण तथा शहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत संभार,

२. ग्रामीण तथा शहरी आवास/भवन सम्वन्धी योजनाहरुको कार्यान्वयन र नियमन,

३. प्रदेशस्तरका सरकारी कार्यालयहरुको भौतिक पूर्वाधार निर्माण र व्यवस्थापन सम्वन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,

४. प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन,

५. प्रदेशस्तरमा भवन संहिताको कार्यान्वयन र नियमन,

६. प्रदेशको राजधानी शहरको विकास, योजना तर्जुमा, कार्यान्वयन र संयोजन,

७. भौगर्भिक अध्ययन, सुरक्षित बसोबास, बस्ति एकीकरण र स्थानान्तरण सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,

८. रज्जुमार्ग, जलमार्ग, लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, अयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन,

९. प्रदेश लोकमार्ग सम्वन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत संभार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्वन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा, कार्यान्वयन र नियमन,

१०. सडक, पुल, झोलुङ्गे पुल लगायत अन्य भौतिक पूर्वाधार व्यवस्थापन सम्वन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत संभार, तथ्याङ्क व्यवस्थापन,

११. फोहरमैला व्यवस्थापनमा स्थानीय तहलाई प्राविधिक सहयोग र समन्वय,

१२. आदिबासी, सीमान्तकृत, गरिब, लोपोन्मुख, जेष्ठ नागरिक लक्षित आवास सम्वन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन ।

## ४.८.२ संक्षिप्त वित्तीय विवरण

(रु लाखमा)

| विवरण | बजेट (रु) | खर्च (रु) | प्रगति (%) |
|---|---|---|---|
| वजेट र खर्च | १,३४,९९३.४३ | ९९,७१०.४२ | ७३.८६ |

## ४.८.३ प्रमुख उपलब्धिहरूः

### क) सडक तथा पुल तर्फ

| प्रगति विवरण | इकाई | आ.व.२०८०/०८१ मा निर्माण सम्पन्न | आ.व. २०७५/०७६ देखि २०८०/०८१ सम्म जम्मा निर्माण सम्पन्न |
|---|---|---|---|
| वहुवर्षीय सडक | वटा | १३ | २९ |
| सडक पुल | वटा | १५ | ८९ |

| प्रगति विवरण | इकाई | आ.व.२०८०/०८१ मा निर्माण सम्पन्न | आ.व. २०७५/०७६ देखि २०८०/०८१ सम्म जम्मा निर्माण सम्पन्न |
|---|---|---|---|
| झोलुङ्गे पुल | वटा | ४१ | २०० |
| मर्मत | कि.मि. | ९३.१४ | १११७.०७ |
| ग्राबेल | कि.मि. | २०६.०१ | १३६१.१६ |
| कच्ची | कि.मि. | १९८.५१ | ११९९.४४ |
| RCC/PCC | कि.मि. | ८.१८ | २२.४१ |
| सोलिङ | कि.मि. | ५३.६५ | ९३.०४ |
| कालोपत्रे | कि.मि. | १२६.६९ | ५५०.८९ |
| ट्र्याक ओपन | कि.मि. | ४४.१६ | ३९७.०५ |

**ख) भवन तथा सहरी विकास तर्फ**

| निर्माण संरचना | इकाई | आ.व. २०८०/०८१ मा निर्माण सम्पन्न | आ.व. २०७५/०७६ देखि २०८०/०८१ सम्म जम्मा निर्माण सम्पन्न |
|---|---|---|---|
| सामुदायिक/ सभा हल भवन निर्माण | वटा | ११२ | २१७ |
| सरकारी भवन निर्माण | वटा | २७ | ६० |
| खेलकुद पूर्वाधार निर्माण | वटा | २६ | ७६ |
| एकीकृत वस्ती विकास | वटा | १६ | ७० |
| जनता आवास कार्यक्रम | वटा | १०८२ | ५६३३ |
| सहरी सडक (ढलान) | कि.मि | २३.०१ | ६०.५१ |
| सहरी सडक (कालोपत्रे) | कि.मि | ४.१४ | २२.१४ |
| पार्क निर्माण | वटा | १० | ५६ |
| बसपार्क निर्माण | वटा | ६ | २४ |
| गेट/ भ्युटावर निर्माण | वटा | २ | १३ |



| निर्माण संरचना | इकाई | आ.व. २०८०/०८१ मा निर्माण सम्पन्न | आ.व. २०७५/०७६ देखि २०८०/०८१ सम्म जम्मा निर्माण सम्पन्न |
|---|---|---|---|
| प्रहरी भवन निर्माण | वटा | १ | ३० |
| अन्य पूर्वाधार निर्माण | वटा | ७२ | ११४ |
| मर्मत सम्भार | वटा | ७७ | २२५ |
| डी.पी.आर | वटा | ४३ | १६८ |

### ४.८.४ सुशासन सम्बन्धी विविध विषयहरुः

| क्र.सं. | विवरण | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | पदीय वा पेशागत आचरण । | यस मन्त्रालयमा हालसम्म पदीय वा पेशागत आचरण बनाई लागू गरिएको छैन । |
| २ | नागरिक वडापत्र लागू गरेको विवरण । | यस मन्त्रलायको कार्यक्षेत्र तथा यस मन्त्रालयबाट प्रवाह हुने सेवाको प्रकृति, सेवाग्राहीको प्रकृति, लाग्ने समय, आवश्यक कागजातहरु, जिम्मेवार पदाधिकारी एवम् गुनासो सुन्ने अधिकारी समेत तोकी सबैले देख्न र पढ्न सक्ने गरी नागरिक बडापत्र लागू गरिएको छ र Digital Citizen Charter समेत तयार गर्ने प्रक्रियामा रहेको छ । |
| ३ | सार्वजनिक सुनुवाई । | मन्त्रालयम मार्फत विकास निर्माण एवम् सार्वजनिक सेवा प्रवाह सम्बन्धित कुनै पनि प्रत्यक्ष कार्य सम्पादन नहुने भएकोले यस मन्त्रालयको सार्वजनिक सुनुवाई नभएको ।<br>मातहतका निकायहरुले सम्बन्धित कार्यविधिको व्यवस्था अनुरुप सडक, पुल तथा सहरी विकास र भवन तर्फका विकास निर्माणसम्बद्ध आयोजनाहरुमा सार्वजनिक सुनुवाई कार्यक्रम गरी सम्बन्धित पृष्ठपोषण र सुझाव समेत लिने गरिएको छ । |
| ४ | आन्तरिक नियन्त्रण कार्यविधि बनाई लागू गरेको । | आन्तरिक नियन्त्रण कार्यविधिको मसौदा तयार गरी सबै शाखा/महाशाखाको राय/सुझाव संकलन गर्ने कार्य भइरहेको छ । मातहतका निकायहरुलाई समेत वार्षिक प्रगति समीक्षा एवम् विभिन्न कार्यक्रममा आन्तरिक नियन्त्रण प्रणाली लागू गर्नका लागि प्रदेश सचिवबाट समय समयमा निर्देशन भएको छ । |

<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>कार्यान्वयनको अवस्था</th></tr>
<tr><td>५</td><td>सूचना प्रविधि प्रयोग ।</td><td>यस मन्त्रालयमा PAMS प्रयोगमा ल्याइएकोमा महालेखा नियन्त्रक कार्यालयबाट सञ्चालनमा ल्याइएको कार्यान्वयनको प्रारम्भिक चरणमा रहेको छ । नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट सञ्चालित GIOMS समेत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्राविधिक समन्वय र सहजीकरणमा २०८१ साल श्रावण १५ गतेबाट प्रारम्भिक रुपमा प्रयोगमा ल्याइएको छ ।</td></tr>
<tr><td>६</td><td>गुनासो व्यवस्थापन ।</td><td>गुनासो सुनुवाई तथा संबोधनको लागि मन्त्रालयमा गुनासो सुन्ने अधिकारीको रुपमा अधिकृत आठौं श्री रविन कार्कीलाई तोकिएको छ । हेल्लो सरकारबाट प्राप्त गुनासो समेत संबोधन गर्ने व्यवस्था गरिएको छ ।</td></tr>
<tr><td>७</td><td>अनुगमन मूल्याङ्कन विवरण ।</td><td>यस मन्त्रालय मातहतका पूर्वाधार विकास कार्यालयहरुबाट सञ्चालित सडक, पुल, झोलुङ्गे पुल र शहरी विकास तथा भवन कार्यालयहरुबाट सञ्चालित भवन एवम् सहरी पूर्वाधारको प्राविधिक रुपमा नियमित अनुमगन हुने गरेको छ ।</td></tr>
<tr><td>८</td><td>जिन्सि निरीक्षण तथा लिलामको अवस्था ।</td><td>यस आ.व.मा जिन्सी निरीक्षण भएको ।<br>जिन्सी सामग्रीको लिलामी नगरिएको ।</td></tr>
<tr><td>९</td><td colspan="2">वेरुजुको लगत र फस्यौंटको विवरण ।
<table>
<tr><th>आ.व.२०७८/०७९ सम्मको बेरुजु (रु.)</th><th>बेरुजु फस्यौंट (रु.)</th><th>आ.व. २०७९/०८० को बेरुजु (रु.)</th><th>आ.व.२०७९/०८० सम्मको बेरुजु (रु.)</th></tr>
<tr><td>३,१३,६५,०४३.२७</td><td>२९,९९,५५४.५७</td><td>७,३२,०२६</td><td>२,९०,९७,५१४.७०</td></tr>
</table></td></tr>
<tr><td>१०</td><td>आर्थिक वर्ष २०८०/०८१ कार्य सम्पादन सम्झौता ।</td><td>आर्थिक वर्ष २०८०/०८१ कार्यसम्पादन सम्झौता नभएको ।</td></tr>
<tr><td>११</td><td>सरकारी सम्पतिको विवरण (सवारी साधन लगायत, जग्गा तथा भवनको हकमा संरक्षण, साध सीमान यकिन तथा अतिक्रमण हुन नदिएको विवरण) ।</td><td>• जग्गा तथा भवनको हकमा संरक्षण,साध सीमाना यकिन तथा अतिक्रमण हुन नदिएको<br>• चारपाङ्ग्रे सवारी साधन -८ वटा<br>• दुईपाङ्ग्रे सवारी साधन -१८ वटा<br>• यस मन्त्रालयको नाममा जग्गा तथा भवनको स्वामित्व हस्तान्तरण नभएको</td></tr>
</table>

| क्र.सं. | विवरण | कार्यान्वयनको अवस्था | | | |
|---|---|---|---|---|---|
| १२ | **कूल दरवन्दी र पद पूर्तिको अवस्था ।** | | | | |
| | कुल दरबन्दी संख्या | स्थायी दरबन्दी संख्या | अस्थायी दरबन्दी संख्या | पदपूर्ति संख्या | रिक्त संख्या |
| | २५१ | २३६ | १५ | १४९ | १०२ |

### ४.८.५ प्रमुख समस्याहरु

- स्वीकृत दरबन्दी बमोजिमको प्राविधिक जनशक्तिको पदपूर्ति नभएको,
- कार्यालयको प्रशासनिक भवनको अपर्याप्तता,
- मन्त्रालय तथा मातहतका निकायहरुको कार्यबोझ अनुरुपको संगठन तथा व्यवस्थापन सर्वेक्षण नभएको,
- कर्मचारीहरुमा पुल,सडक एवम् भवन निर्माणसम्बन्धी जटिल र नवीनतम् प्रविधिसम्बन्धी पर्याप्त दक्षता र क्षमताको विकास नभएको,
- हालसम्म पनि यस मन्त्रालयको प्रादेशिक सडक सञ्जाल गुरुयोजना (PRNMP) तर्जुमा नभएको हुँदा आयोजना छनौटमा समस्या भएको,
- आयोजनाहरुको माग बमोजिम यस मन्त्रालयको बजेट सिलिङ न्युन भएको ।

## ४.९ खानेपानी, सिचाई तथा उर्जा मन्त्रालय

नेपालको संविधानले परिकल्पना गरे अनुसारको संघीय संरचनाको कार्यान्वयनको सन्दर्भमा प्रदेशस्तरको खानेपानी, सिंचाई, उर्जा, विद्युत, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापनसम्वन्धी अध्ययन, अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत संभार, समन्वय र नियमन गर्ने उद्देश्यले प्रदेश सरकारको मिति २०७८/१०/२३ को निर्णयानुसार खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालयको स्थापना भएको छ ।

### ४.९.१ मन्त्रालयको कार्यक्षेत्र

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ अनुसार खानेपानी, सिचाई तथा उर्जा मन्त्रालयको कार्यविवरण यस प्रकार रहेको छः-

१. प्रदेशस्तरको खानेपानी, सिंचाई, उर्जा तथा जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्वन्धी अध्ययन, अनुसन्धान, नीति, कानून, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत संभार, समन्वय र नियमन,

२. प्रदेशस्तरमा खानेपानी, सिंचाई तथा उर्जा सम्वन्धी सेवाको गुणास्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन,

३. खानेपानी, सिंचाई तथा उर्जा सेवा बिस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्वन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन,

४. राष्ट्रिय जलस्रोत नीति र संघीय योजना बमोजिम प्रदेश सीमा नदीका जल उपयोग सम्वन्धी आयेजनाको, पहिचान, निर्माण, सञ्चालन, संभार र व्यवस्थापन,

५. प्रदेशको जलश्रोत उपयोग, नदी नियन्त्रण तथा संरक्षण सम्वन्धी योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन,

६. प्रदेशको जलश्रोत उपयोग हुने आयोजनाहरुको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय,

७. प्रदेशमा जलाधार संरक्षण तथा जल उपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन,

८. जल गुणस्तर सम्वन्धी प्रयोगशाला व्यवस्थापन,

९. खानेपानीको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन,

१०. स्वच्छ खानेपानी सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्वन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

११. सबैलाई स्वच्छ खानेपानीको उपलव्धता र स्वच्छ खानेपानीमा पहुँचको सुनिश्चितता,

१२. ढल निकास तथा सरसफाई व्यवस्थापन ।

## ४.९.२ संक्षिप्त वित्तीय विवरण

| सि. नं. | खर्च शिर्षक | बजेट/खर्च रु. हजारमा | | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| | | विनियोजित | खर्च | | |
| १ | चालु | ४,६६,७०१ | ३,७९,८७२ | ८१.४०% | |
| २ | पूँजीगत | ५१,८५,६६५ | ४८,८४,६०३ | ९४.१९% | |
| ३ | वित्तीय | १०,००० | | ०.००% | |
| जम्मा | | ५६६२३६६ | ५२६४४७५ | ९२.९७% | |



## कार्यालयगत विनियोजित बजेट र खर्चको विवरण (सिंचाई तर्फ)

आर्थिक वर्ष २०८०/८१ (पूँजीगत)

| क्र. सं. | कार्यालयको नाम | बजेट रु हजारमा | | खर्च प्रतिशत | भौतिक प्रगति | सम्पन्न योजना संख्या |
|---|---|---|---|---|---|---|
| | | विनियोजित | खर्च | | | |
| १ | जलश्रोत तथा सिंचाइ विकास डिभिजन, ताप्लेजुङ | १७१,५८२ | १६३,६२९ | ९५.३६% | ९५.०० | ३ |
| २ | जलश्रोत तथा सिंचाइ विकास डिभिजन, पाँचथर | १६३,९४० | १६१,५५३ | ९८.५४% | १००.०० | १ |
| ३ | जलश्रोत तथा सिंचाइ विकास डिभिजन, इलाम | २४३,३१२ | २३९,८६४ | ९८.५८% | १००.०० | |
| ४ | जलश्रोत तथा सिंचाइ विकास डिभिजन, संखुवासभा | १०५,८०२ | ७५,०२६ | ७०.९१% | ९६.६९ | |
| ५ | जलश्रोत तथा सिंचाइ विकास डिभिजन, तेह्रथुम | १४९,४१४ | १३३,२५७ | ८९.१९% | ९२.०० | |
| ६ | जलश्रोत तथा सिंचाइ विकास डिभिजन, धनकुटा | १०२,७९९ | ९७,३०७ | ९४.६६% | ९५.०० | ३ |
| ७ | जलश्रोत तथा सिंचाइ विकास डिभिजन, भोजपुर | ९७,१९८ | ७७,७९९ | ८०.०४% | ९५.०० | |
| ८ | जलश्रोत तथा सिंचाइ विकास डिभिजन, खोटाङ | १७०,६४२ | १३६,३४५ | ७९.९०% | १००.०० | |

| क्र. सं. | कार्यालयको नाम | बजेट रु हजारमा | | खर्च प्रतिशत | भौतिक प्रगति | सम्पन्न योजना संख्या |
|---|---|---|---|---|---|---|
| | | विनियोजित | खर्च | | | |
| ९ | जलश्रोत तथा सिंचाइ विकास सब-डिभिजन, सोलुखुम्बु | ७२,५०७ | ७२,२५१ | ९९.६५% | १००.०० | २ |
| १० | जलश्रोत तथा सिंचाइ विकास डिभिजन, ओखलढुङ्गा | १६९,४८४ | १५९,३२९ | ९४.०१% | १००.०० | |
| ११ | जलश्रोत तथा सिंचाइ विकास डिभिजन, उदयपुर | १७८,३६५ | १७०,१५४ | ९५.४०% | ९८.०० | |
| १२ | जलश्रोत तथा सिंचाइ विकास डिभिजन, झापा | ३२१,९४८ | २९०,७३८ | ९०.३१% | ९५.०० | |
| १३ | कन्काई सिंचाई व्यवस्थापन कार्यालय, झापा | १०४,०७४ | ९९,२५७ | ९५.३७% | ९८.४० | |
| १४ | जलश्रोत तथा सिंचाइ विकास डिभिजन, मोरङ | ३८६,३९३ | ३६०,१४३ | ९३.२१% | ९७.७२ | ३ |
| १५ | भूमिगत जलश्रोत तथा सिंचाइ विकास डिभिजन, मोरङ | १८०,३२५ | १७२,४५५ | ९५.६४% | १००.०० | १८ |
| १६ | चन्दा मोहना सिंचाइ व्यवस्थापन कार्यालय, मोरङ | ५९,७९१ | ५९,५६० | ९९.६१% | १००.०० | |
| १७ | जलश्रोत तथा सिंचाइ विकास डिभिजन, सुनसरी | २८६,४८४ | २२३,२६१ | ७७.९३% | ९३.०० | |
| | कूल जम्मा | २,९६४,०६० | २,६९१,९२८ | ९०.८२% | ९७.४० | ३०.०० |



## कार्यालयगत विनियोजित बजेट र खर्चको विवरण (खानेपानी तर्फ)

आर्थिक वर्ष २०८०/८१ (पूँजीगत)

| क्र. सं. | कार्यालयको नाम | बजेट रु हजारमा | | वित्तीय प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| | | विनियोजित | खर्च | | |
| १ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, पाँचथर | ३२९,००१ | ३२६,५८२ | ९९.२६% | १००% |
| २ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, धनकुटा | २१०,८१० | १९८,४७३ | ९४.१५% | १००% |
| ३ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, भोजपुर | २८४,६२८ | २८४,१६५ | ९९.८४% | १००% |
| ४ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, खोटाङ | ३००,७५३ | २९३,४७३ | ९७.५८% | १००% |
| ५ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, ओखलढुङ्गा | २१६,४०५ | २११,४५१ | ९७.७१% | १००% |
| ६ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, झापा | ४९५,५७४ | ४९२,३९७ | ९९.३६% | १००% |
| ७ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सुनसरी | ३४८,०८१ | ३४५,२२० | ९९.१८% | १००% |
| कूल जम्मा | | २,१८५,२५२ | २,१५१,७६१ | ९८.४७% | ९९.५७% |

### ४.९.३ प्रमुख उपलब्धिहरूः

#### क. खानेपानी तथा सरसफाई तर्फ

| उपलब्धिको विवरण | इकाई | आ.व.२०८०/०८१ सम्म हासिल उपलब्धी |
|---|---|---|
| आधारभूत खानेपानी पुगेको जनसंख्या | प्रतिशत | ९२.१८ |
| आधारभूत सरसफाई सुविधा पुगेको जनसंख्या | प्रतिशत | ९७.८३ |

**ख. सिंचाइ तथा नदि नियन्त्रण तर्फ**

| उपलब्धिको विवरण | इकाई | आ.व.२०८०/०८१ मा हासिल उपलब्धी | आ.व. २०७५/०७६ देखि २०८०/०८१ सम्मको हासिल उपलब्धी |
|---|---|---|---|
| कृषि योग्य भूमिमा दिगो र भरपर्दो सिँचाइ सुविधा विस्तार | प्रतिशत | १०.० | ४५.०० |
| थप सिँचित क्षेत्र विस्तार | हे. लाखमा | ०.०२१ | ३.३० |
| विद्यमान सिँचाइ आयोजनाको उपयोग | प्रतिशत | ५० | ६० |
| कृषक व्यवस्थित सिँचाइ प्रणाली सुदृढीकरण | हे. लाखमा | ०.०६३ | २.७० |
| जल उत्पन्न प्रकोपबाट प्रभावित परिवार | संख्या | ५०० | १६७५ |
| जल उत्पन्न प्रकोप न्यूनीकरण (जमिन उकास) | हेक्टर | २५५ | १४०० |
| निर्मित तटबन्ध | कि.मि | २२.९० | ३०० |
| पहिरो रोकथाम | संख्या | ८३ | ५० |
| बाढीबाट जोखिममा भएका बस्तीको संरक्षण | वटा | २०० | १००० |

**ग. ऊर्जा विकास तर्फ**

| सि.नं. | उपलब्धीको विवरण | इकाई | आ.व. २०८०/०८१ हासिल उपलब्धी |
|---|---|---|---|
| १ | विद्युत चार्जिङ स्टेसन निर्माण | वटा | ३ |
| २ | सौर्य उर्जा प्रविधि जडान (१५ कि.वा.) | वटा | १ |

## ४.९.४ सुशासन सम्बन्धी विविध विषयहरुः

| क्र.सं. | विवरण | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | पदीय वा पेशागत आचरण । | यस मन्त्रालयमा हालसम्म पदीय वा पेशागत आचरण बनाई लागू गरिएको छैन । |

| क्र.सं. | विवरण | कार्यान्वयनको अवस्था |
|---|---|---|
| २ | नागरिक वडापत्र लागू गरेको विवरण । | मन्त्रलायको कार्यक्षेत्र तथा यस मन्त्रालयबाट प्रवाह हुने सेवाको प्रकृति, सेवाग्राहीको प्रकृति, लाग्ने समय, आवश्यक कागजातहरु, जिम्मेवार पदाधिकारी एवम् गुनासो सुन्ने अधिकारी समेत तोकी सबैले देख्न र पढ्न सक्ने गरी नागरिक बडापत्र लागू भई सकेको छैन । Citizen Charter तयार गर्ने प्रक्रियामा रहेको छ । |
| ३ | सार्वजनिक सुनुवाई । | मन्त्रालय मार्फत नविकरणीय ऊर्जा सम्बन्धि कार्य सम्पादन हुने भएकोमा सार्वजनिक सुनुवाई नभएको र मातहतका निकायहरुले सम्बन्धित कार्यविधिको व्यवस्था अनुरुप खानेपानी, सिंचाइ तथा नदि नियन्त्रण तर्फका विकास निर्माणसम्बद्ध आयोजनाहरुमा सार्वजनिक सुनुवाई कार्यक्रम गरी सम्बन्धित पृष्ठपोषण र सुझाव समेत लिने गरिएको छ । |
| ४ | आन्तरिक नियन्त्रण कार्यविधि बनाई लागू गरेको । | आन्तरिक नियन्त्रण कार्यविधिको मस्यौदा तयार गरी सबै शाखा/महाशाखाको राय/सुझाव संकलन गर्ने कार्य भइरहेको छ । मातहतका निकायहरुलाई समेत वार्षिक प्रगति समीक्षा एवम् विभिन्न कार्यक्रममा आन्तरिक नियन्त्रण प्रणाली लागु गर्नका लागि सचिवबाट निर्देशन भएको छ । |
| ५ | सूचना प्रविधि प्रयोग । | यस मन्त्रालयमा साविकमा PAMS प्रयोगमा ल्याइएकोमा हालै महालेखा नियन्त्रक बाट सञ्चालनमा ल्याइएको PAMS V2 कार्यान्वयनको प्रारम्भिक चरणमा रहेको छ भने Office Automation अन्तर्गत नेपाल सरकार, सूचना प्रविधि मन्त्रालय, सिंहदरबारबाट सञ्चालित GIOMS समेत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्राविधिक समन्वय र सहजीकरणमा प्रारम्भिक रुपमा प्रयोगमा आएको छ । |
| ६ | गुनासो व्यवस्थापन । | गुनासो सुनुवाई तथा संबोधनको लागि मन्त्रालयमा गुनासो सुन्ने अधिकारीको रुपमा महाशाखा प्रमुख श्री संजय कुमार पोखरेललाई तोकिएको छ । हेलो सरकारबाट प्राप्त गुनासो समेत संबोधन गर्ने व्यवस्था गरिएको छ । |
| ७ | अनुगमन मूल्याङ्कन विवरण । | यस मन्त्रालय मातहतका सम्बन्धित कार्यालयहरुबाट सञ्चालित खानेपानी, सिंचाइ तथा नदि नियन्त्रण कार्यहरुको नियमित अनुमगन हुने गरेको छ । |

<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>कार्यान्वयनको अवस्था</th></tr>
<tr><td>८</td><td>जिन्सि निरीक्षण तथा लिलामको अवस्था ।</td><td>जिन्सी निरीक्षण भएको र १ थान दुईपाङ्ग्रे सवारी साधनको लिलामी गर्नुपर्ने ।</td></tr>
<tr><td>९</td><td colspan="2">वेरुजुको लगत र फस्र्यौटको विवरण ।
<table>
<tr><th>बेरुजु (रु.)</th><th>फस्र्यौट रकम रु</th><th>बाँकी बेरुजु (रु.)</th></tr>
<tr><td>१,५७,६९,२१,००६/-</td><td>४२,४५,००,८८८/-</td><td>१,१५,१५,२०,११८/-</td></tr>
</table></td></tr>
<tr><td></td><td>आर्थिक वर्ष २०८०/०८१ कार्य सम्पादन सम्झौता ।</td><td>कार्यसम्पादन सम्झौता नभएको ।</td></tr>
<tr><td>११</td><td>सरकारी सम्पतिको विवरण (सवारी साधन लगायत, जग्गा तथा भवनको हकमा संरक्षण, साँध सीमाना यकिन तथा अतिक्रमण हुन नदिएको विवरण) ।</td><td>• सवारी साधन लगायत जग्गा तथा भवनको हकमा संरक्षण, साँध सीमाना यकिन तथा अतिक्रमण हुन नदिएको<br>• चारपाङ्ग्रे सवारी साधन -५ वटा<br>• दुईपाङ्ग्रे सवारी साधन -१२ वटा</td></tr>
<tr><td>१२</td><td colspan="2">कूल दरवन्दी र पद पूर्तिको अवस्था ।
<table>
<tr><th>कुल दरबन्दी संख्या</th><th>स्थायी दरबन्दी संख्या</th><th>अस्थायी दरबन्दी संख्या</th><th>पदपूर्ति संख्या</th><th>रिक्त संख्या</th></tr>
<tr><td>३४०</td><td>३४०</td><td>३३</td><td>१८२</td><td>१५८</td></tr>
</table></td></tr>
</table>

### ४.९.५ प्रमुख समस्याहरु

- स्वीकृत दरबन्दी बमोजिमको प्राविधिक जनशक्तिको पूर्णरुपमा पदपूर्ति नभएको ।
- कार्यालयको प्रशासनिक भवनको अपर्यासता रहेको ।
- मन्त्रालय तथा मातहतका निकायहरुको कार्यबोझ अनुरुपको संगठन तथा व्यवस्थापन सर्वेक्षण नभएको ।
- मन्त्रालयको संगठनात्मक ढाँचा परिमार्जन गरी ऊर्जा विकास महाशाखाको छुट्टै व्यवस्था हुनुपर्ने ।
- आयोजनाहरुको माग बमोजिम यस मन्त्रलायको बजेट सिलिङ न्युन भएकोले आवधिक योजनाको लक्ष्य अनुसार प्रगति हाँसिल हुन नसकेको ।

## ४.१० कोशी प्रदेश सभा सचिवालय

नेपालको संविधान जारी भए पश्चात पहिलोपटक तत्कालिन प्रदेश नं. १ हाल कोशी प्रदेशको प्रदेश



सभा सदस्यको निर्वाचन सम्पन्न भई संविधानको धारा १७६ बमोजिम प्रदेश सभा गठन भएको हो । प्रदेश सभाको काम कारवाहिलाई व्यवस्थित ढङ्गले संचालन गर्नको लागि मिति २०७४ माघ १७ गते साबिक जिल्ला विकास समितिको कार्यालय, विराटनगरको भवनमा प्रदेश सभा सचिवालय स्थापना भएको हो । प्रदेश सभाको पहिलो कार्यकालमा मिति २०७४ माघ २२ गते प्रदेश सभाको पहिलो बैठक बसी कार्य प्रारम्भ भएकोमा सो कार्यकालमा जम्मा दशवटा अधिवेशन सम्पन्न भएको थियो भने हाल दोस्रो कार्यकालको अवस्थमा रहेको छ ।

## ४.१०.१ संक्षिप्त वित्तीय विवरण

| | विनियोजित बजेट | खर्चको अवस्था | खर्च प्रतिशत |
|---|---|---|---|
| चालुतर्फ | २४,१६,५०,००० | १९,५९,११,४९१.१३ | ८१.०७ |
| पूँजीगततर्फ | १,०८,००,००० | ३८,६१,७२६.८७ | ३५.७५ |
| जम्मा | २५,२४,५०,००० | १९,९७,७३,२१८.०० | ७९.१३ |

## ४.१०.२ प्रमुख उपलब्धिहरु

- प्रविधिको प्रयोग गरेर कार्यप्रक्रियामा सरलीकरण भएको ।
- आ.व. ०८०/०८१ मा ७ वटा कानूनहरु प्रदेश सभाबाट पारित भएको ।

## ४.१०.३ सुशासन सम्बन्धी विविध विषयहरुः

| क्र.सं. | विवरण | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | पदीय वा पेशागत आचरण । | प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन,२०७६ को दफा २२ बमोजिम पदीय वा पेशागत आचरण तयारीको चरणमा रहेको । |
| २ | नागरिक वडापत्र लागू गरेको विवरण । | सचिवालयको कामको प्रकृतिअनुसार नागरिक बडापत्रको आवश्यकता नपर्ने हुनाले प्रयोगमा नल्याईएको । |
| ३ | सार्वजनिक सुनुवाई । | प्रदेश सभाका माननीय सदस्यहरुको समुपस्थितिमा UNDP को सहयोग एवम् संसदीय पत्रकार मञ्चको सहकार्यमा मोरङ जिल्लाका केही स्थानीय तहहरुमा गरिएको । |
| ४ | आन्तरिक नियन्त्रण कार्यविधि बनाई लागू गरेको । | आन्तरिक नियन्त्रण कार्यविधि तयारीको चरणमा रहेको । |
| ५ | सूचना प्रविधि प्रयोग । | PAMS, GIOMS लगायत प्रविधिहरुको प्रयोग गरिएको छ । PAMS को तालिममा कर्मचारीहरुलाई सहभागी गराइएको । |

<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>कार्यान्वयनको अवस्था</th></tr>
<tr><td>६</td><td>गुनासो व्यवस्थापन ।</td><td>गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको ।</td></tr>
<tr><td>७</td><td>अनुगमन मूल्याङ्कन विवरण ।</td><td>विषयगत समितिहरुले बेलाबेलामा स्थलगत अनुगमन गरी प्रतिवेदन समेत पेश गर्ने गरेको र सोको विस्तृत वार्षिक प्रतिवेदन प्रदेश सभामा पेश हुने गरेको ।</td></tr>
<tr><td>८</td><td>जिन्सि निरीक्षण तथा लिलामको अवस्था ।</td><td>जिन्सी निरीक्षणको कार्य सम्पन्न भएको र सोको प्रतिवेदनको आधारमा लिलामी समेत हुने गरेको ।</td></tr>
<tr><td>९</td><td colspan="2">बेरुजुको लगत र फस्यौंटको विवरण ।
<table>
<tr><th colspan="3">बेरुजुको अवस्था</th></tr>
<tr><th>नियमित गर्नुपर्ने</th><th>असूल गर्नुपर्ने</th><th>जम्मा</th></tr>
<tr><td>२,१४,९६,२९०/-</td><td>३७,६२,३८७/-</td><td>२,५२,५८,६७७/-</td></tr>
</table></td></tr>
<tr><td>१०</td><td colspan="2">आर्थिक वर्ष २०८०/०८१ कार्य सम्पादन सम्झौता । - नगरेको</td></tr>
<tr><td>११</td><td colspan="2">सरकारी सम्पतिको विवरण (सवारी साधन लगायत, जग्गा तथा भवनको हकमा संरक्षण, साँध सीमाना यकिन तथा अतिक्रमण हुन नदिएको विवरण) ।
<table>
<tr><th>सि.नं.</th><th>सवारी साधनको प्रकार</th><th>संख्या</th></tr>
<tr><td>१</td><td>जिप</td><td>१८</td></tr>
<tr><td>२</td><td>पिकअप</td><td>१</td></tr>
<tr><td>३</td><td>मो.सा.</td><td>२४</td></tr>
<tr><td>४</td><td>स्कुटर</td><td>५</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४६</td></tr>
</table></td></tr>
<tr><td>१२</td><td>कूल दरवन्दी र पद पूर्तिको अवस्था ।</td><td>कूल दरबन्दी -८९, पदपूर्ति -५७ रिक्त -३२ ।</td></tr>
</table>

## ४.१०.४ प्रमुख समस्याहरु

- पर्याप्त भौतिक संरचना नभएका कारण समितिका बैठकहरु तथा सभा र सचिवालयको अन्य कामकाजमा कठिनाई महसुस गरिएको ।
- प्रशासनिक स्वायत्तता र आर्थिक स्वायत्तता नहुँदा व्यवस्थापिका माथि कार्यपालिकाको प्रभाव बढ्न सक्ने ।



## ४.११ प्रदेश योजना आयोग

प्रदेश योजना आयोग (कार्य सञ्चालन तथा गठन) आदेश, २०७५ अनुसार प्रदेश योजना आयोगको गठन भएको हो । प्रदेश योजना आयोग मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत रहेर प्रदेशको विकास योजना तथा नीति तर्जुमामा सल्लाह सुझाव दिने निकाय हो । यसले आर्थिक विकासको निमित्त स्रोत साधनको व्यवस्था गर्ने तथा विनियोजन गर्ने कार्यमा समन्वय र सहजीकरण गर्दछ । यसले विकास योजना, नीति तथा कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन, विकास नीति र कार्यक्रमहरू कार्यान्वयनको लागि सहजीकरण गर्दछ । यसैगरी प्रदेशको आर्थिक विकास सम्बद्ध विषयहरूमा विचार आदानप्रदान, बहस, छलफल र अन्तरक्रियाका लागि एउटा मञ्चको रूपमा कार्य गर्दछ । आयोगमा माननीय मुख्यमन्त्री अध्यक्ष, उपाध्यक्ष एक जना, सदस्यहरू चार जना र एक जना सदस्य सचिव रहने व्यवस्था छ ।

### ४.११.१ संक्षित वित्तीय विवरण

| क्र.सं. | विवरण | वार्षिक विनियोजन | वार्षिक खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | विनियोजन तथा खर्च | ५०,३१०,०००/- | २६,४४७,२३८.११/- | ५२.५६ |

### ४.११.२ प्रमुख कार्यहरु

- दोस्रो आवधिक योजना (२०८१/०८२-२०८५/०८६) स्वीकृत भई कार्यान्वयनमा रहेको ।
- प्रदेशस्तरीय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन,२०८० स्वीकृत भई कार्यान्वयनमा रहेको ।
- आयोजना बैंक संचालन प्रकृयामा गएको ।

### ४.११.३ सुशासन सम्बन्धी विविध विषयहरुः

| क्र.सं. | विवरण | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा २२ बमोजिम पदीय वा पेशागत आचरण बनाई लागू गरेको । | लागू नभएको । |
| २ | नागरिक वडापत्र लागू गरेको विवरण । | लागू गरेको । |
| ३ | सार्वजनिक सुनुवाई । | नभएको । |
| ४ | आन्तरिक नियन्त्रण कार्यविधि बनाई लागू गरेको । | कार्यविधिको मस्यौदा तयार भई स्वीकृत हुन बाँकी रहेको । |
| ५ | सूचना प्रविधि प्रयोग । | PAMS र E-attendance प्रयोगमा रहेको Office Automation लागि विवरण प्रविष्टि हुँदै गरेको । |
| ६ | गुनासो व्यवस्थापन । | गरिएको । |
| ७ | अनुगमन मूल्याङ्कन विवरण । | समय समयमा आयोजनाहरु अनुगमन गर्ने गरिएको । |

| क्र.सं. | विवरण | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ८ | जिन्सि निरीक्षण तथा लिलामको अवस्था । | जिन्सी निरीक्षण गरिएको, लिलाम नभएको । |
| ९ | वेरुजुको लगत र फस्यौंटको विवरण । | जम्मा बेरुजु रु. २४,४४,७०३/-<br>मध्ये फस्यौंट भएको रकम रु. ८,१७,५४५ र बाँकी बेरुजु रकम रु. १६,२७,१५८ रहेको छ । |
| १० | आर्थिक वर्ष २०८०/०८१ कार्य सम्पादन सम्झौता । | नभएको । |
| ११ | सरकारी सम्पतिको विवरण (सवारी साधन लगायत, जग्गा तथा भवनको हकमा संरक्षण, साध सीमाना यकिन तथा अतिक्रमण हुन नदिएको विवरण) । | • गाडी जम्मा ४ थान रहेको, एक गाडी पूर्णरुपमा क्षति भई स्टोरमा नरहेको ।<br>• मोटरसाइकल/स्कुटर १० थान रहेको । |
| १२ | कूल दरवन्दी र पद पूर्तिको अवस्था । | • जम्मा दरवन्दी -२०<br>• उपसचिव -२ र इन्जिनियर -१ रिक्त । |

### ४.११.४ प्रमुख समस्याहरु

- कर्मचारीको दरबन्दी अनुसार पदपूर्ति नभएको ।
- कार्यालय भवन भाडामा रहेको साथै आवश्यक कोठा नरहेको ।
- बिद्यमान प्रदेश कानूनमा कार्यक्षेत्र बाझिएको ।
- प्राविधिक जनशक्तिका पद रिक्त रहेको ।

## ४.१२ प्रदेश लोक सेवा आयोगसः

आयोगले स्वंयम् प्रतिवेदन पेश गर्ने भएकाले यस प्रतिवेदनमा समावेश गरिएको छैन ।

# परिच्छेद-पाँच
# निष्कर्ष

नेपालको संविधानको भाग ५ धारा ५६ देखि ६० सम्मको व्यवस्था बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्रको मूल मर्म, भावना तथा संविधानको अनुसूची ६, ७ र ९ मा व्यवस्था भए अनुसार प्रदेश सरकारको एकल तथा साझा अधिकारहरुको कार्यान्वयन गर्ने क्रममा कोशी प्रदेश सरकारबाट आर्थिक वर्ष २०८०/८१ मा सम्पादन भएका काम तथा प्राप्त गरेका उपलव्धीहरु साथै सुशासन कायम गर्न गरिएका प्रयत्नलाई समेटेर यो प्रतिवेदन तयार गरिएको छ । संविधान र ऐन कानून बमोजिम आफ्नो जिम्मेवारीहरु प्रभावकारी रुपमा बहन गर्दै प्रदेशवासी तथा अन्य सरोकारवालाहरुलाई सुशासनको प्रत्याभूति गराउन तथा संघ, प्रदेश र स्थानीय तहसँग समन्वय र सहकार्य गरी संघीयता कार्यान्वयनमा प्रदेश सरकार प्रतिवद्ध रहेको छ ।

संविधानले निदिष्ट गरेका अधिकारक्षेत्रलाई संस्थागत गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नको लागि कानून निर्माण गर्ने तथा प्रदेशको सुशासन र समग्र विकासका लागि आर्थिक, भौतिक तथा सामाजिक विकासका गतिविधिहरु अघि बढाएको छ । नेपालको संविधानमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको कार्यान्वयनमा संघीय सरकार र स्थानीय तहबीच पुलको काम गरेको छ ।

प्रदेश सरकारको **"स्वच्छ, सुखी र समुन्नत प्रदेश निर्माण"** गर्ने लक्ष्य बमोजिम सीमित स्रोत साधनको उच्चतम उपयोग गर्दै अझ बढि सकृयताका साथ प्रदेश तथा मुलुकको समग्र विकास, समृद्धि र सुशासन प्रति प्रतिवद्ध रहेको छ ।

# अनुसूची-१

## प्रतिवेदनको मसौदा कार्यदलका सदस्यहरुको नामावली

| क्र.सं. | नामथर | पद | कार्यालय | पदाधिकारी |
|---|---|---|---|---|
| १ | श्री अर्जुन निरौला | उप सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संयोजक |
| २ | श्री सुनिल रेग्मी | कानून अधिकृत | आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| ३ | श्री उषा बराल | अधिकृत छैटौं (लेखा) | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| ४ | श्री जनक वस्नेत | शाखा अधिकृत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| ५ | श्री डिकेन्द्र प्रसाद सुवेदी | शाखा अधिकृत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य-सचिव |

# अनुसूची-२




सगरमाथा दिवस कार्यक्रमकमा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल एवम् माननीय मुख्यमन्त्री हिक्मत कुमार कार्की ।




मिति २०८१/०१/२० गते विराटनगरमा सम्पन्न प्रदेश समन्वय परिषद्को छैटौ बैठक





मिति २०८१/०३/३० गते, आ.व. २०८१/०८२ का लागि मा. मुख्यमन्त्री र प्रमुख सचिवबीच कार्यसम्पादन सम्झौता सम्पन्न ।




भेटेटार, धनकुटामा सार्वजनिक निजी साझेदारी मोडलमा निर्मित भेडेटार स्काइ वाक ।




वेरुजु फस्यौंट सम्बन्धी अभिमूखीकरण कार्यक्रम भेडेटार धनकुटा